

किरात धर्मदर्शनदाता, महान समाज सुधारक तथा राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देन

# अङसीमाङ तथा अङसीमामाङ नुमाङगेन्ना सेवाको सन्देश

संसारलाई सुन्दर फूलबारी बनाउने कल्पना गरेको छु, किरातीहरू एउटै सूत्र र धर्ममा बाँधिनु पर्छ, सत्य कहिल्यै नाश हुदैन, हामीले धर्म, कर्म र ज्ञान पाएको छौं जस्ता सयौं ठाउँमा अनेकौं पटक माङ आशीर्वचन दिँदै आउनु भएका किरात धर्मगुरू महिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेईङज्यू आगामी मंसिर १८ गते ७१ वर्ष पार गरी ७२ वर्षमा प्रवेश गर्दै हुनुहुन्छ। वहाँको शुभ जन्मोत्सवलाई किरात धर्मावलम्बीहरू र किरात धर्ममा आस्था र विश्वास राख्ने संसारभरका भक्तजनहरूले माङगेन्ना चोत्लुङको रूपमा नुमाङगेन्ना मनाउने चलन रहेको छ । संसारभर रहेका किरात धर्मावलम्बीहरूको केन्द्रीय धार्मिकस्थलको रूपमा परिचित इलामको माङसेबुङमा आयोजना गरिने अङसीमाङको जन्मोत्सवको गरिमा र महिमा किरात समुदायमा गहँन मानिन्छ। वहाँको माङगेन्ना चोत्लुङ उठ्नुलाई सारा मानव समुदायको माङगेन्ना चोत्लुङ उठ्को आस्था र विश्वास गर्ने गरिन्छ। यसरी अङसीमाङज्यूको शुभ जन्मोत्सवसँगै मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूहरूको नुमाङगेन्ना मनाउने गरिन्छ। सोही समयलाई उधौली पर्व चेसोक तङनामको रूपमा प्रकृति पूजक किरात धर्मावलम्बीहरूले मान्ने गरेको छ।

त्यसैले गुरू नुमाङगेन्ना सेवाको महत्व बद्दोक्रममा रहेको छ। पछिल्लो केही वर्ष यता नुमाङगेन्ना सेवाको अवसरमा अङसीमाङ तथा अङसीमामाङसँगै सम्पूर्ण भक्तजनहरूले पनि माङगेन्ना गर्ने चलन सुरू भएको छ। किरात धर्मावलम्बीहरूको केन्द्रीय धार्मिक तीर्थस्थलमा सामूहिक माङगेन्ना गर्न पनि देश विदेशका भक्तजनहरू हरेक वर्ष मंसिर १८ र १९ गते माङसेबुङ आउने गरेका छन्। सावायेहाङ माङगेन्नासँगै यो नुमाङगेन्ना सेवामा सावायेहाङ चेसोक सेवा पनि जोडिएकोले बृहत र व्यापक बनेर गएको छ। प्रकृतिपूजक किरात धर्मावलम्बीहरूले हरेक वर्ष मुबेक्वा (उधौली) र खिबेक्वा (उभौली) पर्व मान्ने चलन रहेको छ। आदिमकाल यता मान्दै आएको चलन अनुसार मुबेक्वा सेवामा नयाँ पाकेको अन्न बाली सृष्टिकर्ता तागेरा निङ्वाभूमाङलाई चढाएर मात्र मानव समुदायले उपभोग गर्ने परम्परा रहेको छ। भने, खिबेक्वा सेवामा यो प्रकृतिमा छरपोख गर्न लागिएको बीउविजनलाई पञ्चतत्वसँग सिद्धि शक्ति मागेर मात्र यो पृथ्वीलाई खनजोत गरी बीउविजन छरपोख गर्ने मान्यता रहेको छ। यसरी प्रकृति पूजक किरात समुदायले आदिमकालदेखि मान्दै आएको परम्परागत मान्यताहरूलाई विकास र विस्तार गर्ने क्रममा मुबेक्वा चेसोक सेवालाई व्यापकता दिँदै महिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेईङज्यूको शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूहरूको नुमाङगेन्ना सेवाको रूपमा हरेक वर्ष मंसिर १८ र १९ गते सावायेहाङ नुमाङगेन्ना गरी मनाउने गरिएको छ।

विश्व शान्ति तथा मानव एकताको शंखघोष गरिरहनु भएका मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यू पछिल्लो समय सत्य, शान्ति र एकताको संवाहकको रूपमा सबै माझ् पुज्य हुनु भएको छ। सबैले वहाँमा आस्था र श्रद्धा पोख्ने गरेका छन्। किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङ्देनज्यूको परिपूरकका रूपमा अथवा वहाँको अपूरा, अधूरा कामलाई पूरा गर्न जन्म लिनु भएका अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको शुभजन्मोत्सवको अवसरमा विश्वका मानव समुदायको माङगेन्ना (शीर) उच्च हुन सकोस्। विश्वमा अशान्ति, हत्या हिंसा मात्र हरेक दिन बढ्दै गइरहेको बेला, सत्य र शान्ति थोरै हुन्छ तर सत्य कै विजय हुन्छ भनि अङसीमाङज्यूले आशीवर्चन दिनु भएको छ। सत्य, शान्ति र एकता कायम गर्नका लागि निरन्तर लाग्न सबैलाई वहाँले आग्रह गरिरहनु भएको छ। विश्वमा बढ्दो हत्या हिंसाले संसार आक्रान्त बन्दै गएको अवस्थामा वहाँको नुमाङगेन्ना सेवाले विश्व शान्ति तथा मानव एकताको उद्घोष गरिरहेको छ। सारा मानव समुदायको माङगेन्ना उठोस्, विश्वका मानव समुदायमा सद्भाव र सहिष्णुता कायम रहोस् महिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेईङज्यूको ७२ औं शुभजन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनज्यूको नुमाङगेन्ना एंव चेसोक सेवाको सन्देश यहीँ छ।

पत्रिका तथा अनलाइनका लागि प्रमुख संरक्षक : मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङज्यू तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङदेनज्यू
किरात इङसे
प्रकाशक : किरात इङभो पान्जुम्भो अध्यक्ष : केहेरसिं योङहाङ,
सम्पादक : ज्ञानु केदेम लिम्बू व्यवस्थापक : प्रकाश सावादेन, चन्द्रा सेन्दाङ,
पूर्ण कार्कीढोली, सीमा मुकारुङ, राजेन्द्र खिम्दिङ, नाम फुरुम्बो, लोकबहादुर लिङदेन,
बर्ष ५, अंक २, २०८२ मंसिर
माङसेबुङ ५, इलाम,
Facebook : KIRAT INGSE, पेज : किरात इङ्से, डिजाईन : कैलाश राई, मुद्रण : ओत् प्रिन्टिङ, प्रेस दमक झापा
इमेल kiratingse@gmail.com, dharmkirat@gmail.com
मूल्य रू. ५०/-

# किरात धर्मगुरूज्यूको भविष्यवाणी र यसका सन्देशहरु

## वैज्ञानिकहरुले पृथ्वीको विकल्प खोजिरहेको तर यो सम्भव नहुने



नन्दकुमार नेम्बाङ

### विषय प्रवेश

वि सं २०११ साल मंसिर १८ गते पूर्वी इलामको साविक इभाङ २ (हाल माङसेबुङ २) अगौटेबारीमा बुवा पुण्यप्रसाद लिङ्देन र आमा चन्द्रमाया चेम्जोङ (श्यामजिरी) को कोखबाट वर्तमान किरात धर्मगुरू लिङ्देन आत्मानन्द सेइङज्यूको जन्म भएको थियो। बाल्यकालदेखि नै फरक स्वभाव र हाउभाउ देखिएकाले बोजु जोगमायाले (आत्मा ज्ञान खुलेको मनको कुरा बुझ्ने जान्ने भएकोले) आत्मानन्द नाम राखेका थिए।

त्यसैगरी १३ वर्षको सानै उमेरदेखि जपतप, योगाभ्यास गरेकाले उहाँको नाम बालागुरू रहन थाल्यो। यही सिलसिलामा वि सं २०२७ सालको ६ महिनाको कठोर तपस्याबाट समाधिज्ञान सिद्ध भएपछि मुहिङगुम अङसीमाङको रूपमा भक्तजन तथा बुद्धिजीवीहरूले स्वागत तथा सम्मान गरेका थिए। यही समयदेखि किरात धर्मगुरूज्यूले किरात धर्मको प्रचारप्रसार शुरू गर्नुभएको थियो। त्यसपछि उहाँलाई भक्तजनहरूले महागुरू फाल्गुनन्द लिङ्देनको पुनः अवतारका रूपमा मान्न र पुज्न थालेका हुन। (माङमिङसोहाङ, किरात समाचार २०८१: ७)

वालागुरूका रूपमा चर्चामा रहनुभएका लिङ्देन आत्मानन्द सेइङ आधिकारिक रूपमा किरात धर्मगुरू घोषणा भएसँगै उहाँका संस्थाका प्रतिनिधि र अनुयायीहरूसँग समय समयमा अनौपचारिक भविष्यवाणीहरू थुप्रै गर्नुभएको थियो। तर यसलाई सामान्य जानकारीका रूपमा मात्रै राखियो/राखिएको छ।

उहाँले समय सापेक्ष भूगोल, ब्रह्माण्ड, राजनीतिक परिवर्तन, दैवीप्रकोप, महामारी लगायतका विषयमा अनेकौं भविष्यवाणी गर्नुभएको छ। यी मध्ये ६०% भन्दा धेरै भविष्यवाणीहरू पूरा भइसकेको छ भने कुनै पुग्ने क्रममा र पुग्न बाँकी पनि छन्। यस सन्दर्भमा थेरथोर अघिल्लो अंक (किरात समाचार ०८१ मंसिर १८ पेज १३-१६) मा पनि चर्चा गर्ने प्रयास गरिएकै छ। यही सिलसिलामा किरात धर्मगुरूज्यूले औपचारिक र अनौपचारिक रूपमा थुप्रै भविष्यवाणी गर्नुभएको छ। यश बिषयमा संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ।

### धर्मगुरुले गर्नु भएको दुई चर्चित भविष्यवाणीहरु

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूले गर्नुभएको भविष्यवाणी मध्ये वि सं २०४९ माघ ३-४ पहिलो पटक र दोस्रोपटक भनिएको २०८२ जेठ २३ को भविष्यवाणीहरू सर्वाधिक चर्चामा रहेको छ। यी दुई भविष्यवाणीहरू सार्वजनिक रूपमा आह्वान गरेर गरिएको भविष्यवाणीहरू हुन। तसर्थ यसले सर्वाधिक चर्चा पाएको हो।

सार्वजनिक रूपमा आह्वान गरेर वि सं २०४९ मा (इलामको तत्कालीन बाँफो ९, भालुटार हाल माङसेबुङ ५ स्थित सरस्वती मावि प्राङ्गणमा) विश्व ब्रह्माण्ड र महाप्रलय बारेमा धर्मगुरूज्यूबाट भविष्यवाणी भएको थियो। यसलाई धर्मगुरूज्यूको पहिलो भविष्यवाणीको रूपमा मानिएको छ। त्यसबेला विश्वको आयु, महाप्रलय, युद्ध, दैवीप्रकोप, शक्तिशाली धर्महरूको पतन, जलवायु परिवर्तन र यसको असर, जातीय विद्वेस् बढ्ने, नयाँ दर्शनको शुरुवात, विश्वका लागि आफूले बोल्नुपर्ने लगायतका डेड दर्जन बढी बिषयमा भविष्यवाणी गर्नुभएको थियो। (विश्व ब्रह्माण्ड र महाप्रलयबारे भविष्यवाणी- तेस्रो परिमार्जित संस्करण २०७२)

यसैगरी २०८२ जेठ २३ गते शुक्रबारका इलाम जिल्ला माङसेबुङ गाउँपालिका वडा नं ५ स्थित किरात हाङसाम मुजोत्लुङ माङहिम प्राङ्गणमा विशाल भक्तजन तथा शुभेच्छुकहरूको उपस्थितिमा दुई चरणमा भविष्यवाणी गर्नुभएको थियो। भविष्यवाणीका लागि समारोह आयोजक समिति गठन गरेर आयोजना गरिएको यस कार्यक्रमलाई किरात धर्मगुरूज्यूको दोस्रो भविष्यवाणीको रूपमा मानिएको छ।

किरात धर्मगुरूज्यूले दोस्रो पटक गर्नुभएको भविष्यवाणीमा विशेषगरीः ब्रह्माण्डमा शून्यको आकार बढ्दै गएको, अशान्ति बढ्ने, विश्वले आफूलाई सोध्ने र यतिबेला एउटा आफ्नो अडान रहने, अशान्तिको कारण खनिज पदार्थ, फलाम, तेल लगायतका वस्तुको अभाव हुने, सजीव

प्राणीको रक्षा अलौकिक शक्तिबाट मात्र हुने, पूर्वी उत्तर एशियामा शक्तिशाली नेताको उदय हुने, पृथ्वी रक्षाका लागि पहल गर्ने आफू एक्लो रहेको, महामारी, धन मन र ज्ञान हुनेको कुमति आउने र नरसंहार हुने, अहिलेसम्ममा विज्ञानको विकास आधामात्र भएको, पृथ्वी चोइटिन्छ र भत्किन्छ तसर्थ उपकार खोज्छ, भन्ने बिषयमा स-विस्तार भविष्यवाणी गर्नुभएको थियो।

यसैगरी विश्व युद्ध छिटो हुन सक्ने, पृथ्वीमा पाप बढी भएकोले संहार हुने, मान्छेले मान्छेको मासु खाने, वैज्ञानिकहरूले हतियार प्रयोग गर्ने, पाप बढेपछि पृथ्वी ध्वस्त हुने, अबको १७-१८ वर्षमा अनेक देख्नु पर्ने, वैज्ञानिकहरूले पृथ्वीको विकल्प खोजिरहेको तर यो सम्भव नहुने, आफ्नो अघिल्लो भविष्यवाणी आधा पुगेको र केही पुग्न बाँकी रहेको, विश्वमा मान्छे कम्ती रहेको बेला विश्वले आफूलाई सोध्ने, महामारीले मानव विनाश गर्ने, आफ्नो कर्तव्य धर्म गर्ने राजनीति होइन, पृथ्वी अन्त्य भए वैज्ञानिक चमत्कार पनि नष्ट हुने, विश्वलाई बचाउने कुरामा चिन्तित रहेको, माङको आँखा परेको ठाउँमा माङले बचाउने, पृथ्वी रिसाए हामी हराउँछौं, दैवीप्रकोप चट्याङ महामारी र अशान्तिको उच्च जोखिम रहेको, भन्ने बिषयमा धर्मगुरूज्यूले भविष्यवाणी गर्नुभएको थियो। (किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ दोस्रो भविष्यवाणी २०८२ जेठ २३ गतेको अभिलेख संकलन संयुक्त प्रतिवेदन २०८२)

किरात धर्मगुरूज्यूले दोस्रोपटक गर्नुभएको भविष्यवाणीमा पूर्वी उत्तर एशियाली महादेशमा शक्तिशाली नेताको उदय हुने बिषयलाई प्राथमिकताका साथ उठाउनु भएको थियो। यसरी उदाएका नेताले एशियालाई मात्रै नभएर सिंगो विश्वलाई प्रभावित पार्ने



बताउनु भएको थियो। तर त्यो समय आफ्नो उमेरले नभेट्न सक्ने जनाउनु भएको थियो। यस बिषयलाई धर्मगुरूज्यूले पटक-पटक दोहोऱ्याउनु भएको थियो।

## चर्चामा नरहेको ऐतिहासिक भविष्यवाणी

किरात धर्मगुरू लिङ्देन आत्मानन्द सेइङज्यूले सार्वजनिक रूपमा गर्नु भएको दुई वटा भविष्यवाणीको सन्दर्भमा संक्षेपमा माथि चर्चा गरिएको छ। यसबाहेक चर्चामा नरहेको तर ऐतिहासिक र महत्वपूर्ण भविष्यवाणी पञ्चायतकालमै गर्नुभएको थियो।

वि सं २०३१ सालमा किरात धर्मगुरूज्यूले दोस्रो पटक फक्ताङलुङ यात्रा गर्नुभयो। त्यो बखत उहाँले आफ्नो केस फक्ताङलुङमा काटेर आउनुभएको थियो। फक्ताङलुङबाट फर्केको केही समयपछि कात्तिक महिनाको तिहार आसपास थालाचेप्पा (माङमालुङ) जंगलमा सात दिन कठोर साधना गर्नुभयो। (माङमिङसोहाङ, किरात समाचार २०८१:९)

यहाँ गर्नुभएको कठोर तपस्याबाट खुशी भएर युमामाङले धर्मगुरूलाई साक्षात दर्शन दिइ माङइङघङ (भविष्यवाणी) बताएका थिए। तिनै भविष्यवाणीहरू किरात धर्मगुरूज्यूले आफ्ना निकट रहेका अनुयायी तथा भक्तजनहरूलाई टिपाउनु भएको थियो। खासगरी यो भविष्यवाणी धर्मगुरूको पहिलो हुनुपर्छ। तर निरंकुश पञ्चायतकालमा खुलेआम धर्मगुरू भएर हिंड्न सक्ने अवस्था नै थिएन। यस्तो विषम परिस्थितिमा सार्वजनिक रूपमा भविष्यवाणी गर्ने कुरा धेरै परको कुरा थियो।

त्यसैले आफ्नो अनुयायी मध्येका पनि केही बिश्वास पात्रहरूलाई मात्र साथमा राखेर उक्त भविष्यवाणी (तिथि मिति ठ्याक्कै मिलेको छैन तथापि अघिल्लो धेरै लेखोटहरूमा २०३३ उल्लेख गरिएको छ) गर्नुभएको थियो। यो भविष्यवाणी (मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन) मा तेस्रो संस्करणसम्म पटकपटक (२०६८, २०७१-२०७३) प्रकाशनमा आइसकेको छ। तर पनि चर्चामा नआउनुको कारण यो भविष्यवाणी अर्ध भूमिगत कालमा भूमिगत शैली मै भएको थियो। अत्यन्तै महत्वपूर्ण तर चर्चामा नरहेको यस भविष्यवाणीका विषयमा थोरै चर्चा गरौं।

## धर्मगुरुज्यूको भूमिगत ध्यान र भविष्यवाणी

किरात धर्मगुरूज्यू बाल्यकालदेखि नै तागेरा निङवाभुमाङको परमभक्त रहेको कुरा माथिल्लो पंक्तिमै उल्लेख भइसकेको छ। उहाँले सानो उमेरमै गैरीगाउँ माङहिम छेउको वनमा बेलाबेला जपतप गर्न जानुहुन्थ्यो। त्यसैगरी वि सं २०२५ को शुरूतिर जीतपुर पुच्छर खत्रक्पामा ध्यान गर्नुभयो। यही क्रममा वि सं २०२६ मंसिरमा मोरङको वक्रा खोलाको डिलमा रहेको पिपलको फेदमा १ हप्ता ध्यानमा बस्नुभयो। त्यसपछि वि सं २०२७ साउन २५ गतेदेखि माघ २५ गतेसम्म माई, देउमाई र मेवामाईको संगमस्थल फुलुङगीमा ६ महिनासम्म कठोर साधना गर्नुभयो। यहींबाट उहाँले समाधिज्ञान सिद्ध गर्नुभयो

। (माङमिङसोहाङ, किरात समाचार २०८२: ६-७)

यति लामो त्याग र कठोर तपस्यापछि पहिलोपटक वि सं २०३० साउनमा र दोस्रोपटक वि सं २०३१ मा किरात धर्मावलम्बीहरूको पुण्य एवम् पवित्रभूमि सेन्छेलुङ फक्ताङलुङ यात्रामा निस्किनु भएको थियो । यही क्रममा उहाँले सिदिङबा (श्रीङचोक) मा २ दिन ध्यान बस्नुभएको थियो (माङमिङसोहाङ, किरात समाचार २०८२: ८-९) यति धेरै शक्तिपिठहरूमा गरेको जप तप र ध्यानबाट प्राप्त तपोवलबाट सिद्ध भएपछि तत्कालीन बाँफो ६ स्थित थालाचेप्पा ( माङमालुङ) मा फेरि ध्यानमा बस्न युमामाङको संकेत आएपछि साता व्यापी कठोर साधना गर्नुभयो । यस साधनाबाट युमामाङ खुशी भएर किरात धर्मगुरूज्यूलाई माङइङघङ ( भविष्यवाणी) यसरी बताएका थिए।

हिनी सावायेहाङ किरात साहारे लक्पेखेयो, यलिक सेवा चोक्मान्निन् नाम्मानि कुबे हिरेद्ये लामानि कुबे हिरेद्ये । आबुला सानू फो:वा किरात सासे, सेसे साङसाङ पोखेम्मेआङ, निस्से सेख्खा निङ्वारे थो हुक्सो सेवा लुङधुङ धो, थिकहुप निङवा केबोखिआङ हुक्सो सेवा केगेतुम्निफगर हिनि लक्किन तेआङ वारो । भावानुवादः तिमीहरु समस्त किरात परिवारमा, धेरै सेवा भक्ति गर्ने सूर्य-चन्द्रको चक्र झैं घुम्दै आएको छ । प्यारा कान्छा किरात सन्तति हो, पवित्र भएर सच्चा र स्वच्छ मनले सेवा भक्ति केन्द्रमा एकढिक्का भएर, सेवा भक्ति पुऱ्यायौ भने तिमीहरुको भाग आएको छ है । ( मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन, २०७३: ४३-४४)

समय सधैं एकनास हुँदैन । समयको चक्रसँगसँगै परिस्थिति र परिवेशहरू फरकफरक हुँदै जान्छ । लामो समयकालसम्म शासन सत्तामा रहेका किरात वंशहरू अहिले शासित/उत्पीडित भएर बसेका छन् । मानव जीवनको न्युनतम आवश्यकता गाँस, बास र कपासको दैनिक आपूर्ति मै समय व्यतित भइरहेको थियो । यस्तै समस्याको भुमरीमा दैनिकी बिताइरहेका किरात समुदायहरूलाई स्वास्थ्य, शिक्षा, रोजगार र राजनीतिक अधिकारबारेमा शून्य चिन्तन थियो।

किरात समुदाय, मतमदिरा, जुवा तास, ढाइस जस्ता कूलतमा डुब्दै गएर आर्थिक तथा सामाजिक रूपमा अत्यन्तै कमजोर भएको थियो। धार्मिक,

**सबै मानव जातिमा कलियुग प्रवेश गरेर अहंकार र घमण्ड बढ्दै गएर तँ ठूलो, म ठूलो हुने सबै टाठो बाठो हुने दिन आउनेछ । इश्वरको भक्ति गर्ने, धर्म कर्मको बाटोमा हिँड्न मन पराउने छैनन् । अहंकार र घमण्डले आफैं नाश हुनेछन् ।**

राजनीतिक, आर्थिक र सामाजिक मुक्तिको लागि कुनै गुन्जायस थिएन। यो अवस्थामा थालाचेप्पामा ध्यानरत किरात धर्मगुरूज्यू मार्फत युमामाङले समस्त किरात सन्ततिहरूले आफ्नो इष्टदेवको सेवा भक्ति गर्ने समय चक्र घुम्दै आएको बताएका छन्।

किरात (सन्तति) वंशहरू स्वच्छ र पवित्र मन बनाएर, वृहत् एकता भएर सेवा भक्ति गर्न सकेको खण्डमा किरातहरूको भाग्य उदाएको युमामाङले धर्मगुरू मार्फत सन्देश दिएका छन् । धर्मगुरूज्यूको यस भविष्यवाणी भित्र रहेका बिषयवस्तुहरू समग्रमा निम्न कुराहरुबारे चर्चा गरिएको छ । युमाले पश्चिम दिशाबाट कालो रूप लिएर लडाइँ, झगडा गराउने, चार बादशाहरूको शक्ति कम्जोर गराउने र शक्ति फिर्ता लाने कुरा उल्लेख गरेका छन्।

अति अनुशासित र संयमित भएर तागेरा निङवाभुमाङको भक्ति गरेको खण्डमा तिमीहरुको भाग्य माङले घुमाएर ल्याउँदै छ। ब्रह्माण्डमा काल रूप लिएर भूकम्प, दैवीप्रकोपहरू ल्याउँछु । मेरो भक्ति गर्ने र पाप कर्म गर्ने बीचमा फरक छुट्याउँछु । कुकर्म गर्ने, पापी अपराधीहरूलाई कालरूप लिएर अग्नि ज्वालामा जलाएर खरानी बनाउने छु । राम्रो काम गर्नेहरूलाई रक्षा गर्नेछु। यस धर्तीमा भविष्यमा अपराध गर्ने मात्रै धेरै हुनेछन् । आँखीडाही, इर्ष्या गर्नेहरु धेरै हुनेछन्। राम्रो काम, राम्रो व्यबहार गर्ने ८ जना मात्र हुनेछन् । मातादेवी पश्चिम दिशामा गएर कालरूप लिएर कुकर्म गर्ने अपराधीहरूलाई सर्वनाश गर्नेछु।

पृथ्वीमा रहेको अन्न धन सह, सुनचाँदी, सामरिक शक्ति सबै फिर्ता लानेछु । जलवायु परिवर्तन गराएर कुनै ठाउँ पानी पार्छु कुनै ठाउँ खडेरी लाउँछु। कुनै बाढी पहिरो चलाउँछु, अब उप्रान्त पानीको मुहानहरू फिर्ता लानेछु । यो पृथ्वी जगतमा अब उप्रान्त लडाइँ झगडा मारामार हुनेछ। बुद्धिजीवी, धनीमनि, गरीब कोही पनि आनन्दले बस्न पाउने छैन।

कलियुगको मध्यम समयमा धर्म कर्मको काम गर्न धेरै गाऱ्हो हुनेछ। सबै मानव जातिमा कलियुग प्रवेश गरेर अहंकार र घमण्ड बढ्दै गएर तँ ठूलो, म ठूलो हुने सबै टाठो बाठो हुने दिन आउनेछ । इश्वरको भक्ति गर्ने, धर्म कर्मको बाटोमा हिँड्न मन पराउने छैनन्। अहंकार र घमण्डले आफै नाश हुनेछन् ( मुहिङगुम अङसीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन, २०७३: ४४, ४५, ४६, ४७)।

माथि उल्लेखित बिषयहरू

किरात मुन्धुमी भाषामा भएको भविष्यवाणीलाई (किरात भाषा नराखीकन सिधा नेपाली भाषामा र छोटकरीमा) संक्षेपमा प्रस्तुत गर्ने जमर्को गरेको छु । किरातहरूको आराध्यदेवी युमामाङले किरात धर्मगुरू लिङ्देन आत्मानन्द सेइङ मार्फत मानव जगतलाई दिएको सन्देश हो यो । किरात धर्मगुरूज्यूको यो भविष्यवाणीलाई अध्ययन गरिसकेपछि विश्वमा अहिले भइरहेको घटना परिघटनाहरू यही भविष्यवाणीको पेरिफेरिमा घुमिरहेको देखिन्छ। विश्व मानचित्रबाट राजतन्त्रको अन्त्य, आर्थिक मन्दी, जलवायु परिवर्तन र यसको असर, सुनचाँदीको महङ्गी, युद्ध, महामारी, राजनीतिक विग्रह, सामाजिक बेथिति, हिंसा, बलात्कार, अहंकार र घमण्ड आदि घटनाक्रमहरू सबै करिब करिब पाँच दशक अघि भनिसक्नु भएको भविष्यवाणी भित्र भइरहेको छ।

## धर्मगुरुज्यूको भविष्यवाणीका सन्देशहरु

किरात धर्मगुरू लिङ्देन आत्मानन्द सेइङज्यू पृथ्वीमा बिरलै मात्रामा पाइने अष्टसिद्ध ज्ञान हासिल गर्नुहुने महाज्ञानी हुनुहुन्छ। संसारमा रहेका कुनै पनि वस्तु हेर्न या देख्नका लागि भौतिक रूपले उहाँको उपस्थिति आवश्यक पर्दैन । उहाँले तागेरा निङ्वाभुमाङ र आफ्नो आराध्यदेव/देवीहरूको दुइ दशक लामो जप तप, साधना र ध्यानबाट प्राप्त तपोवलबाट सहज रुपमा हेर्न, देख्न र पत्ता लगाउन सक्नु हुनेछ। यि कुराहरु अपत्यारिलो लागे पनि कतिपय घटनाहरू हामीले देखेको र भोगेको कुराहरुले पनि पुष्टि गर्दछ।

तसर्थ : किरात धर्मगुरूज्यूलाई भविष्यवाणी गर्नु कुनै गाह्रो र नौलो विषय होइन । तर उहाँलाई पनि गुरू आचारसंहिता लागू हुन्छ। धर्मगुरूहरूको आफ्नो नियम र विधि हुन्छ। जबसम्म माङले आफ्ना भक्त र शुभेच्छुकहरूलाई भविष्यमा हुन सक्ने खतराका बारेमा भन्नु/सुनाउनु भन्ने माङ आज्ञा हुँदैन तबसम्म उहाँलाई थाहा भएर पनि भन्नु हुन्न/सुनाउनु हुन्न।

गुरूज्यूको भनाइ अनुसार दैवीप्रकोप, महामारी, युद्ध, कलह, झगडा आदि प्रकृतिको नियमित प्रक्रिया हो। यी घटना परिघटनाहरू मानिसले चाहेर हुने र नचाहेर नहुने होइन । समयचक्रसँगै प्रक्रिया पुगेपछि

> **प्रकृति माङ (इश्वर) को सृष्टि भएको हुनाले माङलाई पनि आफ्नो सुन्दर सृष्टिको माया लाग्छ। तसर्थ माङले विनाश मात्रै चाहदैन वैकल्पिक रक्षा गर्न पनि चाहन्छ। यहीं कारणले माङकै इच्छा अनुसार पृथ्वीमा अध्यात्मिक धर्म गुरुहरुको जन्मावतार हुने गर्छ।**

दैवीप्रकोप लगायतका घटनाहरू हुने हुन। तर विज्ञानलाई मात्रै विश्वास गर्ने तर अर्ध विद्वानहरूलाई र सर्वसाधारणलाई यस्तो कुरा थाहा हुँदैन। त्यसैले पृथ्वीमा रहेका सजीव प्राणी र प्रकृतिको रक्षाका लागि अध्यात्मिक शक्ति प्राप्त धर्म गुरूहरूको आवश्यकता पर्दछ।

प्रकृति माङ (इश्वर) को सृष्टि भएको हुनाले माङलाई पनि आफ्नो सुन्दर सृष्टिको माया लाग्छ । तसर्थ माङले विनाश मात्रै चाहदैन वैकल्पिक रक्षा गर्न पनि चाहन्छ । यहीं कारणले माङकै इच्छा अनुसार पृथ्वीमा अध्यात्मिक धर्म गुरूहरूको जन्मावतार हुने गर्छ। र उहाँहरुले पृथ्वी, प्राणी जगत र प्रकृतिको संरक्षणका लागि विभिन्न अध्यात्मिक उपायहरु बताउँछन्/सुझाउँछन् । उहाँहरुले दिएको वचन अनुसार धर्म र कर्म गरियो भने जस्तोसुकै विपत्तिबाट पनि बाँच्न सकिन्छ भन्ने सन्देश यस भविष्यवाणीले दिएको छ भने, किरात शशि मुन्धुम र अन्य धर्मग्रन्थहरूमा पनि यही सन्देश प्रवाह गरिएको छ।

भविष्यवाणी गर्नु धर्मगुरूज्यूको रहर वा इच्छा दुवै होइनन् । किनभने भविष्यवाणी गर्नु आफैमा जोखिमपूर्ण कदम हो । कतिपय अवस्थामा भविष्य वक्ताहरूलाइ मृत्युदण्ड दिएको इतिहास पनि साँक्षी छ। माङको आज्ञाले बाध्यतावस प्रकृति, प्राणी जगत र मानव हितका लागि गर्नुभएको धर्मगुरूज्यूको भविष्यवाणीलाई हृदयंगम गरौं। अध्ययन र मनन गरौं तर खिल्ली उडाउने काम नगरौं।

## सन्दर्भ सामग्रीहरु


१) मुहिङगुम असीमाङ लिङ्देन फाल्गुनन्द नु लिङ्देन आत्मानन्द सेइङ रे माङसिवाखाहुन -२०७३, किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा।

२) विश्व ब्रम्हाण्ड र महाप्रलयबारे भविष्यवाणी २०७२, किरात धर्म तथा साहित्य उत्थान संघ, प्रकाशन तथा प्रचारप्रसार विभाग।

३) विश्व शान्ति तथा मानव एकताका संवाहक पूजनीय किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको दोस्रो भविष्यवाणी २०८२ जेठ २३, अभिलेख संकलन संयुक्त प्रतिवेदन २०८२।

४) आत्मानन्द लिङ्देन सेइङ विशेष अङ्क, किरात समाचार २०८२ मसिर १८, किरात मल्टि मिडिया प्रा लि।

५) किरात धर्मगुरू लिङ्देन आत्मानन्द सेइङ विशेषाङ्कहरू।

# यसरी भेट भयो किरात धर्मगुरू र जौबारी कान्छा

## गुरुज्यूलाई ठाउँ ठाउँमा लगेर उपदेश दिने वातावरण मिलाउने जौबारी कान्छा नै थिए



रमेश तुम्बापो

२०३३ सालतिरको कुरा हो, गुरूबज्यु जोगमाया तुम्बापो लिङ्देन (बाजमति) पान्थरको लब्रेकुटी स्थित ु नामसाङला माङ्हिमु ु हाल किरात साङ्सेन वरक माङहिममा एक वर्षसम्म बस्नु भएको थियो। साङ्सेन नाम्भुनयक माङहिम सिलौटी र लब्रेकुटीकोबीचमा पन्ध्र-पन्ध्र दिनमा दुतिया बजार लाग्थ्यो। एकदिन गुरूबज्यु जोगमाया र साहिली फुपू आसरानी तुम्बापोको साथमा लागेर म पनि दुतिया बजार गएको थिए।

बजार भरीसकेपछि नुन, तेल, मट्टितेलहरू बोकेर बजारबाट फर्कियौं । आधाबाटो फर्केर आएपछि दुवैजना फुपूहरू नागी चौरमा बुक्की ओछ्याएर बस्नु भयो। त्यसपछि सुख दुःखका धर्म कर्मका कुराहरू गर्नु भएको थियो । त्यतिबेला गुरूबज्यु जोगमायाको मुखबाट सुनेको कुरा एक साँझ मेरो नातिसँग वर्तमान धर्मगुरू सेइङ् आत्मानन्द लिङ्देनज्यू सन्ध्याकालीन सेवा गर्दै थियौं अचानक नातिको आत्मामा माङ चढेछ । उ बक्न थाल्यो । सेन्छेई फक्ताङ्लुङ केकेलुङ केवाबुङबाट तिमी सावायेहाङ किरातको लागि माङ्वा-हाङ्वाको भारी बोकेर ल्याउँदैछु, यो माङ्वाहाङ्वाको स्वागत सत्कार गर्छौं भने तेह्र जोडी दियो कलश लिएर स्वागत गर है।

जोगमाया : त्यसो भए त्यो माङ्वा-हाङ्वालाई पान्थर राख्छौं/दिन्छौ कि ! चारखोलामा ?

नाति : मेरो गाउँ चारखोला चुक्चिनाम्बा गैरीधाम जाऔं भनेर कत्ति फकाए तर माथि अक्करे डाँडा भन्दा यता आउन मानेन र पान्थरमै रहयो है । ( अक्करे डाँडा माङ्सेबुङ गा. पा.-२ को दहगाउँ माथि, पान्थरको मिक्लाजुङ् गा. पा.-५, जौवारी माथि रहेको डाँडाको नाम जसले चारखोला पान्थर छुट्याएको छ ।) जोगमाया र आसरानी फुपूको सम्वाद पुनः अगाडि बढ्यो।

जोगमाया : त्यसपछि मेरो नातिले माङपान्छिङ गरेको (माङपान्छिङ-आत्मामा माङ् प्रवेश गरेर बोलिने विशेष वाणी) मैले मात्र सुनेर के काम ? भन्ने लाग्यो, अनि सानोगुरू बद्रीनन्द तुम्बापो काकासँग सल्लाह गरेर एउटा माङ्सेवाको आयोजना गरेर चारखोला पान्थरका भक्तजनहरूलाई बोलायौं । हाम्रो इच्छा थियो, त्यो माङसेवा कार्यक्रममा सबै तुत्तु तुम्याहाङ्हरूले सुन्ने गरी फेरी एकपटक नातिले पहिला जस्तै माङ्पान्छिङ गरोस् । तर नाति माङ्पान्छिङ गर्नको सट्टा दिनमान धुलोमा मात्र खेल्नु भयो । त्यसपछि मेरो नातिलाई पहिला जस्तै माङपान्छिङ गर्छौं कि भनेर यति धेरै तुत्तु तुम्याहाङ्हरूलाई बोलाए तिमी चाहीं खेल्छौं मात्र भनेर गाली गरे । नातिले हाँस्दै छेउमा थुन्चे भरी राखिएको रोटी हेरेर किन यति धेरै रोटी पोल्नु भएको मात्र भन्नुभयो । त्यतिबेला नातिको उमेर मात्र ११ वर्षको थियो । त्यतिबेला गुरूबज्युले उत्तिस र गुराँसबीचको प्रेमकथा ु लोककथ्रु पनि सुनाउनु भएको थियो। अन्तत : फुपूहरूको सम्वाद सकियो। वस्तुतः माङ्पान्छिङ् गर्नु कुनै कार्यक्रमको आयोजना गरेर बक्ताहरूले भाषण गरे जस्तो थिएन। जतिबेला आत्मामा माङ् चढेर बोल भन्छ त्यति नै बेला बोल्नुपर्ने थियो, त्यस्तो गम्भिर कुरालाई जोगमाया र बद्रीनन्दले हलुका अन्दाज लगाउनु भएको थियो । २०२६ सालमा बद्रीनन्द र गुरूबज्यु जोगमायाको अभिभावकत्वमा देउमाई, महमाई र मेक्वामाईको त्रिवेणी संगमस्थल फुलुङ्गीमा १६ वर्षीय नातिलाई गुफा साधना गर्ने कार्यक्रम भयो । त्यतिबेलासम्म बालागुरू उपमाले विभूषण भइसक्नु भएको थियो।

साधनाकै क्रममा अनौठो रहस्यमयी घट्ना घटेपछि साधना प्रक्रियालाई स्थगित गर्नु पर्‍यो। स्वयम धर्मगुरू सेइङ आत्मानन्द लिङ्देनज्यूको मुखाविन्दबाट २०४६ सालमा सुनेको कुरा ु हामीले देउमाई खोलाबाट उकालो चढ्दा घ्यूको हर्पे हाम्रो हातबाट फुस्केर तल तलसम्म लड्दै गयो ु राती खोज्ने कुरा भएन। त्यहीं बेला चिसापानी गाउँ बस्ने एकजना मगरसँग गुरूज्यूले मित समेत लगाउनु भएको थियो। गुरूज्यूको मितसँग यो पंक्तिकाले पनि एक दुई पटक संगत गर्न पाएको छ। त्यस पश्चात



२०२७ सालमा पुनः सोही स्थानमा ठूलो तयारीका साथ गुरूज्यू गुफा साधनामा जुट्नु भयो।

जौबारी कान्छाले ६ महिने लामो तपस्या सकेर तिनताका पारंगत भाग साधक ब्रहमचार्य गुरू भुवानन्द इङ्नामलाई भेटेर काशी जाने ध्येयले मिक्कीफुङ्वा माङ्हिम इलामको जितपुरमा आइपुग्नु भएको थियो । भुवानन्द गुरू सिक्किमको सोमबारेस्थित लुङ्चोकमा बस्नु भएको थियो।

मिक्कीफूङ्वा माङ्हिमका तत्कालिन सेवासाबा नरप्रसाद लिङ्देनले बालागुरूलाई भेटेर मात्र काशी जाऊ भन्नु भएपछि जितपुरबाट चुक्चिनाम्बा गैरीधाम आउँदा गुरूज्यूसँग जौबारी कान्छाको भेट भएको थियो । भेट पश्चात गुरूज्यूले यसरी बैराग्य भएर झोली तुम्बी, चिम्टा, कमण्डलु लिएर हिड्नु हाम्रो काम होइन बाजे। हाम्रो काम त हिजो महागुरू फाल्गुनन्दले चकमक पारेर झुल्लामा सानो धर्मरूपी आगो सार्नु भएको छ, त्यसलाई बाल्नु हाम्रो काम हो भन्नु भयो।

जौवारी कान्छा - त्यो सम्भव छ गुरू ?

गुरूज्यू - छ युमामाङ् हाम्रो साथमा हुनुहुन्छ।

हाम्रो धर्मलाई ऊ त्यो फूल । माङ्हिमको छेऊमा फूलेको सेतो गुलावको फूल देखाउनु हुँदै) जस्तो उज्यालो सेतो, चम्किलो बनाउँनु छ । गुरूज्यूले यति भनेपछि जौबारी कान्छाले काशी गएर अरू योग साधना गर्दै धर्म दर्शनको विषयमा गहन अध्ययन गर्ने इच्छालाई त्यागी दिनु भयो । उहाँको साथमा रहेको मृगासन, तुम्बी झोली, कमाण्डलु समेत सेन्दिपेसाप माङ्हिममा विर्सजन गरेर आफ्नो लामो कपाल, दाह्री, जुङ्गा समेत काटेर सर्वसाधरण जीवनमा फर्किन्नु भयो। हुन त २०२७ साल मै गुरूज्यूलाई तिमीलाई आजीवन सहयोग गर्ने मान्छे पान्थरको जौबारीमा जन्मी सकेछ भेट्न जाऊ भनेर माङइङघङ.माङ सन्देश भइसकेको रहेछ। तसर्थ जौबारी कान्छासँग भेट गर्न भीमबहादुर लाओतीलाई साथी लिएर चोकमागु जौबारीसम्म जानु भएको थियो । तर, त्यहीँ बेला जौबारी कान्छा फक्ताङ्लुङ यात्रामा जानु भएकोले भेट हुन सकेन। वास्तवमा हाम्रो सावायेहाङ किरात कूलमा महागुरू फाल्गुनन्दको देहावसान पश्चात उहाँद्वारा सञ्चालित समाज सुधारको महान अभियान सुसुप्त हुँदै गइरहेको त्यो स्थितिमा पुनः जागरण गराउन र अभियानलाई समय सापेक्ष सुधार गर्दै गति दिन गुरूज्यूको जन्म अवतरण भएको हो भनेर सशक्त रूपमा प्रचार प्रसार गर्ने र गुरूज्यूलाई ठाउँ ठाउँमा लगेर उपदेश दिने वातावरण मिलाउने जौबारी कान्छा नै थिए।

यी गुरू चेलाले हिउँदो वर्ष नभनी अविश्राम धर्म प्रचार गर्न थाले । जहाँ-जहाँ महागुरू फाल्गुनन्दले माङहिम निर्माण गर्नु भएको थियो । त्यहाँ-त्यहाँ पुगेर गुरूज्यूले उपदेश दिन थाल्नुभयो। रात दिन गाउँ-गाउँ घुमेर भक्तजनहरूलाई महागुरू फाल्गुनन्दको जन्म अवतरणको महत्व बुझाउँदै हिड्नु भयो । जौबारी कान्छाले स्वंयम सेइङ आत्मानन्द लिङ्देनज्यूको जन्म अवतरणको महत्वलाई भक्तजनहरूलाई सरल र सुवोध भाषामा बुझाउनु हुन्थ्यो।

जौबारी कान्छाको बोलीमा सात्त्विकै चुम्बकीय शक्ति थियो। उहाँले भनेपछि कसैले पनि नाइ, हुन्न भन्दैन थियो । यसरी महागुरू फाल्गुनन्दको विचार दर्शनले धर्मगुरू सेइङ आत्मानन्द लिङ्देनज्यूको नेतृत्वमा निश्चित आकार ग्रहण गर्दै गयो र यो विन्दुमा आइपुगेको छ। यदि गुरूज्यूको जन्म अवतरण नहुँदो हो त महागुरूको बहुमूल्य दर्शन पनि विकास हुन नसकेर विस्तार-विस्तार लोप भएर जाने थियो होला । आज देश विदेशसम्म महागुरू फाल्गुनन्दद्वारा प्रतिपादित धर्म दर्शनले संगठित हुँदै प्रचार-प्रसार भएर जानुमा वर्तमान धर्मगुरू ज्यूको अतुलनीय योगदान रहेको छ।

यसै कारणले वहाँलाई महागुरूकै अवतारको रूपमा पूजनीय हुनुहुन्छ । यति हुँदा हुँदै पनि सुयोग्य चेलाहरू अद्यपि उत्पादन हुन नसकेको आभास भने हुने गर्छ। भोली गुरूज्यूको अभावमा फेरी पनि पहिला महागुरूको अभाव हुँदाको स्थिति आउने होकि भन्ने चिन्ता सचेत भक्तजनहरूको मनबाट हट्न सकेको छैन् । यो अहिले धेरै चिन्तन गरिएको तर थोरै मात्र व्यक्त भएको विषय हो । अन्त्यमा गुरूज्यूको ७२ औं नुमाङगेन्ना जन्मोत्सव सफलताको लागि माङसँग प्रार्थना गर्दछु।

# सत्य, शान्ति र एकताका संवाहक

# मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङको संक्षिप्त चिनारी



ज्ञानु केदेम लिम्बू

२० औं शताब्दीका महान दार्शनिक किरात धर्म दर्शनदाता, महान समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङ्देनज्यूको अपूरा, अधूरा कामलाई पूरा गर्न जन्म लिनु भएका महिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यू आगामी मंसिर १८ गते ७१ वर्ष पार गरी ७२ वर्षमा प्रवेश गर्दै हुनुहुन्छ । यसरी अङसीमाङज्यूको ७२ औं जन्मोत्सवलाई किरात धर्मावलम्बी र किरात धर्ममा आस्था र विश्वास राख्ने संसारभरका भक्तजनहरूले माङगेन्ना चोत्लुङको रूपमा नुमाङगेन्ना मनाउने चलन रहेको छ। विश्वमा रहेका किरात धर्मावलम्बीहरूको केन्द्रीय धार्मिकस्थलको रूपमा परिचित इलामको माङसेबुङमा आयोजना गरिने वहाँको जन्मोत्सवको गरिमा र महिमा किरात समुदायमा गहँन मानिन्छ । वहाँको माङगेन्ना चोत्लुङ उठ्नुलाई सारा मानव समुदायको माङगेन्ना चोत्लुङ उठेको विश्वास गरिन्छ।

संसारलाई सुन्दर फूलबारी बनाउने कल्पना गरेर विश्व शान्ति तथा मानव एकताको शंखघोष गर्दै आउनु भएका महिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यू पछिल्लो समय सत्य, शान्ति र एकताको संवाहकको रूपमा सबैमा पुज्य हुनु भएको छ। सबैले वहाँमा आस्था र श्रद्धा पोख्ने गरेका छन्। विश्वमा अशान्ति, हत्या हिंसा मात्र हरेक दिन बढ्दै गइरहेको बेला, सत्य र शान्ति थोरै हुन्छ तर सत्य कै विजय हुन्छ भनि आशीवर्चन दिनुहुने अङसीमाङले सत्य, शान्ति र एकता कायम गर्नका लागि निरन्तर लाग्न सबैलाई आग्रह गरिरहनु भएको छ । त्यसैगरी किरातीहरू एउटै धर्म र सूत्रमा बाँधिनु पर्छ भन्नुहुँदै, विश्वमा शान्ति र एकता कायम गर्न निरन्तर लागिरहनु भएका अङसीमाङ लिङ्देन आत्मानन्द सेईङज्यूको विविध पक्षबारे संक्षिप्त चर्चा गरिएको छ।

## जन्म र बाल्यकाल

किरात धर्म दर्शन दाता, समाज सुधारक तथा नेपालको राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्द लिङ्देनले वि.स. १९९० को दशकमा किरात धर्मावलम्बीहरूको मुख्य तीर्थस्थल सिन्चेई फक्ताङलुङको फेदी मारूङफुक्कु पारूङफुक्कुमा माङइङघङ (देववाणी) गर्नु हुँदा आफ्नो ६३ वर्षे जीवनकालमा पनि आफूले चाहे र सोचेजस्तो रूपमा किरात समाजलाई बनाउन नसकेकोले चित्त नबुझेको माङइङघङ गर्नु भएको थियो । पछि वि.स २००५ सालमा पनि महागुरू फाल्गुनन्दले आफ्नो देह त्याग गर्न पूर्व अब म महाचिन जादैछु खासा खाडी फेर्दैछु, यतिबेला मेरो उमेर चीनमा १० वर्ष भयो १७ वर्षको उमेर पुग्दा पुनः किरात कूलमा पितारूपी संसारिक जीवनमा आउँछु भनेर आफ्ना चेलाहरूलाई भविष्यवाणी गर्नु भएको थियो भनि महागुरूको जीवनीमा लेखिएको छ।

त्यहीँ अनुरूप इलाम जिल्लाको माङसेबुङ गाउँपालिका वडा नं. २ (साविक इभाङ ५) चुक्चिनाम्बाको आगौटेबारीमा पुण्यप्रसाद लिङ्देन र चन्द्रमाया चेम्जोङ (श्यामजिरी)को कोखबाट वि.स. २०११ साल मंसिर १८ गते शुक्रबारका दिन जन्मनुभएका मुहिङगुम अङसीमाङ आत्मानन्द सेइङ (ज्योतिष नाम श्यामबहादुर) लाई किरात धर्मावलम्बीहरूले महागुरू फाल्गुनन्दको परिपुरक अर्थात पुनः अवतार मान्छन्।

वहाँको जन्मपछि आमालाई परेवाको मासु दिइएकोले अङसीमाङले आमाको दूध खाइदिनु भएनन्। त्यसपछि वहाँसँगै ब्याँएको सिन्दूरी नामको गाईको दूध खाएर हुर्कनु भयो। पछि २/३ महिनाको भएपछि अङसीमाङलाई छोडेर आमा दोस्रो विवाह गरी आसाम तिर लाग्नु भयो। त्यसपछि वोजु जोगमाया तुम्बापोको लालनपालनमा वहाँ हुर्कनु भयो । गाई बाख्राहरूको गोठालो गर्दै पढ्न कहिलेकाहीँ गाउँको नजिकैको प्राथमिक विद्यालय पनि धाउनु भयो । वहाँको बाल्यकाल विद्यालयमा पढ्दा पुस्तक पढ्ने नपरी आउने, कम बोल्ने, झगडा नगर्ने, कसैलाई नराम्रो नभन्ने, झुट नबोल्ने, एकान्त मन पराउने प्रवृतिको हुनुहुन्थ्यो।

## समाधिज्ञान प्राप्त



अङसीमाङले इभाङको गैरीगाउँ माङहिम छेउको सानो वनमा, जीतपुर पुछारको खत्रक्पा खोल्सी, मोरङको वक्राह खोलाको डिलमा रहेको पिपलको फेदमा गर्नुभएको ध्यान, योग साधनाको बृहत रूपमा वि.स. २०२७ मा इलामको माइ, देउमाई र मेक्वा खोलाको संगमस्थल फुलुङगीको गुफाडाँडामा साउन २५ गतेदेखि माघ २५ गतेसम्म करिब ६ महिना ध्यानरत हुनुभई वहाँले समाधि ज्ञान प्राप्त गर्नुभएको थियो।

सो ध्यानमानै आफ्नो जन्मको प्रमुख उद्देश्य मुहिङगुम अङसीमाङ फाल्गुनन्दको अपूरो कार्यलाई पूरा गर्ने रहेको वहाँले थाहा पाउनु भयो । सोही वर्ष अर्थात २७ सालमानै अङसीमाङलाई इभाङको गैरीगाउँ माङहिममा किरात धर्मावलम्बीहरूले माङलाङ ताक्मा (देव स्वागत) गरेपछि वहाँलाई महागुरू फाल्गुनन्दको पुनः अवतारको रूपमा पुज्न र मान्न थालेका हुन्। यद्यपि, १३ वर्षको उमेरमै आत्मा परमात्मा जान्ने तथा विगत, वर्तमान र भविष्य जान्ने भई बालगुरू उपनामले सर्वत्र चिनिनु भएको थियो । सो समयमा वहाँले माङसेवा साम्लोहरू पनि रचना गर्नु भएको थियो।

## फक्ताङलुङ तीर्थयात्रा

मुहिङगुम अङसीमाङ वि. स. २०३० साल साउनमा पहिलो पटक सिन्चेई फक्ताङलुङ जानु भएको थियो । लगतै दोस्रो वर्ष ३१ सालमा पनि फक्ताङलुङ जानु भयो। यो वर्ष वहाँले आफ्नो केश त्यतै काटेर आउनुका साथै विवाह गर्नु पर्ने माङको आदेश पनि लिएर आउनु भएको थियो । त्यसपछि वि.स. २०७० जेठ २ गते तेस्रो पटक अङसीमाङ, मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन साथै स-परिवार हवाई यात्रा मार्फत फक्ताङलुङ जानुभएको थियो।

त्यसैगरी चौथों पटकको रूपमा अङसीमाङ स-परिवार वि.स. २०७६ साल कार्तिक ५ गतेदेखि ११ गतेसम्म फक्ताङलुङको फेदिमा रहेको पारूङ फुक्कु मारूङ फुक्कुमा बसेर लगातार विश्व शान्ति तथा मानव एकताको लागि सेवा गर्नु भएको थियो। सो वर्ष वहाँहरू ७ दिन पूरा फक्ताङलुङमै रहेर ऐतिहासिक रूपमा विश्व शान्ति मानव एकताको लागि सेवा गर्नु भएको छ । यहीं अवसरमा अङसीमाङले फक्ताङलुङको फेदिमा रहेको पारूङ फुक्कु मारूङ फुक्कुमा निर्माण गरिएको किरात माङहिमको उद्घाटन गर्नका साथै महागुरू फाल्गुनन्दले निर्माण गरी राखेको धर्मशालाको पुनः निर्माण गरिएको भवनलाई समेत वहाँले उद्घाटन गर्नु भएको थियो।

## आशीर्वचन र भविष्यवाणी

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङले २०२७ सालमा समाधि ज्ञान प्राप्त गर्नुभएपछि गाउँ जानेक्रममा गैरीगाउँको चुक्चिनाम्बा माङहिममा ठूलो सेवा भयो । सो सेवा बालगुरूलाई स्वागतार्थ माङलाङ ताक्मा अर्थात स्वागत गर्न आयोजना गरिएको थियो। यसरी माङलाङ ताक्मा गरेर सोही वर्षदेखि वहाँलाई महागुरू फाल्गुनन्दको पुनः अवतारको रूपमा श्रद्धा चढाउँदै पूज्न थालिएको हो।

यसै समयमा अङसीमाङले पहिलो पटक आशीर्वचन दिनुभएको थियो भनि अङसीमाङको पूर्व निजी सचिव माङमिङसोहाङ लिङ्देनले विश्व किरात आवाजमा लेख्नु भएको छ। सो समय यता निरन्तर आशीर्वचन गर्दै आउनु भएको छ भने, वि. स. २०४९ माघ ३ र ४ गते र २०८२ साल जेठ २३ गते गरी वहाँले २ पटक विश्व ब्रह्माण्डबारे भविष्यवाणी समेत दिइसक्नु भएको छ। यसरी पछिल्लो समय अङसीमाङ जहाँ पुग्नु हुन्छ त्यहाँ आशीर्वचन दिंदै आइरहनु भएको छ।

## देव विवाह

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङको दोस्रो पटकको फक्ताङलुङ तीर्थयात्रामा पाउनुभएको माङ आदेशलाई पूरा गर्ने क्रममा इलामको माङसेबुङ गाउँपालिका ३, (साविक बाँझो ८ इलाम) निवासी तत्कालीन सुब्बा बिर्खध्वज साँबा र साम्सुहाङ कौशिलाको जेठी छोरी पवित्रहाङमा साँबासँग वि.स २०३२ साल माघ २२ गते विहिवारको दिन इलामको माङसेबुङ गाउँपालिका २, (साविक इभाङ ५) चुक्चिनाम्बा गैरीगाउँको माङहिममा देव विवाह गर्नुभयो।

## भूमिगत बैठक र देशद्रोहीको आरोप

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङको निर्देशनमा र तत्कालीन इभाङ गाउँ पञ्चायतका प्रधानपञ्च हर्कध्वज सङबाङफेको व्यवस्थापन र संयोजनमा वि.स. २०३५ कार्तिकमा इलामको साविक महमाई ५ तमाखेको चुलिभित्र भूमिगत बैठक बसी महत्वपूर्ण निर्णयहरू पारित गरेका थिए। सोही बैठकमा किरात धार्मिक झण्डा ( साम्यो निसा र हाङनिसा) को निर्माण गरी निर्णय पुस्तिकामा रगतको ल्याप्चे लगाई माङवाचा खाने काम भएको थियो। यहीं बैठकमा किरात धर्मको पहिलो संगठन पूर्व किरात मानव सुधार संघ नामक संस्था स्थापना गरिएको थियो।

त्यहीं बैठक र संगठन मार्फत अङसीमाङले तत्कालीन निरङ्कुश पञ्चायत शासनकालमा किरात धर्म, भाषा, लिपिको उत्थान र प्रचार कार्य शुरू गर्नु भएको थियो। यसरी किरात धर्म, भाषा, लिपि, संस्कार, संस्कृतिको प्रचार-प्रसार गर्दै, कुरीति र कुसंस्कारमा डुबेका समुदायलाई सभ्य, शिक्षित र चेतनशील बनाउन किरात समुदायको घरदैलोसम्म पुग्नु हुँदा तत्कालीन प्रशासनबाट अङसीमाङलाई देशद्रोहीको आरोप लगाई गिरफ्तारका लागि दिनरात खोजी हुन थालेको किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समितिका अध्यक्ष केहेरसिं योङहाङले सुनाए।

अङसीमाङको पूर्व निजी सचिव माङमिङसोहाङका अनुसार समाजलाई सही मार्ग निर्देश गर्दै, ज्ञान गुणका कुरा गर्दै हिड्दा पनि मुहिङगुम अङसीमाङ फाल्गुनन्दलाई झैं अङसीमाङ आत्मानन्दलाई पनि लिम्बुवानका राजा इत्यादि आरोप लाग्यो। प्रहरीहरू गिरफ्तार गर्न आइरहन्थे। भागिरहनु पर्ने, कुनै पनि समय ज्यान जान सक्थ्यो। यस्तैमा वि.स. २०४९ साउनताका गुरू आत्मानन्द मार्नेलाई ३ लाख रूपैयाँ इनाम दिने भन्ने हल्ला सरकारबाट गोप्य रूपमा चलाइएको भन्ने हल्ला लिम्बुवानमा सर्वत्र चल्यो। त्यहीं वर्ष वहाँलाई महमाई पलाँसेको मुद्दा समेत आइलाग्यो।

## माङगेन्नाको सुरुवात

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेईङको जन्मदिनको पावन अवसरमा वहाँको नुमाङगेन्नासँगै सावायेहाङ किरातहरूको नुमाङगेन्ना सेवा गर्ने प्रचलन निजी गुरू आश्रममा २५ औं जन्मोत्सव मनाएर कार्यक्रमको औपचारिक शुरूवात गरिएको थियो।



पछि यो माङगेन्ना कार्यक्रम भालुटार हुँदै माङसेबुङ तत्कालीन (मान्द्रे डाँडा) मा किरात धर्मावलम्बीहरूको केन्द्रीय माङहिम किरात हाङसाम मुजोत्लुङ माङहिम स्थापना गरेर त्यतै मनाउन थालिएको माङगेन्ना सेवा समितिका अध्यक्ष योङहाङको भनाई छ।

त्यसपछि मान्द्रे डाँडाको नामसमेत परिवर्तन गरी माङसेवुङ नामाकरण गरिएको थियो। यसरी अङसीमाङको नुमाङगेन्नासँगै किरात धार्मिकस्थल माङसेवुङको महिमा पनि दिनानुदिन बढ्दै गयो। तत्कालीन मान्द्रेडाँडालाई माङसेवुङ नामाकरण भइ साढे ४ दशकको समय अवधिमा इलाम जिल्ला र नेपालमा मात्र सिमित्त नभई संसारभर किरात केन्द्रीय धार्मिकस्थलको रूपमा माङसेबुङ कहलिएको छ। माङसेबुङले गर्दा नेपालको इलाम जिल्ला विश्वको नजरमा परेको छ। अहिले इलामको साविक बाँफो, इभाङ र गजुरमुखी गा.वि.सलाई मिलाएर माङसेवुङ गाउँपालिका समेत नामाकरण भएको छ।

## किरात साम्जीक मुन्धुमको अध्ययन, अध्यापन र प्रकाशन

अङसीमाङले वि.स. २०४० साल मंसिरमा ९ जना माङसेवासाबाको समूहबाट इलामको साविक बाँफो ९, मेक्वावेंशीमा किरात साम्जीक मुन्धुमको अध्ययन, अध्यापन शुरू गराउनु भएको थियो। यसैलाई वि.स. २०५० साल कार्तिक २५ गते उद्घाटन गरी किरात साम्जीक मुन्धुमको औपचारिक पढाई हुने किरात साम्जीक मुन्धुम निसामहिमको रूपमा स्थापना गरिएको छ। भने, मुन्धुम शिक्षाको विकास र विस्तारका लागि किरात साम्जीक मुन्धुम युक्सिङ निसामहिम समेत स्थापना गरिएको छ।

यसबाट किरात धर्म दर्शन, किरात साम्जीक मुन्धुमका सैद्धान्तिक पक्षका साथै किरात कर्म, संस्कारबारे

प्रयोगात्मक शिक्षा दिन प्रारम्भ भयो । भने, वहाँकै सम्पादनमा वि.स. २०५३ मा किरात साम्जीक मुन्धुम भाग १ (कुसाङसेमा) प्रकाशन शुरू गरी अङसीमाङकै सम्पादनमा अहिलेसम्ममा किरात साम्जीक मुन्धुम भाग ८ सम्म प्रकाशन भइसकेको छ । यसरी नै अन्य भागहरूको सम्पादन पनि भइरहेको किरात साम्जीक मुन्धुमका सह सम्पादन तुम माङसेवासाबा मनप्रसाद थलङको भनाइ छ।

## जिम्मेवारी संस्थामा हस्तान्तरण

किरात धर्म दर्शन, भाषा, लिपि, साहित्य, संस्कार संस्कृति र मुन्धुमलाई संस्थागत विकास गर्नका लागि र हस्तान्तरणीय सिद्धान्त अवलम्वन गर्नुहुँदै अङसीमाङले किरात धार्मिक संगठनको स्थापना गर्न शुरू गर्नु भयो। यसमा किरात धर्म, भाषा, लिपि, साहित्यको उत्थान गर्न वि.स. २०३६ माघ ७ गते किरात धर्म तथा साहित्य उत्थान संघको स्थापना गर्नु भएको थियो । भने, विश्व किरातीहरूको माङगेन्ना चोत्लुङ उठाउन वि.स. २०३७ सालमा किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समितिको गठन गरेर आफ्नो अभिभारा समानान्तर दुई नेत्रको रूपमा दुई संस्था स्थापना गरी वहाँले सुरू गर्नुभएको जिम्मेवारी संस्थामा हस्तान्तरण गर्नु भएको छ।



यसरी गठित संस्थामा संघ स्थापनाकालमै जिल्ला प्रशासन कार्यालय पान्थरमा दर्ता भए भने माङगेन्ना समिति स्थापना भएपछि लामो अवधिमा मात्र इलाममा वि.स. २०५३ सालमा किरात हाङसाम मुजोत्लुङ माङहिमको रूपमा दर्ता भयो । यसरी अङसीमाङको नेतृत्व र निर्देशनमा माङगेन्ना समितिले माङगेन्ना चोत्लुङ उठाउने जिम्मेवारी सँगसँगै शाखा माङहिमहरूको रेखदेख र माङसेबुङको विकास निर्माणमा निरन्तर लागेको छ । भने, संघले किरात भाषा, लिपि साहित्यको उत्थान र प्रचार-प्रसारमा आफ्नो भूमिका निर्वाह गरिरहेको छ।

अङसीमाङले जिम्मेवारी संस्थामा हस्तान्तरण गर्ने क्रममा किरात धर्म दर्शन, भाषा, साहित्यहरूलाई विश्वव्यापी प्रचार प्रसार गर्न किरात धर्मको संञ्चार संस्थाको रूपमा किरात इङभो पान्जुम्भो गठन गरी प्रचारप्रसार गर्दै आएको छ । भने, माङगेन्ना सेवा समितिको मातहतमा रहने गरी किरात साम्यो साक्थिम्गेन पान्जुम्भो, किरात साम्यो माङसेवासाबा पान्जुम्भो, किरात साम्यो नालीफूङवा पान्जुम्भो, किरात साम्यो सुनुगेन थक्सुबा पान्जुम्भो, किरात साम्यो थामेन्दीङमा पान्जुम्भो, किरात साम्यो हक्चात यक्चुम र किरात साम्यो माङसिवाखाहुन पान्जुम्भो लगायत संस्थाहरू स्थापना भई आ-आफना जिम्मेवारी निर्वाह गरिरहेका छन् । त्यसैगरी गुरू निजी आश्रममा रेखदेख गर्न निजी गुरू आश्रम कृषि समिति, निजी गुरू आश्रम अर्थ समिति र माङसेबुङ विकास समिति, गुरू निजी आश्रम सिद्ध जनशक्ति व्यवस्थापन समिति, आत्मा पवित्र गौशाला समिति लगायतका संस्थाहरू गठन गरी कार्य सञ्चालन हुँदै आएको छ।



## संस्कृति तथा सञ्चारप्रेमी

किरात धर्म दर्शन र कर्म संस्कार संस्कृतिको संरक्षण र प्रचार-प्रसार गर्ने शिलशिलामा अङसीमाङले तत्कालीन कुरीति कुसंस्कारमा डुबेका किरात समुदायमा किरात धर्म दर्शन र कर्म संस्कारको बारेमा सिवाखाहुन मात्र दिएर धार्मिक जनचेतना फैलाउन असम्भव महसुस गर्नुभई गीत संगीत मार्फत

नाचगान गराउँदै किरात धर्म दर्शन र कर्म संस्कार संस्कृतिलाई संरक्षण र प्रचार-प्रसार गर्न थाल्नुभयो । यसरी शुरूवात गर्नुहुँदा गीत संगीतमा गहिरो रूचि राख्नु हुने अङसीमाङ आफै गीतकार, गायक र संगीतकारको रूपमा रहनु भएको थियो। वहाँले गीत लेख्ने, संगीत भर्ने र गीत गाउने मात्र गर्नु भएन गाउँगाउँमा नाटक पनि प्रर्दशन गरेको अङसीमाङ स्वंयम बताउनुहुन्छ। वहाँले सृजना गर्नु भएको गीत संगीतमा किरात धार्मिक जागरणका सन्देशमुलक गीत र माङसेवा साम्लोहरू रहेका छन्।



यसरी अङसीमाङले सांस्कृतिक जागरण अभियान पहिलो पटक वि.स. २०३०/३१ सालताका ताप्लेजुङको काबेली माङहिममा किरात सांस्कृतिक कार्यक्रम आयोजना गरी सुरू गर्नु भएको थियो। वहाँले गीत लेखेर संगीत गर्नु भएका र किरात मौलिक गीत संगीत तथा माङसेवा साम्लोलाई संरक्षण, सम्वर्द्धन गर्दै, किरात संस्कार संस्कृतिलाई संसारभर प्रचार-प्रसार गर्न वहाँको निर्देशनमा वि.स. २०३७ सालमा केन्द्रीय किरात सांस्कृतिक समिति औपचारिक रूपमा स्थापना गरिएको थियो । त्यसपछि यहीं संस्थाको संयोजनमा वि.स. २०५६ सालमा माङसेवुङमा किरात साम्मुक इत्लोहिम ( किरात रेकर्डिङ स्टुडियो) स्थापना गरी माङसेबुङमा गीत रेकर्डिङ गरिएको थियो।

अङसीमाङले रचना गर्नुभएको गीतहरू किराती चुम्से, ओत् तागेरा, तान्छोदिङ तारे, थाङमाङ लाम्दो, इक्सादिङ खाम्बेक, लछा पुधिक लगायतका गीतहरू किरात साम्यो साक्थिम्गोन पान्जुम्भोले अङसीमाङको सोलो एल्बमको रूपमा रेकर्ड गरेर अडियो र भिडियोको रूपमा बजारमा ल्याएको छ। अङसीमाङ आफैमा पनि मिठो स्वरका धनि हुनुभएकोले माङसेवा साम्लो, हाक्पारे, ख्याली, पालाम, यारीछाम जस्ता किरात मौलिक मुन्धुमी छन्दहरू गाउनुहुन्छ। यसरीनै मौलिक गीत संगीतमा मेलोडीलाई सही न्याय दिन अनुभवि हुनका साथै माङलाङ, केलाङ, थेबालाङ युमालाङ अनि तिन्दिङ नाहेनलाङमामा पनि अङसीमाङको विशेष आकर्षण रहेको छ।



त्यसैगरी किरात धर्म दर्शन, भाषा, लिपि, साहित्य, संस्कार संस्कृतिको संरक्षण र उत्थान गर्दै तिव्र गतिमा चौतर्फि प्रचार-प्रसार गर्न सञ्चारको आवश्यक रहेको मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ बताउनु हुन्छ । यसका लागि आफ्नै सञ्चार गृहको स्थापना गर्नु आवश्यक रहेको समेत बताउनुहुन्छ। वहाँले विगत लामो समय यता किरात धर्म दर्शनलाई पूर्णता दिनका लागि आफ्नै प्रेस स्थापना गर्न आवश्यक कदम चाल्न सम्बन्धित पक्षलाई निर्देशन दिइरहनु भएको छ।

अङसीमाङकै अगुवाईमा वि.स. २०४२ सालमा किरात लिपि छाप्ने प्रेस भारतको कलकत्ताबाट ल्याएर ४७ साल फागुन ८ गते किरात प्रिन्टिङ प्रेसको स्थापना भएको थियो। यो प्रेस किरात लिपि छाप्ने विश्वको पहिलो प्रेस रहेको मानिन्छ। धार्मिक, सामाजिक र राजनीतिक जुनसुकै गतिविधिहरू पनि सञ्चार माध्यमबाट प्रचार-प्रसार गर्न जरूरी रहेको अङसीमाङ बताउनु हुन्छ। किरात धार्मिक ग्रन्थ किरात साम्जीक मुन्धुम, किरात धर्म दर्शन र कर्म संस्कारहरूलाई विश्वव्यापीकरण गर्न

आफ्नै प्रेस छापाखाना स्थापना गर्ने र सञ्चार विधाको छापा माध्यममा पत्रपत्रिका, पुस्तकहरू प्रकाशन र विद्युतीय माध्यममा रेडियो, टेलिभिजन, वेवसाइड र अनलाइनहरू स्थापना गरी निरन्तर लाग्नु पर्ने अङसीमाङको भनाइ रहेको छ।

## राजनीतिक चिन्तक

राजनीतिक दर्शनले राज्यको परिचालन र शासकीय स्वरूप निर्धारण गर्ने हुँदा अङसीमाङले देशको राजनीतिप्रति पनि चासो लिइरहनु हुन्छ। हुन त अङसीमाङ राजनीतिककर्मी नभई अध्यात्मिकवादी, दार्शनिक भएपनि राजनीतिक चिन्तक वा विश्लेषकका रूपमा वहाँसँगको सामिप्यतामा उठ्बस गर्दा अनुभूत हुने तत्कालीन माङगेन्ना मासिकमा वनेम विक्रम फागोले उल्लेख गर्नु भएको छ। फागोका अनुसार अध्यात्मिकवादी दार्शनिक अङसीमाङले राजनीतिक निरपेक्षवादी भएर किरात धर्म दर्शन र साहित्य संस्कारको प्रचार-प्रसार गर्दै अघि बढ्रिहनु हुँदा समेत अराजक प्रतिक्रियावादीहरूको समूहले अङसीमाङलाई राजनीतिक रंगको हिलो छ्यापेर विवादमा ल्याउने प्रयास निरन्तर गरिरहेका छन्।

वहाँले विश्व शान्ति मानव एकताको नारा लिएर समानता र समावेशितामा सबै जनतालाई मिलाएर राज्य सञ्चालन गर्न राजनेताहरूलाई अनुरोध गरिरहनु भएको छ। नेपालमा चलेको १० वर्षे द्वन्द्वकालमा तत्कालीन शसस्त्र विद्रोही माओवादीलाई होस् या नेपाली शाहि सेना अनि राजनेता र नेपाली जनतालाई होस् सबैलाई हत्या हिंसा रहित शान्ति सद्भाव र एकता भएपछि मात्र देश विकास हुन सक्ने जानकारी गराइरहनु भएको थियो। आज पनि विश्व शान्ति तथा मानव एकताको उद्‌घोष गरिरहनु भएको छ।

यसरीनै नेपालको संविधान निर्माण र घोषणाको संघारमा पनि राजनीतिकर्मी सबैलाई एकता र शान्ति स्थापना गरी जनताको चाहनामा आधारित समानताको संविधान घोषणा गरेर राज्य सञ्चालन गर्न आग्रह गरिरहनु भएको थियो र आज पनि देशमा शान्ति बिना दिगो विकास सम्भव नहुने नेताहरूलाई सुझाइरहनु भएको छ। यसरी विश्वमा बढ्दो द्वन्द्व, हत्या, हिंसा, अराजकता र अशान्तिले संसारलाई कुन मोडमा लैजाने भन्ने विषयमा अङसीमाङ बढी चिन्तित हुनुहुन्छ।

## विकास निर्माणमा अङसीमाङको देन

किरात धर्म दर्शन, भाषा, लिपि, साहित्य, संस्कार संस्कृतिको संरक्षण र प्रचार-प्रसारमा अङसीमाङको जति गहँन योगदान रहेकोको छ त्यतिनै भौतिक विकास निर्माणमा पनि वहाँको देन रहेको छ। अङसीमाङ तथा अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनले गुरू निजी आश्रमका लागि ताप्लेजुङको काबेली माङहिम, पान्थरको फूङसेन, कुरूम्बा, इलाम बाँझोको नवमीडाँडा, झापाको दमक लगायतका ठाउँमा हेर्नुभएको थियो। तर, ती ठाउँमा विभिन्न कारणले निजी आश्रम निर्माण हुन सकेनन्।

त्यसपछि तत्कालिन बाँझो-९, लारूम्बाको सुब्बाबारीमा जग्गा मिलाएर वि.स. २०३५ कार्तिक २५ गतेबाट वहाँहरू स्थायी रूपमा बसोबास गर्न थाल्नुभएको माङगेन्ना अध्यक्ष केहेरसिं योङहाङको भनाई छ। वहाँहरू लारूम्बामा स्थायी बसोबास गर्न सुरू गर्नुभएपछि अङसीमाङको नेतृत्व र निर्देशनमा माङसेबुङमा अर्बौंको भौतिक संरचनाहरू निर्माण भएका छन्। यसरी स्थायी बसोबासपछि पठनपाठनका लागि स्कूलको अभाव महसुस गर्नुभयो। अनि नजिकै रहेको भालुटारमा सरस्वती प्रा.वि.को स्थापना गर्नु भयो, हाल सो स्कूलमा मा.वि.सम्म अध्ययन् अध्यापन भइरहेको छ।

त्यसैगरी फाल्गुनन्द मार्ग (दमक-चिसापानी पञ्चमी सडक खण्ड) घोषणा गराउँन र माङसेवुङमा खानेपानीको अभाव रहेकोले खानेपानी






व्यवस्था गराउनका लागि वि.स. २०३६ सालमा अङसीमाङले धनकुटामा पुगेर तत्कालिन राजा वीरेन्द्रलाई अनुरोध गर्नु भएको थियो । पुनः ५६ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई अनुरोध गर्नु भएपछि फाल्गुनन्द मार्ग घोषणा भएको थियो । तर, पनि सो मार्गको नाम वैधानिक रूपमा फाल्गुनन्द मार्ग नामाकरण हुन सकिरहेको छैन्।

यसरीनै अङसीमाङकै पहल र निर्देशनमा साढे ५ किलोमिटरको माङसेवुङ चक्रपथ किरात धर्मावलम्बीहरूको श्रमदानमा निर्माण भई ६१ साल कार्तिक २५ गते फाल्गुनन्द जन्मजयन्तीको अवसरमा उद्घाटन गरिएको थियो । त्यसपछि महागुरू फाल्गुनन्दकालीन माङहिमहरू पान्थर चोकमागु ३ लब्रेकुटीमा अवस्थित किरात साङसेन वरक चोत्लुङ माङहिम, पान्थरकै सिलौटी माङहिम, इलामको जीतपुरमा अवस्थित किरात नाम्बीनयक फाल्गुनन्द माङहिम र पान्थरको तुम्बेवा माङहिमहरूमा चक्रपथ निर्माण गर्नुभएको छ । महागुरू र वहाँकै जन्मस्थल इलामको इभाङ ५ चुक्चिनाम्बा गैरीगाउँ माङहिम परिसरमा पनि अङसीमाङकै पहलमा सडक पुगेको छ भने, वर्षेनी फाल्गुनन्द मार्ग मर्मतका लागि पहल गर्नुहुँदै वहाँकै पहलमा झापाको बिर्तामोडबाट इलामको दानाबारी महमाई हुँदै माङसेवुङको भञ्ज्याङमा फाल्गुनन्द मार्गमा जोडिने आत्मानन्द मार्ग निर्माणपछि यातायात सञ्चालन हुँदै आइरहेको छ।

त्यसैगरी माङसेवुङ, फुलुङगी खत्रक्पा जीतपुर हुँदै इलाम सदरमुकाम जोडिने सडक निर्माण पनि भइरहेको छ। यसरीनै वहाँकै पहल र निर्देशनमा किरात धार्मिक संस्थाको संयोजनमा स्थापना गर्नुपर्ने किरात विश्व विद्यालयको स्थापनामा पनि अङसीमाङ उतिकै लाग्नु भएको छ । पछिल्लो समयमा लिङ्देन आत्मानन्द सेइङ बहुमुखी क्याम्पसको स्थापना गर्नका लागि पनि वहाँले पहल गरिरहनु भएको छ । तथापि क्याम्पस सञ्चालन सुरू भएको छैन्।

अङसीमाङको जीवनकालमा यस बाहेक भौतिक संरचनाको रूपमा देश विदेशमा गरी अर्बौंको लगानीमा सयौ माङहिमहरू स्थापना गर्नु भएको छ । यसले देशको पर्यटन व्यवसायमा ठूलो टेवा पुगेको छ । अझ् दर्जनौ स्थानमा महागुरू फाल्गुनन्दको प्रतिमा स्थापना गराउन पनि अङसीमाङको अतुलनीय योगदान रहेको पाइन्छ । यसरी अङसीमाङको त्याग र देनले माङसेबुङ संसारभर कहलिएको छ । धार्मिक पर्यटकीय गन्तव्यको रूपमा विश्वले चिन्न थालेको छ।

## विश्व शान्ति र मानव एकताको संवाहक

संसारमा बढ्दै गइरहेको क्रोध, घमण्ड, अहंकार, हत्या हिंसा, विभेद र अशान्तिले विश्वलाई चिन्तित तुल्याएको अवस्थामा विश्वका सम्पूर्ण मानिसहरूबीच सौहार्दता, शान्ति, एकता, सहिष्णुता, आत्मियता, विश्व बन्धुत्वका भावना जगाउन अङसीमाङले सबैलाई आव्हान गर्दै आउनु भएको छ । विश्व शान्ति र मानव एकता स्थापना गर्न समान हक र अधिकारहरू बाँडफाँड गरी सबैमा सच्चा भावना र एकताको विचार पैदा हुनु आवश्यक रहेको अङसीमाङ बताउनुहुन्छ।

संसारका मानिसहरूमा सच्चा आत्मा र पवित्र भावनाले एकता भयो भने सबैले सुख, शान्ति र समृद्धि प्राप्त गरी मानव एकता कायम गर्न सफल भइन्ने वहाँको भनाई छ । यसरीनै धर्म दर्शन, भाषा, लिपि, साहित्य, संस्कार संस्कृति आस्था र अस्तित्वको विषयमा जाति, वर्ग वा समुदायबीच अनेकतामा फुट रहेका समुदायलाई एकता गराउन पनि अङसीमाङले अहम भूमिका निर्वाह गरिरहनुभएको छ।



## ऐतिहासिक कार्यहरु

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङको निर्देशन र नेतृत्वमा किरात धर्म तथा साहित्य उत्थान संघ र किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा समितिको संयुक्त आयोजनामा वि.स. २०५७ साल कार्तिक २४, २५ र २६ गते त्रिदिवसीय रूपमा महागुरू फाल्गुनन्द लिङदेनको ११६ औं जन्मजयन्तीको अवसरमा विश्व शान्ति मानव एकता दिवसको रूपमा किरात धर्म प्रथम अन्तर्राष्ट्रिय महासम्मेलन नेपालको राजधानी काठमाडौंमा सम्पन्न गर्दै किरात पोशाक तागाबा र मेख्ली पहिलो पटक प्रर्दशन गरेको थियो। पुनः काठमाडौंमै वि.स. २०६७ साल चैत्र २१, २२ र २३ गते किरात धर्म दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन भव्यतापूर्वक सम्पन्न भएको थियो।

यसरीनै मुहिङगुम अङसीमाङ फाल्गुनन्दको अपूरो कार्यलाई पूरा गर्ने प्रमुख अभिभारा आफूमा रहेको उद्घोष गर्नुहुने अङसीमाङले वि.स. २०६१ साल कार्तिक २५ गते महागुरूको १२० औं जन्मजयन्तीको अवसरमा महागुरूको संकल्प अपूरा भाकल पूरा गर्नु भयो र महागुरूको शालिक इलामको माङसेवुङ र झापाको दमकमा एकैदिन दुई ठाउँमा अनावरण गरी महागुरू फाल्गुनन्दको शालिक संस्थागत रूपमा स्थापनाको शुरूवात पनि गर्नु भयो। वहाँकै पहलमा मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्दलाई नेपाल सरकारले वि.स. २०६६ साल मंसिर १६ गते नेपालको राष्ट्रिय विभूति घोषणा गऱ्यो । भने, अङसीमाङकै पहलमा माङसेबुङलाई धार्मिक सांस्कृतिक पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न प्रदेश सरकारबाट विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत गरिसकिएको छ । तर, यसको कार्यान्वयनमा सरकार उदासिन बन्दै गएको छ।



# हार्दिक शुभकामना



मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवा एंव चेसोक तङनामको पावन अवसरमा वहाँहरुमा माङ्वा–हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना

## माङसेबुङ गाउँपालिका

### एंव सम्पूर्ण गाउँपालिका परिवार

**माङसेबुङ –२, इभाङ, इलाम**

| दिलशेर राई<br>प्रमुख प्रशासकीय अधिकृत | विनोदकुमार नेम्बाङ<br>उपाध्यक्ष | हेमन्त राई<br>अध्यक्ष |
|---|---|---|

# [illegible]

## [illegible]



[illegible]

[illegible]

ᤔᤱᤍᤢ ᤗᤡᤐᤢᤒ ᤗᤡᤖᤢᤍᤡᤷᤌᤢ᤺ ᤐᤧ ॥

ᤁᤡ.ᤋ. ᥈᥆᥋᥉ ᤀᤧᤛᤱᤖᤡ ᥇᥉-᥇᥊ ᤒᤧᤒᤡᤰ ᤋᤒᤡᤗ ᤃᤢᤴᤡᤰ ᤴᤡᤁᤡ,ᤁᤡ ᤃᤢᤶᤏᤢ ᤂᤱᤒᤱᤗᤡᤖᤧ ᤔᤧᤃᤡᤱ ᤒᤠ ᤔᤡᤶ. ᤂᤠ ᤔᤡᤶ ᤏᤢᤔᤡᤛᤡᤏ ᤃᤡᤛᤢᤍᤢ ᤃᤡᤛᤢᤛᤢ ᤕᤢ,ᤁ ᤒᤠᤛᤁ ᤃᤢᤁᤢᤖᤏᤠ. ᤛᤡᤖᤢ ᤋ,ᤒ ᤋᤀᤢ ᤏᤡᤂᤡᤋ ᤈᤢ ᤀᤢᤛ ᤏᤠᤐ ᥈᥆᥋᥌. ᤛᤡᤖᤢ ᤂᤠᤏᤡᤶ ᤒᤢᤃᤡᤋᤢᤏᤢ ᤒᤠᤂᤡᤶ ᤛᤡᤖᤢ ᤃᤡᤋᤢᤏᤢ ᤈᤠᤴᤡᤒᤠᤛᤧᤶᤛ ᤏᤡᤐᤡ ᥈᥆᥋᥊. ᤛᤡᤖᤢ ᤋ,ᤒ ᤏᤡᤗᤡᤶ ᤈᤡᤴᤍᤢᤛ ᥈᥆᥋᥎. ᥈᥆᥏᥎. ᥈᥆᥉᥎. ᥈᥆᥌᥎. ᥈᥆᥊᥎ ᤗᤡᤖᤱ. ᤛᤡᤖᤢ ᤔᤢᤵᤗᤧ ᤃᤡᤶ ᤕᤡᤶᤋᤡ ᤗᤡᤏᤢ ᤍᤢᤠᤴᤡ ᥈᥆᥏᥈. ᤔᤡᤱ ᤏᤡᤠᤀᤡᤶᤛᤡ ᤍᤢᤀᤧᤶᤜᤡ ᤍᤢᤛᤡᤛ ᤜᤡᤠᤀᤡ ᤍᤢᤜᤡ ᤍᤢᤴᤡ ᤛᤡᤏᤡ. ᤛᤡᤶᤏᤡᤒᤡ. ᤏᤡᤏᤡᤒᤡ ᤀᤱᤋᤠᤁᤡ ᤏᤡᤱᤒᤢᤖ ᤀᤁᤡᤛᤢᤗ ᤃᤡᤛᤱᤐᤡᤀ, ᤍᤢ ᤏᤡᤱᤒᤢᤖ ᤐᤡᤋᤡᤒᤢᤒ ᥈᥆᥏᥎. ᤛᤢᤏᤢᤛᤡ ᤒᤡᤈᤡ ᤐᤡᤖᤢ. ᤍᤠᤴᤡ ᥈᥆᥊᥍. ᤋᤶᤁᤖ ᤐᤖᤢ ᤛᤱᤛᤏ ᤐᤡᤋᤢ. ᤗᤡᤛᤔᤖᤢ ᤍᤧᤱ ᤍᤢᤶᤒᤡᤍᤱ ᤍᤢᤏᤡᤍᤱᤛᤡ, ᤏᤡᤐᤡᤍᤧᤀᤡ ᤀᤡᤃᤡᤋᤢᤏᤢ ᤀᤡᤏᤢᤜᤢ ᤏᤡᤕᤢᤒ ᤔᤡᤶᤁᤡ. ᤃᤢᤶᤃᤡᤖᤡ ᤃᤢᤶᤀᤡᤱᤏᤢ ᤈᤡᤶᤁᤡ ᤕᤃ,ᤒ ᤀᤧᤜᤢᤛᤡ ᤒᤠᤏᤡᤵ ᥈᥆᥊᥍. ᤛᤡᤖᤢ ᤋ,ᤒ ᤃᤖᤕ,ᤖ ᥈᥆᥊᥇. ᤒᤢᤂᤡᤛᤢᤛᤶ ᤈᤠᤴᤡᤒᤠ. ᤴᤡᤠᤀᤡᤶ ᤈᤡ᤺ᤒᤡᤛᤵᤍ 'ᤏᤡᤈᤡ.' ᤏᤡᤐᤡᤛᤢ ᤏᤶᤗᤡ. ᥈᥆᥋᥌. ᤏᤡᤐᤡᤍᤧᤀᤡ. ᤗᤡᤁᤡᤛᤢᤐᤡ ᤍᤱᤐᤡ ᤏᤡᤐᤡ ᥈᥆᥉᥌. ᤒᤢᤂᤡᤛᤢᤶ ᤈᤠᤴᤡᤒᤡᤒᤠ. ᤏᤡᤒᤢᤁᤡ ᤕᤁᤡᤋᤢᤀᤡᤒᤡ ᤴᤡᤠᤀᤡᤶ ᤏᤡᤐᤡᤛᤢ ᤏᤗᤡ. ᥈᥆᥌᥇. ᤏᤡᤐᤡᤍᤧᤀᤡ. ᤛᤡᤖᤢᤋᤏᤡᤈᤡ ᤏᤡᤶᤒᤡ. ᤍᤢᤵᤗᤡ ᤛᤖᤠ ᤏᤡᤵᤗᤡ ᤒᤠᤐᤡ ᤀᤡᤐᤡ ᤀᤡᤒᤡ ᤔᤡᤶᤁᤡ ᥈᥆᥌᥍. ᤛᤡᤖᤢ ᤏᤡᤐᤡᤍᤧᤀᤡ. ᤈᤡᤵᤏᤢ. ᤋᤵᤛᤡᤛᤢ ᤏᤡᤐᤡ ᥈᥆᥊᥍. ᥇᥆᥎ ᤐᤡᤛᤶᤋᤡᤛᤢᤴᤡᤶᤁᤡ ᤐᤡᤛᤶ ᤃᤡ, ᤛᤱᤗᤢᤈᤡ. ᤏᤡᤐᤡᤍᤧᤀᤡ.ᤏᤡᤈᤡ ᤀᤡᤛᤢᤀᤱᤛᤡ ᤴᤡᤒᤡᤴᤡ ᤛᤁᤡᤏᤢ ᤁᤡ ᤴᤡᤍᤡ ᤴᤡᤏᤡᤋᤢᤀᤡ, ᤐᤡᤀᤵ ᤔᤡᤶᤁᤡ ᥈᥆᥊᥍. ᤏᤡᤐᤡᤍᤧᤀᤡ.ᤏᤡᤖᤧ ᤛᤡ,ᤈᤡ. ᤀᤧᤶᤜᤡ.ᤀᤡ ᤃᤢᤶᤗᤡ ᤗᤡᤖᤡᤗᤡ, ᤀᤧᤶᤍᤢᤈᤡ. ᤐᤡ ॥

ᤛᤡᤖᤢ ᤏᤡᤶᤍᤡ ᤈᤡ.ᤗᤶᤒᤡ ᤍᤢ ᤴᤡᤒᤡᤱᤏᤢ. ᤏᤡᤛᤢ. ᤒᤡᤶᤜᤡᤶ ᤔᤡᤱᤏᤢᤵ ᤃᤡᤛᤢ ᤒᤡ ᤍᤡᤛᤢᤗᤡ ᤛᤡᤏᤢᤵᤴᤡ ᤴᤡ ᥉ ᤏᤖᤡᤖ ᤕᤶᤃᤡᤍᤋ ᤍᤱᤛᤡᤏᤢᤵᤴᤡ ᤏᤡᤱᤕᤧᤛᤡᤏᤢ ᤛᤡᤕᤢᤒᤡᤍᤢ

ᤕᤢ.ᤴᤡ ᤀᤧᤵᤒᤡᤖᤱᤒᤧᤛᤢ ᤛᤡᤴᤡ.ᤛᤡᤶ ᤔᤱᤴᤡᤖᤡᤶ ᤔᤡᤛᤡᤛᤢ ᤁᤡ,ᤈᤡ ᤍᤡ.ᤴᤡ ᤒᤡᤵᤏᤢ. ᤛᤡᤶᤀᤧᤶᤋᤡ ᤜᤡᤈᤡ. ᤛᤡᤈᤡᤛᤢᤛᤡᤶ ᤛᤡ.ᤃᤡ. ᤋᤡᤶᤗᤡ. ᤴᤡ.ᤴᤡ. ᤴᤡᤱᤛᤱᤍᤢ ᤏᤢ.ᤛᤱᤍᤢ ᤃᤡ.ᤴᤡ.ᤍᤢ ᤒᤡᤱᤐᤡ ᤀᤡᤱᤀᤡᤱ ᤛᤡᤏᤢᤏᤡ ᤜᤢᤖ ᤏᤡᤵᤗᤡᤛᤢ ᤏᤡᤵᤏᤱ ᤒᤢᤶᤜᤢᤶ ᤀᤡᤁᤡᤛᤢᤗᤡ, ᤋ.ᤏᤡᤕᤢ ᤛᤡᤒᤡ ᤋᤡ ᤜᤡᤛᤡᤒᤡ ᤋᤢ ॥

ᤍᤱᤕᤡ.ᤛᤡᤶ ᤋᤢᤶ ᤀᤡ. ᤋᤢᤶᤒᤡ.ᤀᤡ.ᤀᤡ, ᤀᤧᤵᤗᤧ ᤋ. ᤛᤡ.ᤛᤡᤶᤍ ᤏᤡᤀᤡ. ᤖᤢ ᤁᤖᤛᤡ ᤍᤍᤁᤡ. ᤁᤡᤜᤡ,ᤍᤡᤁᤡ ᤀᤡᤶᤋᤡᤖᤡ. ᤕᤢᤒᤡᤛᤶᤍ ᤃᤡᤀᤡ. ᤛᤶᤍ ᤕᤢᤏᤋᤡ ᤕᤢᤛᤡ. ᤛᤡᤖᤡᤃᤡ ᤕᤢᤏᤡᤍ ᤛᤡᤈᤡᤖᤡᤴᤡ. ᤃᤢᤍᤁᤡᤀᤡᤍᤢᤖ ᤀᤡᤕᤡ. ᤃᤢᤴᤡᤵ ᤛᤡᤈᤡᤖᤡᤴᤡ. ᤕᤢᤃᤢᤕ ᤛᤒᤵ ᤋᤡᤀᤡᤵ. ᤒᤡᤋᤁ ᤛᤡᤕᤡᤵ. ᤃᤡᤀᤡᤛᤡᤀ ᤗᤡᤛᤡᤵ. ᤛᤡᤕᤡ ᤈᤡᤵ. ᤏᤡᤖᤁᤡᤀᤡᤍᤢᤖ ᤍᤡᤈᤢᤁᤡ. ᤃᤢᤁᤡᤃᤢ ᤛᤡᤶᤁᤡ.ᤴᤡᤈᤡ ᤏᤡᤐᤡᤛᤢ ᤏᤗᤡ. ᤔᤡᤶᤁᤡᤈᤡ ᤒᤡᤋ ᤒᤡᤃᤢᤖᤡᤈᤡ. ᤒᤡᤐᤡ ॥ ᤀᤡᤱᤛᤡᤖᤡᤱ ᤏᤡᤶᤃᤡᤛᤢ ᤒᤢᤶᤜᤢᤶ ᤵᤱ ᤔᤡᤱᤛᤡ.ᤜᤡ ᤛᤡ.ᤴᤡ ᤵᤱ ᤗᤡᤖᤡᤛᤢ ᤏᤡᤵᤒᤡ ᤵᤕᤢᤒᤡ ᤍᤢᤒᤢᤁᤡᤱᤗᤡ, ᥈᥆᥉᥈ - ᥈᥆᥎᥇ ᤀᤡᤖᤡᤱ ᤀᤧᤶᤜᤡ. ᤀᤧᤶᤜᤡ.ᤀᤡ. ᤀᤡ ᤏᤡᤵᤴᤡᤛᤢ ᤗᤡᤛᤢᤗᤡᤈᤡ. ᤐᤡ ॥





# लुङमेन्दिङ नोनिङ्वा

मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङदेन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरुमा माङवा-हाङवा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङवाभूमाङसँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङ्वा तोम्मा गर्दछौं।

**किरात साम्यो साक्थिम्गेन मुजोल्लुङ पान्जुम्भो**

**एंव सम्पूर्ण केन्द्रीय समिति माङसेबुङ ५, इलाम**

मनप्रसाद चेम्जोङ — कोषाध्यक्ष
दिलिप माखिम — सचिव
लेखनाथ चेम्जोङ — अध्यक्ष



# लुङमेन्दिङ नोनिङ्वा

मुहिङगुम अङसीमाङ लिङदेन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङदेन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरुमा माङवा-हाङवा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङवाभूमाङसँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङ्वा तोम्मा गर्दछौं।

**किरात धर्मगुरु लिङदेन आत्मानन्द सेइङ गुरु निजी आश्रम कृषि समिति**

माङसेबुङ ५, लारुम्बा, इलाम

शेरबहादुर लाओती — कोषाध्यक्ष
उदय विक्रम तुम्बापो — सचिव
टिकाराम केरुङ — अध्यक्ष


# किरात लिपि सिकौं

## (स्वर वर्ण)

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ऐ |
| ओ | औं | ऐ: | | | |

## (व्यञ्जन-वर्ण)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क | ख | ग | ङ | च | छ | ज | न | त |
| थ | द | ध | प | फ | ब | भ | म | य |
| र | ल | व | श | स | ह | घ | | |

## (सानो अक्षर/आधा अक्षर)

क्‍ ङ्‍ न्‍ ट्‍ ल्‍ म्‍ र्‍ त्‍

## (ब्राह्र खरी)

क का कि कु के कै को कौ के:

## (अंक)

१ २ ३ ४ ५ ६ ७ ८ ९ १०

## (एकतुम् शक)

य र व

# सबै मिलेर समाज र मुलुकको विकास गरौं



**(वि.स. २०८० माघ १६ गते पान्थरको फिदिम नगरपालिकामा अवस्थित याङनाम खलंगाटारमा आयोजित राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देनज्यूको शालिक अनावरण तथा विश्व शान्ति मानव एकता सेवामा मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूले दिनु भएको आशीर्वचनको सम्पादित अंश।)**

ओत् तागेरा निङवाभूमाङे सेवारो
मेन्नीमाङ मेन्धामाङ सेक्खामाङ आनोमाङ मुजोत्लुङ खेजोत्लुङ माङलिङ माङकेप्मा माङओप्मामाङ सेवारो। आज म तपाईंहरूको निमन्त्रणालाई स्विकार गरेर यो पान्थर जिल्लाको फिदिम नगरपालिकाको खलङगामा आइपुगेको छु। म यहाँ आइ पुग्दा मेरै गाउँघरमा पुगेको सम्झना आयो। हामी विश्व शान्ति मानव एकताको लागि सेवा गर्न भेला भएका छौं। यहाँ उपस्थित विद्वान मित्रहरू, पत्रकार मित्रहरू, शसस्त्र प्रहरी, नेपाल प्रहरी सुरक्षाकर्मी सबैमा धन्यवाद छ। मेरो आशीर्वाद छ।

म यो ठाउँमा आइपुगेको थिइन्। यहाँ तल-तल त हिडेको थिएँ। यो ठाउँमा आइपुग्दा खुशी लाग्यो। प्राकृतिक सुन्दरता एक अचम्मको हुन्छ। वरिपरी डाँडाहरूले घेरिएको थलो यो याक्थुङहाङहरूले राज्य गरेको थलो हो। यहाँबाट थेगिमहरू धेरै थरमा बाडिएको छ। यसरी चार थरी भएका छन्। गढ रूङगेर बस्नेलाई थेगिम भनियो।

याक्थुङहाङसाहरूको गढमा आइपुग्दा आफ्नै घरमा आइपुगेको जस्तो लाग्यो। किनभने हामी किरातेश्वर याक्थुङहाङसा भनेको झण्डै हराईसकको समाज हो। तर, हामी याक्थुङहाङसाको भाषा, लिपि, संस्कृति र इतिहास पूरै हराउन चाहिँ सकेनन्। अहिलेसम्म हामीले ज्यूँदो राखेका छौं। लिपिको निमित्त सिरिजङगाहाङ सहिद हुनुभयो। महागुरू फाल्गुनन्दज्यूले भाषा लिपिको प्रचार गरेर ल्याउँदाखेरी अराष्ट्रिय तत्वको मुद्दा लाग्नुभयो। वहाँलाई नेल साङली पनि लाग्यो। महागुरूलाई धनकुटा गौडामा बोलाइयो।

महागुरूलाई त्यहाँ सोधियो तपाईंको लिपि छ ? भन्दा महागुरूले छ भन्नुभयो। आफै बनाएको भन्दा होइनन् जुन दिन यो सृष्टि भयो, ब्रह्मा, विष्णु, शिवको सृष्टि भयो त्यहीं दिनदेखि यो लिपिको सृष्टि भएर आएको हो भनेर महागुरूले वयान दिनु भयो। त्यो वयानमा महागुरूले आठ ठाउँमा हस्ताक्षर गर्नुभयो। त्यसैले हामीले मुन्धुम पढन पाएका छौं। इमानसिंह चेम्जोङ त समाकालिन जस्तै हामी त मेरो मामा पनि हो। वहाँले काठमाण्डौमा पढाउदा हाम्रो भाषा लिपिको बारेमा पनि पढाउनु भएको थियो। तर, राजवंशले अलिक शंका गरेपछि वहाँ पनि दार्जिलिङतिर गएर बस्नुभयो।

यसरी हामीले मुन्धुम, भाषा, लिपि र धर्मको प्रचार गर्दै आयौं। किरात धर्म तथा साहित्य उत्थान संघ भनेर यहीं पान्थर जिल्लामा दर्ता गरेर देशभरी प्रचार गर्‍यौं। त्यतिबेला मेरो टाउँको पनि मोलि मागेको हो। तर पनि मलाई पक्रिन चाहिँ सकेनन्। तत्कालीन प्रशासनले मेरो टाउँको मूल्य ३ लाख तोकेको थियो। यो भाषा र लिपिको लागि हामीले धेरै दुःख गरेका छौं। हाम्रो भाषा लिपि हराएमा हामी हराउँछौं।

हामीले भाषा र लिपि हराउँनु हुँदैन्। हाम्रो भाषा लिपि सबैले पढनु पर्छ। पान्थर जिल्ला त अधिकांश याक्थुङहाङ भाषा बोल्ने र पढ्ने ठाउँ हो। त्यसैले भाषा बोल्नुपर्छ। हामीले पढ्नुपर्छ। सबै विद्यालयमा पठनपाठन गर्नुपर्छ तपाईंहरूलाई म यहीं अनुरोध गर्न चाहन्छु। अहिले भाषामा धेरै विकास हुँदै आएको छ। सिक्किममा हाम्रो भाषामा एम.ए. सम्म पढाई हुन्छ। भाषामा धेरै प्रगति भइरहेको छ।

यो भाषा लिपि सबैले सिक्दा हुन्छ। सबैले पढ्दा हुन्छ। भाषा लिपिको सीमा हुँदैन। हामीले खस नेपाली भाषा पनि त भर्खरै सिकेको हो। अहिले पो नेपाली भाषा प्रष्ट बोल्न सिकेका छौं। नेपाली भाषामा पनि अंग्रेजी भाषा मिसमास छ। हामीले काम चलाउ सबैलाई समेट्ने भाषा बोलिरहेको छौं। तर, याक्थुङहाङ भाषा पनि बोल्नुपर्छ। याक्थुङहाङ किन भनेको भन्दा हामी याक्थुङहरू भिरको टाँकुरामा बसोबास गरिआएको र बाक्लो गाउँ बनाएर बस्दै आएकोले याक्थुङबासी याक्थुङहाङसा भनिएको हो।

पहिला याक्थुङहाङसाहरू एक थियौं। जब

थिबोङहाङ याक्थुङहाङ भयौं तब विडम्बना के भयो भने, यो राज्य एक जमनामा लेप्चाहरूले राज्य गरेका थिए। त्यतिबेला याक्थुङहाङसासँग लडाइँ भयो। त्यो लडाइँमा लेप्चाहरू हारेर भागे। उनीहरू सिक्किमतिर पसिगए। त्यसपछि पुर्खाहरू चुम्लुङ बसे। राज्यको नाम के राख्ने भन्दा खोङ, लि तोङले जितेको हुनाले यसको नाम लिम्बुवान लगाउ भनेर नामाकरण लगाएको हो। अनि पो लिम्बुवान भूमिमा जो कोहिँ पनि बसेका छौं। यहाँ जो कोहिँलाई सरण दिएर बसेका छन्। त्यसैले यस भूमिलाई लिम्बुवान पनि भन्ने गरिएको छ।

यहाँ दश लिम्बु सत्र थुम भनिन्छ। इलाममा मिक्लुक थुम छ। चारखल थुममा चार वटा थुम छन्। यसरी सत्र वटा थुम रहेका छन्। त्यस भित्र हामी राज्य गरेर बसेका हौं। हामी पनि आफै आफै नमिल्नाले आफू आफू लड्ने भइयो। हामी मिलेनौं। हामीमा इङदङ मेदङेन, ताःजेङ मेदङेन, ताःजेङ मेदङेनआङ मुन्धुम मेदङेन, थेनी थेनी आखेदुम्आङ आनिरेन् माङथिम, हाङथिमहा? आमासुम आदेसुमआङ आइन्तान्दिक नाङ्गै आपोखेआङ आ?वारो आदाङबासे ई आखेनिबे ? त्यसकारण हाम्रो भाषा, लिपि, साहित्य, संस्कार, संस्कृति, इतिहास नमासौं भनेर हामी सबै लागिरहेका छौं। म त झन् यसको लागि पूरै लागिरहेको छु। अब युवापिढीहरूले यसमा ध्यान दिनु पर्‍यो। हाम्रो भाषा, संस्कृति, साहित्यलाई अगाडि बढाउन सबै लाग्न हुन तपाईंहरूलाई म अनुरोध गर्न चाहन्छु। आज यो याक्थुङहाङ भूमिमा आएर यो कुरा गर्न पाउँदा मलाई खुशी लागेको छ।

**महागुरुज्यूले छ वटा माङहिम बनाएर हाम्रो याक्थुङबाहरुलाई भेला गरेर सम्झाउनु भएको थियो। महागुरुले ए याक्थुङबासे छोरी चेलीहरुको सोतरीत खानु हुँदैन पाप लाग्छ है भनेर सम्झाउनु हुन्थ्यो।**

यो हाम्रो भूमि हो। यो हाम्रो माटो हो। यो जमिन, खोला र डाँडापाखाहरू हाम्रो हो। यहाँको देवी देवता हाम्रो हो, कि हाःलेननी पे हौं ? वे?इल्लेङग मेन्नीङ्ग आनिइन्निङग हेन्ले चोगुल्ले आनिथिकहुप पोङ्मापोङ् सिक्कुम निङ्वा लत्छा चोक्मापोङ, लत्छा लाम्हेःयो लाङ्खेक्मापोङ यो कुराहरू महागुरू फाल्गुनन्दज्यूले पनि भन्नु भएको हो, मैले पनि भन्दै आईरहेको छु। महागुरूज्यूले छ वटा माङहिम बनाएर हाम्रो याक्थुङबाहरूलाई भेला गरेर सम्झाउनु भएको थियो।

महागुरूले ए..... याक्थुङबासे छोरी चेलीहरूको सोतरीत खानु हुँदैन पाप लाग्छ है भनेर सम्झाउनु हुन्थ्यो। त्यतिबेलानै महागुरूले भन्नु हुन्थ्यो भने लब्रेकुटीमा शेरबहादुर लाओती, काजिमान तुम्बाहाङफे लगायत गन्यमान्य सुब्बाहरूलाई बोलाएर वि.स. १९८८ सालमा चुम्लुङ गर्नु भयो। त्यो चुम्लुङले सत्रथुम मुचुल्का भनेर निर्णय गरिएको थियो। त्यो निर्णयमा के भनिएको छ भने, अब देखि जीव हत्या गर्नु हुँदैन है, तिमीहरूले देवी देवतामा सेवा गर्दा जीव हत्या नगर्नु है। माङगेन्ना गर्दा युमासाम थेबासाम थेप्मा गर्दा जीव हत्या नगर्नु। छोरीचेलीको सोतरीत नखानु है भनेको छ। त्यो कुरा सुनेको भए अहिले सबैले थुक्ने, हेप्ने खालको भएका छौं।

हाम्रो व्यहोरा म तपाईंहरूलाई बताउँछु, म पनि याक्थुङबा हुँ मेरो व्यहोरा आफै बताउँछु। जाँड रक्सी खाने निश्चित समय र लिमिट पनि छैन्। जहाँ भेट्यो त्यहीँ, जति भेट्यो त्यति खाएर मात्तेर बाटोमा सुतिराख्ने जाति हौं। त्यसरी मात्तेर बाटोमा सुति राख्दा त दुनियाँले थुक्छ नी हौं। लत्छा पेनिबा थिक वये विजुवाआङ याःकेयेम्बा पेक्काङ थुङआङ कुम्ब्रा हा? मेत्तुआङ लाम्मेप्पु नेर वा? त्यसरी मात्तेर सुतिरहँदा उपद्रो गर्नेले त पिसाब पनि पो गरिदिन्छ हो। त्यसकारण मैले नखानु त भनेको होइन तर खाने समय मिलाएर विवेक पुर्‍याएर मात्र खानु राम्रो हो। जथाभावी खानु राम्रो होइनन्। हेन् आथुङुमआङ थे पोखे फेल्ले फुनुःसा आखेर आने? आहिप्सीङ् आलम्सीङ हेक्याङ मुराओ नुबाइन मेतान्नेन् हेन् फलना सि?र, नुप्ल लरिक साङग्रा लुङहि आचोगुम। मुद्दा मामिला गर्छौं। अदालतमा मुद्दा लड्छौं। हाम्रो चलन यस्तो छ।

त्यसैले हामी हरेक कुरामा पछि पर्‍यौं। म के भन्छु भने, तपाईंहरू इष्टदेवताहरूका लागि भोग बलि नलगाउनु यसो भन्दा तपाईंहरू नरिसाउनु होला। खानेकुरा तपाईंहरूको इच्छा हो। इच्छा अनुसार चल्नुहोस्। तर, खानेले पनि जाँड रक्सी चाहिँ निश्चित समय मिलाएर मात्र खानुहोस्। आराम गर्ने समयमा खाएर आराम गर्नहोस्। काम गर्ने समयमा नखानुहोस्। त्यो खाएपछि नराम्रो बोलीवचन बोल्न मात्र आउँछ। त्यसले नराम्रो बोल्न र खराब कर्म गर्न मात्र सिकाउँछ। यसले हाम्रो कर्म संस्कार संस्कृतिहरू हराउँदै जान्छ। अनि हामी पनि हराउँदै जान्छौं। यसरी हरेक पक्षमा हामी पछि परेर जान्छौं।

एउटा खत्रा चिज हिरोइन, चरेस, गाँजा, कानी लगायतको लागू औषधहरू अहिले आएको छ। आदाङबासे... यसबाट तपाईंहरूको बच्चाहरू बचाउनुहोस्। त्यस्तो कूलतमा चाहिँ सन्तानहरूलाई नफसाउँनुहोस्। हाम्रो बच्चाहरू कूलतमा फसे भने हाम्रो भविष्य के हुन्छ ? त्यो पनि सोचौं। हाम्रो नानीहरूलाई बचाएर सही बाटोमा लगाउँ। शिक्षा, दिक्षा र उपदेश दिँदै धार्मिक ज्ञान पनि दिउँ। सामाजिक राजनीतिक ज्ञान सबै दिने बाटो हामीले अवलम्बन गर्नुपर्छ। किनभने, अमेरिकामा एउटा प्रान्त रहेछ त्यहाँका सबै जनताले कूलत

चिजहरू खाएर झोक्रिएर बसेको बसेकै त्यसैले त्यस्तो नसालु चिजहरू बन्द गर्न भनेर सरकारले पहल गरिरहेको छ । तर, सफल हुन सकेको छैन् । हाम्रो समाजनै विग्रपछि हाम्रो गति र अवस्था के हुन्छ ? अमेरिका, चिन, जापान, जर्मन, रसिया, कोरियाका मान्छे पनि हामी जस्तै मान्छे त होनी आज उनीहरू चन्द्रमामा पुगिसके। मंगल ग्रहमा पुगिसक्यो। अब, हामी के गरेर बस्ने ?

त्यसले गर्दा हाम्रो समाजमा ज्ञान, विवेक, क्षिक्षा, दिक्षाको अत्यन्तै आवश्यक छ । यहाँ त याक्थुङहाङसाको गढ हो । जाँड रक्सी त अनिवार्य हुन्छ । तर, जाँड रक्सीलाई पनि ठीक लिमिट राखेर मात्र दिने वा खाने गर्नुपर्छ । सकेसम्म कसैले नखाउँ । मासुमंस पनि सकेसम्म सेवन नगरौं । मासु धेरै खाएमा हाई प्रेशर, लो प्रेशर भएर प्रेशरले हानेर पुक्लुक्कै ठलेर मरिन्छ । अहिले त्यस्तो स्थिती आएको छ । त्यसैले सकेसम्म जाडँ रक्सी, मासुमंस नखानु खाएपनि विवेक पुऱ्याएर मात्र खानु ।

अब, छोरीचेलीको सोतरीतको विषयमा तपाईंहरूलाई छोटकरीमा विश्लेषण गरिदिन्छु, हाम्रो छोरीचेली जन्मेपछि विराम हुन्छ कि डाक्टर, फेदाङमाहरूकोमा लानुपर्छ, गुरूजनकोमा लानुपऱ्यो । के के लाग्यो कि भन्दै अनेक उपकार गर्दै हुर्काउँछौं, बढाउँछौं । हुर्केपछि उसको दाम मोलेर खान्छौं यो चाहिँ अलि विवेक गरौं है । हामी मान्छे हौं मान्छे जस्तै कर्म गर्नुपर्छ । राक्षसी व्यवहार चाहिँ गर्नुभएन है आदाङबासे । राक्षसी व्यवहारमा छोरी चेलीलाई बेचेर खायो, गरगहँना पनि माग्यो ।

उ गएको घरबाट उसको जग्गा जमिन बेचेरै भएपनि ल्याउँछ । अनि उनीहरू नाङ्गै हुन्छन् त्यो चाहिँ देखिन्दैन् । त्यो चाहिँ अपराध हुन्छ । महागुरूज्यूको उपदेशमा यस्तो कर्म नगर्नु भन्ने छ । त्यसैले हामीले चाहिँ गरेका छैनौं । अब समाज सुधार हुँदै जानुपर्छ । खानेकुरामा विवेक पुऱ्याउँदै लानुपर्छ । कुरीति कुसंस्कारमा डुबेपछि हाम्रो समाज जहिले पछाडि रहन्छौं । अहिले अन्तर्राष्ट्रिय मुलुकहरूले नेपालीहरू सबै विदेश जाने बनाई दिएको छ । उतैको नागरिकता दिएर हाम्रो देश छोड्ने बनाउँदै गएको यी सबै सोच्नुपर्ने भएको छ ।

**अब समाज सुधार हुँदै जानुपर्छ । खानेकुरामा विवेक पुऱ्याउँदै लानुपर्छ । कुरीति कुसंस्कारमा डुबेपछि हाम्रो समाज जहिले पछाडि रहन्छौं । अहिले अन्तर्राष्ट्रिय मुलुकहरुले नेपालीहरु सबै विदेश जाने बनाई दिएको छ ।**

खाने नखाने कुरामा भेगन भन्ने एउटा समुदाय जर्मनमा छन् । उनीहरूले आमाको दुधपनि खाँदैन । मासुमंस जाँड रक्सी त जन्मजात खाँदैन । तिनीहरूले बनाएको हात हतियारहरू संसारभर पुगेको छ । विश्वमा जुन वैज्ञानिक चमत्कार छ ती सबै उनीहरूले बनाएका हुन् । हेलिकप्टरदेखि रकेट र बमदेखि सबै उनीहरूले बनाएका हुन् । संसारलाई ध्वस्त बनाउने चीज पनि उनीहरूले बनाएका छन् ।

त्यसैले गर्दा हामीले पनि खानपिनमा विवेक राखौं । खाँदै नखानु चाहिँ भन्न सक्दिन, खाने मान्छेले नपाउँदा त पूरै धाँमी जस्तो काम्दो रहेछ । उसलाई थोरै थोरै भएपनि दिनै पर्छ । खान पाएपछि मात्र काम गर्न सक्ने बन्छ । त्यस्तो अवस्थामा हाम्रो समाज पुगेको छ । त्यसैले हामीले हाम्रो कुसंस्कारहरूलाई चाहिँ छोड्दै अगाडि बढनुपर्छ । सबै लाग्यौं भने हाम्रो देश पवित्र बन्छ । हामी पवित्र रहँन्छौं । हामी पवित्र बने मुलुक बन्छ । मान्छे बनेपछि विद्वान जन्मिन्छ ।

वैज्ञानिक पनि बनिन्छ । यसरी वैज्ञानिकहरू जन्माउन सक्छौं । नयाँ नयाँ आविष्कार गर्न सक्छौं । हामी जस्तै मान्छेले बनाएको छ हो नी । यसबारे यहाँका विद्वान समाजले ध्यान दिउँ । आज हामीले ठूलो सेवा लगायौं । हामीलाई चिन्ता के लाग्छ भने, विश्व महामारी कोभिड जस्तो स्वास्थ्य संकटहरू नआओस् । ठूला-ठूला विश्व युद्धहरू नहोस् । विभिन्न रोगहरू नआओस् भनेर आज हामीले माङप्रति सेवा लगाएका छौं । तपाईंहरूले आशीर्वाद माग्न मलाई बोलाउनु भयो मैले आशीर्वाद दिइराखेको छु । केपी ओलीलाई आशीर्वाद दिने मै हुँ । गिरिजाप्रसाद कोइरालालाई आशीर्वाद दिने पनि मै हुँ । त्यसैले तपाईंहरूलाई सत् बुद्धि, सत् विचार तपाईंहरूको आत्मामा आओस् ।

ज्ञानको बाटोमा तपाईंहरू अगाडि बढ्नु । तपाईंहरूको इत्छा मनोकामना के माग्नु भएको छ त्यो पूरा हुनेछ । कोही नेता हुन चाहेको होला सारा रूपमा मेरो आशीर्वाद छ । विश्व मानव जगतमा सदा शान्ति रहोस् । शान्ति सबैभन्दा राम्रो हो । अहिले इजरायल र काँजाको लडाइँले विशाल विनास भइरहेको छ । रसिया र युक्रेनको युद्धले पनि धनजनको क्षति भइराखेको छ । धन सम्पति कति विनास भयो हिसाब छैन् । यस्तो विनास चाहिँ नेपालमा नहोस् भन्ने आशीर्वाद दिन चाहन्छु । हाम्रो देश नेपाल त धेरै जाति मिलेर बनेको मुलुक हो । यस्तो मुलुक अरू हुँदैन् । सबैसँग सद्भाव राख्दै एकता बनेर समाज र मुलुक विकसित बनाउन लागौं यहीँनै तपाईंहरूसँग हार्दिक अनुरोध गर्न चाहन्छु । यहाँ हामीले सेवा लगायौं यसको आशीर्वादले यो ठाउँ धार्मिक पर्यटकीय क्षेत्र बन्नेछ । महागुरू फाल्गुनन्दज्यूले पनि टेक्नुभएको ठाउँ अब पर्यटकीय क्षेत्र बन्नेछ ।

यो ठाउँ साह्रै बलियो छ तर, अलि पानीको चाहिँ

अभाव रहेछ । पानीको व्यवस्था राम्रो भयो भने यहाँ विकास हुन्छ । यहाँ सबै पढे लेखेका हुनुहुन्छ । सबै विद्वान हुनुहुन्छ । देश चलाउने नेताहरू पनि यहीं छन् । तर, धर्ममा चाहिँ अलि कमजोरी छ । आज धर्मको चाँबी खोल्न म आएको हुँ । धर्मको चाँबी खोलिदिएको छु । चाँबी खोलिएपछि त्यो भित्र के के पाउनु हुन्छ विशाल पाउनु हुन्छ । त्यो धन तपाईंहरूकै हो । यो ऐतिहासिक ठाउँमा आएर यसरी बोल्न पाउँदा मलाई खुशी लाग्यो । यहाँ राजनेता, विद्वान मित्रहरू, पत्रकारहरू, आमा बुबा दाजुभाइ दिदी बहिनीहरू सबै यहाँ पाल्नु भएको छ । यसमा खुशी लाग्यो । हाम्रो मुलुक हामीले नै बनाउने हो अरू आएर त बनाई दिँदैन । अरूले त त्यहाँ भएको चिजहरू निकालेर लैजान्छ मात्र । हाम्रो देश हामीले नै रक्षा गर्नुपर्छ यहीं कुरा तपाईंहरूसँग अनुरोध गर्न चाहन्छु ।

पहिलादेखि यो लिम्बुवानमा धेरै जातिहरू मिलेर बसेको हो । हामीले लिम्बुवान नाम राखेपछि यहाँ क्षेत्री, बाहुन, राई, लिम्बू, मगर, गुरूङ लगायत सबैजना मिलेर बसेका हौं । हामीले नै सबैलाई सरण दिएर बसेको हो । भन्नैपर्दा हामीले सरण दिएर राखेको अहिलेसम्म बसिराखेका छन् । त्यो माया मोहले हामीलाई बाँधेको छ । त्यसकारण मिलेर शान्तिपूर्ण ढंगले काम गर्दै जाउँ विकास हुन्छ । विकास गर्ने नगर्ने हाम्रो हातमा छ । यो याक्थुङहाङको लाजे थलो हो आजसम्म म आई पुगेको थिइन् । यहाँ एउटा गढ थियो । यहाँ माथि हिलिहाङ गढ थियो । त्यहाँबाट हामी छुटेको यस्तै यस्तै हाम्रो इतिहासमा आउँछ ।

त्यसैले यसका गढका थेगिमहरूलाई के अनुरोध गर्न चाहन्छु भने, तपाईंहरूले एउटा संग्रहालय बनाउनु होस् । तपाईंहरूको पुर्खाहरूले के के गरे त्यो संग्रहालयमा जम्मा गरेर राख्नुहोस् । त्यो हाम्रो सम्पति हो । हाम्रो किरात धर्म तथा साहित्य उत्थान संघका अध्यक्ष हुनुहुन्छ म यहीं अनुरोध गर्न चाहन्छु । तपाईंहरूको भग्नावशेष के छ ? त्यो ल्याएर संग्रहालयमा राख्नुहोस् । त्यो तपाईंहरूको इतिहास र सम्पति हो । यहाँ एउटा संग्रहालय र माङहिम बनाउनुहोस् । यसरी पर्यटकीय क्षेत्र बन्यो भने सबै आएर हेर्छन । यो पवित्र थलोमा सबै आउने थलो बन्छ । त्यसमा पैसा पनि आउँछ ।

अब किरातेश्वर सावायेहाङ थिबोङ याक्थुङहाङसाहरू सबै एक हुनुपर्छ । काठमाडौं २९ औं पुस्ता राज्य गर्ने त हामीनै हो नी होइनन् र ? यलम्बरले २९ औं पुस्ता राज्य गऱ्यो त्यो सन्तान हामी हो नी । सेनमकुवान हुँदै आएर बुढासुब्बा हुँदै आएर यता राज्य गर्दै आएको हो नी । हामी यलम्बरको सन्तान होइन र ? हामीले गरौन एक भएर तपाईंहरूलाई यहीं भन्छु । किन भने, हाम्रो रगत छ । विचार छ । हाम्रो पहिचान छ । हाम्रो इतिहास ज्यूँदो छ । त्यो बनाउनु पो



पऱ्यो त । तर, हाम्रो समाज कूलतमा चाहिँ नफसौं है म यहीं अनुरोध गर्न चाहन्छु । यहाँ धरानमा लाहुरेको बच्चाहरू सबै इन्जेक्सन (ड्रक्सवाला) छन् । त्यसैगरी अन्य ठाउँका बालवच्चाहरू पनि इन्जेक्सनवाला भइसकेका छन् । त्यो त भाइरस न हो सबैमा सरी हाल्छ । सबै जातिले यो कूलत चिजहरू सेवन नगरौं । यो चिजले हाम्रो मुलुक भोली समस्याग्रस्त पो बन्छ है । इण्डियाले ड्रक्स बनाएर पठाएपछि चिन झण्डै खत्तम भएको थियो ।

धन्य माओले डाङडाङ डुङडुङ गरेपछि चिनमा अहिले विकास भइराखेको छ । यो कूलत चिजहरू खराब हो । सबैभन्दा नराम्रो चिजहरूमा हामी नफसौं यहीं अनुरोध गर्न चाहन्छु । तपाईंहरू मान्छेको जस्तो स्वभाव बन्नुहोस् । जब मान्छेको जस्तो व्यवहार गर्नुहुन्छ, तपाईंको पछि धेरै मान्छे ताँत लागेर आउँछन् । अब, किरातेश्वर सावायेहाङसाहरू हाम्रो साम्यो धर्ममा धेरै प्रवेश गर्नुभएको सुनेको छु यसमा धन्यवाद छ । अझ् धर्ममा संख्या बढाउँदै जानुहोस् । हाम्रो कुरीति कुसंस्कारलाई धुन्दै लानुहोस् । जीवनलाई पवित्र बनाउँदै लानुहोस् । पवित्र भावना र चेतनामा तपाईंहरू क्रमशः आउँदै जानुहोस् । तब राम्रो बाटोमा तपाईंहरू पुग्नु हुन्छ यहीं आशीर्वाद दिन चाहन्छु । यहाँका युवा युवती मित्रहरू सबैलाई धन्यवाद दिन चाहन्छु ।

तुतु तुम्याहाङहरू सबै आउनु भएको छ । राज नेताहरू सबै पाल्नु भएको छ तपाईंहरू सबैलाई धन्यवाद सहित सबैलाई आशीर्वाद दिँदै सदा आशीर्वाद लागोस् यहीं भन्न चाहन्छु । आसेवारो । तियाहा । तियाहा ।

# लुङ्मेन्दीङ नोनिङ्वा



मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरुमा माङ्वा–हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङवा तोम्मा गर्दछौं ।

## किरात साम्यो हाङसाम मुजोत्लुङ माङहिम
## किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा

जि.प्र.का. इलाम द. नं. २४२/०५४/०५५
स.क.प. आवद्धता नं. २९८४६

**केन्द्रीय समितिको कार्यालय**
**माङसेबुङ-५, इलाम**

| | | | |
|---|---|---|---|
| केहेरसिं योङहाङ<br>अध्यक्ष | मुक्तिहाङ साँबा<br>उपाध्यक्ष | देउमान आङबुहाङ<br>उपाध्यक्ष | हर्कवीर योङहाङ<br>उपाध्यक्ष |
| होम लिङदेन<br>उपाध्यक्ष | तुम्बापो कमला मिभक<br>उपाध्यक्ष | शक्तिकुमार साँबा<br>महासचिव | समिता थेबे<br>सचिव |
| सन्तराम योङहाङ<br>सह-सचिव | ललितचन्द्र फियाक<br>सह-सचिव | कुलबहादुर लाओती<br>कोषाध्यक्ष | लक्ष्यबहादुर लिङदेन<br>सह-कोषाध्यक्ष |
| सुकमाया पोमु लुम्फुङवा<br>सह-कोषाध्यक्ष | सेरबहादुर लाओती<br>सह-कोषाध्यक्ष | फुरुम्बो बिष्णुमा तुम्बाहाङफे<br>सदस्य | पूर्ण कार्कीढोली<br>सदस्य |
| मनबहादुर देवान<br>सदस्य | साङदोर्जे गोले तामाङ<br>सदस्य | सीता तिगेला खेवा<br>सदस्य | देउकुमार आङदेम्बे<br>सदस्य |
| सुकमाया मावोहाङ राई<br>सदस्य | शिवकुमार लिङ्देन<br>सदस्य | थोल बहादुर सेर्मा<br>सदस्य | सरस्वता आङबुहाङ योङहाङ<br>सदस्य |
| मणिकुमार चोङबाङ<br>सदस्य | हर्कबहादुर तेन्युङ<br>सदस्य | कविता नेयोङ<br>सदस्य | हस्तबहादुर चोम्जोङ<br>सदस्य |
| लिलाराम लाओती<br>सदस्य | प्रेमसिं साम्पाङ<br>सदस्य | प्रेमबहादुर इधिङगो<br>सदस्य | डिल्लीमाया सङबाङफे तुम्बाहाङफे<br>सदस्य |
| मनमाया वनेम<br>सदस्य | सरिता लाओती कुरुम्बाङ<br>सदस्य | तेजबहादुर इङनाम<br>सदस्य | मोहनबहादुर तुम्सा<br>सदस्य |

# अङसीमाङ अङसीमामाङको देवविवाह र कर्म संस्कार

## शुभ कार्यबाट हामीले आँखाको पवित्र मात्र नभएर ज्ञान पनि लिनु पर्दछ ।

डिल्लीप्रसाद तुम्बापो जौबारी कान्छा

आज वि.स. २०३२ माघ २२ गते बिहीबार वसन्त श्रीपञ्चमी तिथि उत्तरषाडा नक्षत्र श्री सरस्वती माता जयन्ती पर्वको दिन इलाम जिल्ला अन्तर्गत यसै इभाङ गाउँ पञ्चायत वार्ड नं. ५ चुक्चीनाम्बा डाँडागाउँ बस्ने पुण्यप्रसाद लिङ्देनको सुपुत्र हाम्रो बालगुरू आत्मानन्द लिङ्देनको र बाँझो गाउँ पञ्चायत खलङगे बस्ने सुब्बा बृखधोज साँबाको सुपुत्री सुश्री पवित्रहाङमा साँबाहरूको शुभ विवाह कार्य शिवालय माङहिम यस उपलक्ष्यमा उपस्थित हुनु भएका तमाम भक्तजन, नरनारी सबैले यस शुभ कार्यलाई हेर्ने र भाग लिने मौका पाईरहेका छौं । र, यस्ता शुभ कार्यबाट हामीले आँखाको पवित्र मात्र नभएर ज्ञान पनि लिनु पर्दछ।

मानव जातिको सोह्र संस्कार हुन्छन् ती सोह्र संस्कारमध्ये मुख्य ३ संस्कार छन्। सर्वप्रथम गर्भधान क्रिया भनिन्छ। माताको कोखबाट जन्मेपछि मुन्धुम अनुसार १० दिनमा न्वारान कर्म संस्कार हुन्छ। कुल पितृ इत्यादिको सेवा गर्नु पर्दा ईश्वरलाई फलफूल, धुप, दीप सुगन्धित पदार्थ मात्र चढाउनु पर्छ, त्यसो गरे ईश्वरबाट राम्रो फल पाइन्छ । यस्तै धेरै प्रकारको कुकर्म, कुरीति, कुसंस्कारले गर्दा तिमीहरूले बाटो भूलेको छौ भनेर मुहिङगुम अङसीमाङ फाल्गुनन्द लिङ्देनको सिवाखाहुनमा उल्लेख छ।

विवाह कार्य गर्नुपर्दा छोरी चेलीहरूको रीत बैना इत्यादि अनेक नाम लगाएर छोरी ज्वाइँहरूलाई डुबाउने चलन छोडौं । हुन पनि छोराछोरीहरू एकै मातापिताको कोखबाट जन्मेका हुन्। छोरा र छोरीहरूमा कति अन्तर भएकोले छोरी चेलीहरूलाई बेचविखन गर्छौं ? आफैले जन्म दिएकी ती पुत्री जसलाई जन्म दिएर पालनपोषण गरी हुर्काउछौं । जन्मदेखि श्रद्धा भक्ति, प्रेम हामीसँग गाडिन्छ केही भएमा आँशु चुहाउँछौं । यस्ती देवी समानकी पुत्रीलाई पशु झै विक्री गरिरहेका छौं।

मुहिङगुम अङसीमाङ फाल्गुनन्द सत्यहाङमाको कार्यकालमा पान्थरको लब्रे माङहिममा वि.सं.१९८८ सालमा छोरीचेलीहरूको रीत नखानु भनी सत्य धर्मको मुचुल्का लेखी सहीछाप गराए तर त्यसको पनि हामीले केही ख्याल राखेनौं। त्यहीँ मुचुल्का अनुसार सही मार्गमा लागेको भए यस प्रकारले अधोगति हुने थिएनौं होला।

फेरि श्री ५ महेन्द्र सरकारले पञ्चायती व्यवस्था बक्सियो, जस अनुसार यस पूर्व लिम्बुवानमा लिम्बू जातिमा छोरी चेलीको रीतखाने कुरीति हुन भनी उच्च प्रतिनिधिहरूले महसुस गरी छोरी चेलीहरूको सोतरीत नखानु भनी प्रतिबन्ध लगाउँदा पनि हामी सर्वसाधारण जनताले त्यसको कुनै पालना गर्न सकेनौं। झन साह्रो लुकीछली छोरीचेली बेची खाने व्यवहार गर्यौं। पौराणिक ग्रन्थ तथा पञ्चायती व्यवस्थाले पनि चेलीहरूको रीत खानु भन्ने नदेखिएको गुरू फाल्गुनन्द सत्यहाङमाले छोरी चेलीको सोतरीत नखानु भनी धर्म प्रचार गर्नु भएको हो। यसैलाई कुरीति भन्दछन्। यो कुरीति नै ज्ञानको बाटो रोक्ने अज्ञान हो।

संस्कार सम्बन्धमा भनि सकिएको छ । विसर्जन भई अन्तिम संस्कार गर्नु पर्दा त्यस सुधाई कार्यमा मृत आत्मा या हंसलाई मंसको पिण्ड चढाएर मुक्तिको कार्य गर्दछौं। यस कार्यमा सुँगुर, कुखुरा र अन्य पशुको जन्म नपाउनु, सृष्टिकर्ता परमात्माकोमा पुग्नु भनेर मुन्धुम फलाक्ने चलन छ, तर त्यो पशुको घात गरेर मंस पिण्ड चढाइँदैछ।

आफैले अज्ञान बढाएर यसरी अज्ञानले ज्ञानको बाटो आफैले रोक्दै छौं। हामीले ज्ञानको खानीलाई चिनेर ज्ञानको नजिकमा पुग्नुपर्ने हो। गुरू फाल्गुनन्द सत्यहाङमाको उपदेश अनुरूप, उपरोक्त सम्पूर्ण कुकर्म, कुरीति कुसंस्कारहरूलाई छोडेर मुन्धुमका वाक्यलाई पालन गरौं । त्यसो भएपछि ज्ञानको नजिकमा पुग्न सक्ने छौं। त्यसपछि ब्रहमचार्य आउँछ, त्यसै आश्रम अन्तर्गत विद्याभ्यासका हरेक संस्कारहरू आउँछन्। यो संस्कार समाप्तपछि मुख्य ३ संस्कार मध्येमा विवाह कर्म संस्कार आउँछ। यो संस्कार पनि एक संस्कार हो र आज हाम्रो पुज्य बालगुरू आत्मानन्द लिङ्देन र गरूमाता सुश्री

पवित्रहाङमा साँबाहरू मुख्य ३ संस्कार मध्ये दोस्रो संस्कारमा जाँदै हुनुहुन्छ।

हामीले यस संस्कार कार्यबाट मुन्धुम वाक्यबाट पाई आएको परम्परा कर्महरू कसरी संस्कार हुँदोरहेछ र कसरी संस्कार गर्नुपर्दो रहेछ यी सम्पूर्ण ज्ञान हासिल गर्ने यो एक मात्र सुनौलो मौका हो। फेरि फेरि यसरी ज्ञान प्राप्त गर्ने मौका आउँदैनन्। हामी गुरूको सारा चेला नर नारी सबैले यस शुभ कार्यबाट अँध्यारो बाटोदेखि अलग भएर उज्यालो मार्गमा लाग्ने ज्ञान प्राप्त गरौं। यसरी पूज्य गुरू गुरूमाताहरू दोस्रो संस्कारमा पुग्नु भयो। यसलाई गृह आश्रम भन्दछन। पुज्य गुरू र गुरूमाताहरूले यसै गृह आश्रममा रहेर सारा चेला भक्तजनमा पाप र धर्म चिन्ने सही शिक्षा दीक्षाको बीउ छरेर हामीलाई उदार गर्नेछन्।

त्यसबेला हामी तमाम चेलाहरूले पनि सम्पूर्ण ज्ञानलाई लिएर आफ्नो जीवन मनुष्य जन्मलाई सफल पार्नु पर्दछ। यसरी ज्ञानलाई लिएर उज्यालो मार्गमा लाग्यौं भने हाम्रो परम्परा सुधारमा आएर ज्ञानको खानी ज्ञानको नजिकमा पुग्न सक्नेछौं। ज्ञानको नजिकमा पुग्नु नै मनुष्य सुहाउँदो संसार सुहाउँदो मनुष्य जन्म सफल हुनु हो।

यसरी गृहस्थ आश्रममा रहेर गुरू र गुरूमाताहरूले सारा चेलाहरूलाई सम्पूर्ण ज्ञानको शिक्षा दिनेछन्। यस गृहस्थ आश्रम पश्चात् मुख्य दुई आश्रम आएर अन्तिम संस्कार आउँछ। त्यसै बेलामा शरीर विसर्जन भई पाप र धर्मको पोका लिएर इहलोक छाडी परलोक (स्वर्ग) जानू पर्दछ। त्यसै बेलामा अन्तिम संस्कार हुन्छ।

गृहस्थ आश्रम पश्चात् दुई आश्रमको नाम वन प्रस्थान र सन्यास आश्रमहरू आउँछन्। तर, गुरूमाता र गुरूहरूमा यस आश्रमको केही जरूरी छैनन्। गृहस्थ आश्रमबाटै सम्पूर्ण आश्रमहरूको ज्ञान दिलाउनु हुनेछ र दिनु हुन्छ पनि।

यी सम्पूर्ण कर्म संस्कारहरू हामी पुज्य गुरूको सारा चेलाहरूले पालन गर्नु नै हाम्रो एक मात्र परम कर्तव्य हो। र, पालन पनि गर्नु पर्दछ। यसैलाई पालन गरे अँध्यारो अज्ञान पापको समुन्द्रदेखि पार तर्न सकिन्छ।

**(स्व डिल्लीप्रसाद तुम्बापो जौबारी कान्छाले मुहिङगुम अङसीमाङ अङसीमामाङको देव विवाह हुँदा खेस्रा गर्नु भएको पान्डुलिपि समय सान्दर्भिक रहेकोले किरात समाचारबाट पुन: साभार गरिएको छ। सम्पादक)**




लुङमेन्दिङ नोनिङ्वा

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेङङ्ज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरूमा माङ्वा-हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरूहरूमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङवा तोम्मा गर्दछौं।

गुरू निजी आश्रम अर्थ समिति

माङसेबुङ-५, सुभाबारी, इलाम

शेरबहादुर लाओती
कोषाध्यक्ष

चतुरसिंह वालिङहाङ
महासचिव

ताराबीर नेम्बाङ
अध्यक्ष

# अङसीमाङ आत्मानन्द सेईङका महत्वपूर्ण कार्यहरु

## किरात जातिहरुको आफ्नै धार्मिक, सांस्कृतिक र भाषिक वैशिष्यता रहेको छ



आङबुहाङ अबोध अविरल

### थालनी

किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ ७२ औं वर्षमा प्रवेश गर्नुभएको छ। 'माङसेबुङ' विकासका सूत्रधारसमेत रहनुभएको किरात धर्मगुरूको जन्मोत्सव मसिर १८ मा माङसेबुङ गाउँपालिकाले सार्वजनिक बिदाको निर्णय समेत गरेको छ। किरात धर्मगुरू ६ दशकयता धार्मिक र सामाजिक कार्यमा तल्लीन हुनुहुन्छ । वहाँले गर्नुभएको महत्वपूर्ण कार्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### किरात धार्मिक राष्ट्रियताको विस्तार

किरात धर्मगुरूको अधिकांश समय किरात धर्मलाई संस्थागत गर्ने कार्यमा वितेका छन् । किरात जाति नेपालको प्राचीन जातिको रूपमा रहेका ठूलो मानव शाखाको रूपमा रहेको थियो । किरात जातिहरूको भाषा, संस्कृति र धर्म हिन्दु र बौद्व धर्मभन्दा बेगल रहेको समाजशास्त्रीहरू उल्लेख गर्दछन् । किरात जातिहरूको आफ्नै धार्मिक, सांस्कृतिक र भाषिक वैशिष्यता रहेको छ। तर, राज्यले लामो समयदेखि किरात जातिहरूलाई हिन्दु धर्मावलम्बीको रूपमा चिनाउने प्रयास गरेको थियो।

किरात धर्म दर्शनदाता, समाज सुधारक, राष्ट्रिय विभूति मुहिङगुम अङसीमाङ महागुरू फाल्गुनन्दले किरातीहरूको जिर्णोद्वार गर्नुभयो । किरात धार्मिक राष्ट्रियताको जग बसाल्नु भयो । महागुरूको कार्य थप विस्तार गर्दै, अङसीमाङले संस्थागत गर्नुभयो । वि.सं. २०३५ सालमा इलाम जिल्लाको तमाखेमा अङसीमाङले एक गोप्य बैठक डाक्नुभयो। जहाँ, धर्म, भाषा, लिपि विकासका निम्ति दिलोज्यान दिएर लाग्ने निर्णय गरियो। त्यसबेलाको निरङ्कुश एकात्मक पञ्चायति राज्य व्यवस्थामा यो विषय ज्यादै कठिन थियो । त्यसबेला वहाँको टाउँकोको मोल समेत तोकिएको थियो।

किरात धर्मगुरूको पहलमा वि.सं. २०३६ मा किरात धर्म तथा साहित्य उत्थान संघको स्थापना भयो। जसको संस्थापक अध्यक्ष वहाँ स्वयम हुनुभयो। हाल नेपाल लगायत दर्जनौं मुलुकमा साहित्य उत्थान संघको स्थापना भएका छन् । मुन्धुम प्रकाशन, माङहिमहरू व्यवस्थापन र धर्मगुरूको जन्मोत्सव सञ्चालन गर्न किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवाको स्थापना गरियो। सेवासाबा, सांस्कृतिक कार्यक्रम, युवा, भूपु सैनिक, सञ्चार र खेलकुदलाई समेट्न विभिन्न माङगेन्ना सेवाका मातहत संगठनहरू निर्माण भएका छन्। वि.सं. २०५७ मा किरात धर्म प्रथम अन्तर्राष्ट्रिय महासम्मेलन काठमाडौंमा सम्पन्न भयो। सो सम्मेलनले प्रकृतिको पूजा गर्ने, तागेरा निङवाभूमाङलाई मान्ने र मौखिक वा लिखित मुन्धुमको प्रयोग गर्ने, बलिपूजा गर्ने हुन् वा फूलफलेदोले पूजा गर्ने हुन् समग्रमा किरात धर्मावलम्बी हुन् भन्ने निष्कर्ष निकालेको थियो । यसैगरी वि.सं २०६७ मा किरात दोस्रो अन्तर्राष्ट्रिय महासम्मेलन आयोजना गरियो।

किरात धर्मलाई राष्ट्रिय धर्मको मान्यता प्रदान गर्न जनगणनाहरूमा किरात धर्म लेखाउने अभियान थाल्नुभयो । जसका कारण परम्परादेखि आफ्नै तवरले सेवा, पूजा गर्ने किरात जातिहरूको धर्म किरात धर्मका रूपमा स्थापित भयो। राज्यको चौंथो ठूलो धर्मका रूपमा किरात धर्म स्थापित भयो।

### मुन्धुम शिक्षाको विकास

नेपाली शिक्षा प्रणालीमा माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यवसायिक र परम्परागत धार्मिक शिक्षाका रूपमा वर्गीकरण गरिएको छ । परम्परागत धार्मिक शिक्षामा गुरूकूल शिक्षा, गुम्बा शिक्षा, मदरसा शिक्षा र मुन्धुम शिक्षा पर्दछन्। नेपालमा मुन्धुम शिक्षाको थालनी गर्नुमा किरात धर्मगुरूको महत्वपूर्ण योगदान रहेको छ।

मुन्धुम शिक्षाको औपचारिक पठनपाठनको थालनी किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङले गर्नुभएको हो। वि.सं २०४० मंसिर १८ देखि चैतसम्म माङसेबुङ ५ स्थित मेक्वा वेंसीमा मुन्धुम पठन-पाठन गर्नुभएको थियो। त्यसबेला ९ जना सेवासावाले मुन्धुमको कक्षा

लिनुभएको थियो । मुन्धुम पठन-पाठनका निम्ति सेउलाले डेरा निर्माण गरिएको माङगेन्ना सेवा समितिका अध्यक्ष केहेरसिं योङहाङ बताउनु हुन्छ। त्यसबेला अङसीमाङले मुन्धुम अध्यापनका साथै माङसेवा र ध्यान सम्बन्धि कक्षा दिनुभएको थियो । तत्कालीन पञ्चायती निरङ्कुश सरकारको कडा निगरानी र सोधखोज गर्न थालेपछि पठन-पाठन रोक्नु परेको योङहाङ स्मरण गर्नुहुन्छ।

२०५० पछि मुन्धुमको कक्षागत रूपमा पठनपाठन शुरू गरियो। २०५५ सालसम्म कक्षा ३ सम्मको पठनपाठन भयो। २०५६ मंसिर १८ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले किरात साम्जिक मुन्धुम निसामहिमको उद्घाटन गर्नुभयो । त्यसपछि मुन्धुम शिक्षाको निश्चित पाठ्यक्रम र परिक्षाको व्यवस्था गरियो। यसअघि मुन्धुम निसामहिममा साम्जिक मुन्धुम, खाइक, शसिगेन, साक्थिम, किरात साम्पान आदि विषय पठनपाठन गरिन्थ्यो। त्यसबेला मुन्धुम अध्ययन्को उद्देश्य सेवासाबा उत्पादन गर्नु थियो। २०५८ देखि मुन्धुमशालामा अंग्रेजी, गणित, विज्ञान र सामाजिक जस्ता विषयहरू थप गरियो।

हाल सेवासाबा उत्पादन गर्ने किरात साम्जिक मुन्धुम निसामहिम र एकेडेमिक विद्यार्थी उत्पादन गर्ने किरात साम्जिक मुन्धुम युक्सिङ निसामहिम स्थापना गरिएका छन्। मुन्धुम शिक्षाका निम्ति पाठ्यक्रम विकास केन्द्रले कक्षा ५ सम्म पाठ्यक्रम र कक्षा ३ सम्म पाठ्य पुस्तक निर्माण गरेको छ । साथै, माङसेबुङ गाउँपालिकाले माध्यमिक तहसम्मको मुन्धुम शिक्षाको पाठ्यक्रम निर्माण प्रक्रिया थालेको छ।

## कृषिमा जोड

किरात धर्मगुरूले कृषि र पशुपालनका निम्ति प्रेरित गर्दै आउनुभएको छ। कृषि नेपाली जनजीवनको आधार हो। नेपाली अर्थ कृषिमा आधारित छ। कृषि सम्बन्धि हामीमा थुप्रै परम्परागत ज्ञानहरू रहेका छन्। मुन्धुमी जीवन पद्धतिका निम्ति कृषि आवश्यक हुन्छ । अन्न पाकेपछि चासोक गर्ने, बीउ लाउन पूर्व खिबेक्वा सेवा किरात जातिहरूको परम्परा हो।

माङसेबुङ ५, अवस्थित धर्मगुरूको आश्रममा ठूलो कृषि खेती र पशुपालन रहेको छ । गुरू आश्रममा अर्गानिक अन्न, साग सब्जी र दुध उत्पादन हुन्छ। गुरू आश्रममा आउने भक्तजनहरूका निम्ति सोही खेतीबाट निशुल्क खाना उपलब्ध हुन्छ । सयौं रोपनीमा रहेको आश्रमका खेतीको नेतृत्व मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमाले गर्नुहुन्छ। साँझ् बिहान वहाँ खेतीमा तल्लीन हुनुहुन्छ। पछिल्लो दशकमा नेपालको करिब ४० लाख युवा वैदेशिक रोजगारमा देश बाहिर छन्। पहाडको धेरै जमिनहरू बाँझिएको छ। जङ्गल बढेको छ। युवा पुस्ता कृषिबाट विमुख छन्।

## माङसेबुङको स्थापना

नेपालका ७५३ स्थानीय तहमध्ये एक हो, माङसेबुङ । माङसेबुङ स्थापना किरात धर्मगुरूसँग सम्बन्धित छ । माङसेबुङ यसअघि मान्द्रेडाँडाको रूपमा परिचित थियो । किरात धर्मगुरू वि.सं. २०११ मंसिर १८ गते साविक इलाम जिल्लाको इभाङ चुक्चिनाम्बामा जन्मनु भयो। वहाँले इलाम, पाँचथर र झापाका विभिन्न स्थानहरूमा बस्ने ठाउँको खोजी गर्नुभयो। कतै ठाउँ पाइएन। तर, साविक बाँझो ९, स्थित सुभाबारी लारूम्बामा बसोबासको अवसर जुऱ्यो।

वि.सं. २०३३/०३४ सालदेखि स-परिवार सो स्थानमा बसोबास गर्न थाल्नुभयो । धर्मगुरू लारूम्बामा बसोबास गर्नुभएपछि विभिन्न स्थानहरूबाट भक्तजनहरू आउन थाले। धार्मिक गतिविधि बढे। वार्षिक धार्मिक कार्यक्रमहरू सञ्चालन हुन थाले। 'यो ठाउँ माङले रोजेको रहेछ । धेरै ठाउँ खोज्दा पनि पाइएन। यसै ठाउँमा बस्न आइयो', धर्मगुरूले भन्नुभयो । माङले छानेको पवित्र स्थानमा 'माङसेबुङ' भनेर सो स्थानको नामाकरण भयो।

माङसेबुङ नामाकरण हुनुअघि सो क्षेत्रको नाम 'मान्द्रेडाँडा' थियो। माथिल्लो चुरे क्षेत्रमा रहेको दुर्गम तथा पातलो बसोबास रहेको थियो। सो क्षेत्रको विकासका निम्ति किरात धर्मगुरू अहोरात्र लाग्नुभयो । माङसेबुङमा खानेपानी, स्कूलहरू, सडक र विद्युतका पूर्वधार विकासका निम्ति निरन्तर लाग्नुभयो। स्वदेश, विदेशमा माङसेबुङ धार्मिकस्थलको रूपमा परिचित भयो । वि.सं. २०७४ साविक बाँझो, इभाङ र गजुरमुखी मिलाएर माङसेबुङ गाउँपालिका नामाकरण भयो । यसले संघीय नेपालको एक स्थानीय तहको रूपमा माङसेबुङ स्थापित भयो।





## शाकाहारी जीवन पद्धतिको अभियान

किरात धर्मगुरू शाकाहारी जीवन पद्धति अभियान हुनुहुन्छ । शाकाहारी जीवनपद्धति अंगाल्न आफ्ना भक्तजन र सम्पूर्णमा अनुरोध गर्दै आउनुभएको छ। जाँड, रक्सी, चुरोट, खैनी, गाँजा, चरेस र मासु मंसको सेवन नगर्न किरात धर्मगुरूले अभियान चलाउदै आउनु भएको छ।

मदमदिरा तथा जाँड रक्सीले समाज र व्यक्ति दुवैको स्वास्थ्यमा प्रतिकूल असर पार्दछ । मद, मदिरा सेवनको कारण समाजमा झगडा र अपराधलाई बढवा दिन्छ । किरात धर्मगुरूले किरात धर्मानुयायीहरूलाई शाकाहारी जीवन पद्धतिको निम्ति प्रेरणा दिनुभयो । लाखौं मानिस शाकाहारी जीवनयापन गरिरहेका छन् । माङसेबुङ क्षेत्रलाई शाकाहारी नगरको रूपमा विकास गर्न वहाँले पहल गर्नुभएको छ। जसका कारण माङसेबुङलाई शाकाहारी क्षेत्र घोषणा गरिएको छ।

## अध्यात्मिकताको विकास

समाजमा अध्यात्मिकताको विकासका निम्ति किरात धर्मगुरू आजीवन लाग्नुभएको छ। मानिसमा माङप्रतिको आस्था, अनुशासन, उच्च नैतिकता, दया, माया र सद्भाव विकासमा बाल्यकालदेखिनै समर्पित हुनुहुन्छ । किरात धर्मगुरूका जीवनकालमा नेपालका विभिन्न स्थानमा सयौं माङ्हिमहरू स्थापना भएका छन्। घरमा नियमित माङसेवा गर्ने, नयाँ बाली पाकेपछि चासोक र बीउ छरपोक गर्नु पूर्व याक्वा सेवा गर्ने, खोलानाला, डाँडापाखा र हिमालको सेवा गर्ने कार्य गर्दै, गराउँदै आउनुभएको छ।

जसले मानिसलाई प्रकृतिसँग विवेकपूर्ण अन्तरक्रियामा सहयोग पुगेको छ । अर्कोतर्फ, कुनै एक व्यक्ति पूर्ण स्वास्थ्य बन्नमा उनमा अध्यात्मिकताको विकास हुनपर्ने विश्व स्वास्थ्य संगठनले निष्कर्ष निकालेको छ। व्यक्ति शारीरिक, मानसिक र सामाजिक रूपमा मात्र स्वास्थ्य भएर पुग्दैन् । पछिल्लो शताब्दीमा संसारमा तिब्र भौतिक विकास भइरहेका छन्। विज्ञान र प्रविधिले थुप्रै सुविधा प्रदान गरेको छ। तर, आत्मा शान्ति र सन्तुष्टि प्रदान गर्न सकेको छैन्। भौतिकताको अन्धो दौडले मानवता र अध्यात्मिकताको खडेरी बढिरहेको पाइन्छ।

## भाषा, लिपि र संस्कृतिको संरक्षण र प्रवर्द्धन

नेपाली प्राचीन भाषाको रूपमा किरात भाषा र लिपिको संरक्षण र सम्बर्द्धनमा किरात धर्मगुरूको महत्वपूर्ण योगदान रहेको छ। किरात धर्मगुरूको तीन दशक निरङ्कुश र हिन्दु एकात्मक पञ्चायती व्यवस्थामा वित्यो। वि.सं. २०१७ मा राजा महेन्द्रले दलहरूमाथि प्रतिबन्द लगाएर पञ्चायती व्यवस्थाको शुरूआत गरे । पञ्चायती व्यवस्थामा खस नेपाली भाषालाई शिक्षाका माध्यमका रूपमा लागू गरियो। मुलुकमा हिन्दुत्वलाई चरम रूपमा लागू गरियो। लिम्बुवानको किपट उन्मुलन गरियो । हिन्दु धर्म र खस भाषालाई राष्ट्रियताका मूल आधार बनाइएको थियो । त्यसबेला आफ्नो भाषा, लिपि र संस्कृतिको प्रचार–प्रसार गर्नुलाई अराष्ट्रिय तत्व मानिन्थ्यो।

किरात धर्मगुरूले वि.सं. २०३५ इलाम जिल्लाको साविक महमाईको तमाखे जंगलमा आफ्ना अनुयायीहरूको एक गोप्य बैठक डाक्नुभयो। 'बैठकमा धर्म, भाषा र लिपि संरक्षण र विकासका निम्ति महत्वपूर्ण निर्यणहरू गरियो', बैठकमा सहभागी मध्ये एक केहेरसिं योङहाङ स्मरण गर्नुहुन्छ। सोही गोप्य बैठकमा सहभागीहरूले निर्णयमा आफ्नो रगतले हस्ताक्षर गरेका थिए । तमाखे बैठकले लिपि छाप्ने एक प्रेस स्थापना गर्ने निर्णय गरेको थियो। सोही अनुरूप संसारमै किरात लिपिमा छाप्ने पहिलो प्रेस 'किरात प्रिन्टिङ प्रेस' दमकमा स्थापना गरियो । मुन्धुम शिक्षाका औपचारिक कक्षाहरू शुरू गर्नुभयो।

किरात जातिमा प्रचलित परम्परागत गीत पालाम, ख्याली, हाक्पारे र नाँचहरू केलाङ, माङलाङ, येबालाङ, साकेला, हुर्रा आदि नाँचहरू संरक्षण गर्न किरात साम्यो साक्थिम्गेन पान्जुम्भो स्थापना गर्नुभयो । सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सामग्रीहरू खरिद गर्न किरात धर्मगुरू आफैं जोगमनी जानुभएको केहेरसिं योङहाङ बताउनु हुन्छ । २०३५ यता माङसेबुङ मौलिक सांस्कृतिक गीत र नाँचहरू प्रस्तुत हुने केन्द्रका रूपमा रहँदै आएको छ । यसैगरी किरातीहरूको मौलिक पहिरन तागाबा, मेख्ली, सुम्जाङ, हाङजाङ, पहके, सर्दके जस्ता

पहिरनहरूको संरक्षण र प्रवर्द्धनका निम्ति लागि पर्नु भएको छ । वि.सं. २०५७ मा सम्पन्न 'किरात धर्म प्रथम अन्तर्राष्ट्रिय सम्मेलन' मा तागाबा, मेख्लीको व्यापक परिहन र प्रदर्शन गरिएको थियो । वहाँले किरात धार्मिक कार्यक्रममा अनिवार्य रूपमा तागाबा, मेख्लीको प्रयोगमा जोड दिंदै आउनुभएको छ । जसका कारण संसारका लाखौं भक्तजनहरूले मौलिक पहिरन लगाउने गरेका छन् । यसैगरी तागाबा, मेख्ली विभिन्न डिजाइनमा, विभिन्न रंगमा पहिरने चलन अत्याधिक रूपमा बढेको छ ।

## पहिचान र अधिकार खोजी

नेपालमा सदियौं देखि एकात्मक हिन्दु राज्यको रूपमा रहेको थियो । नेपाल एकीकरणको क्रममा अनेका आदिवासीका राज्यहरू मिलान गरियो । ती क्षेत्रमा हिन्दुत्व लादियो । मुलुकका सबै धर्म, भाषा र संस्कृतिले राज्यबाट समान संरक्षण पाएनन् । नेपालको भौगोलिक एकीकरणपछिको एकात्मक राज्यले भाषिक, सांस्कृतिक, धार्मिक र राजनीतिक विभेदहरू सिर्जना गरेको थियो । विभेदमा पारिएका जनताको माङगेन्ना (शिर) ढालिदियो । जसले मुलुकको राष्ट्रियता सधैं कमजोर र खतरामा पारिहेको थियो ।

किरात धर्मगुरूले नेपालका आदिवासी, जनजाति, दलित र महिलाका अधिकारका निम्ति संघीय शासन प्रणाली आवश्यक भएको बताउँदै आउनु भएको छ । सबै जाति, वर्ग, क्षेत्र र लिङ्गलाई अधिकार सम्पन्न गराए मात्र मुलुक सफल हुने र मुलुकमा शान्ति हुने वहाँको मत रहेको छ । आदिवासीका पहिचानमा आधारित संघीय राज्यहरू स्थापना गर्न दलहरू खोल्न, धर्म निरपेक्षता र पहिचान निम्ति शान्तिपूर्ण आन्दोलनहरूमा वहाँले प्रेरित गर्दै आउनु भएको छ । त्यसैगरी वहाँलाई भेट्न आउने राष्ट्र प्रमुख र सरकार प्रमुखहरूलाई वहाँले सबै नागरिकलाई अधिकार सम्पन्न गराउन अनुरोध गर्दै आउनुभएको छ ।

## शान्ति र एकताको पहल

'विश्व शान्ति र मानव एकता' लाई किरात धर्मगुरूले आफ्नो मूल दर्शनका रूपमा अघि बढाउनु भएको छ । 'संसारलाई सुन्दर फूलबारी' का रूपमा विकास गर्न धर्तीका सबै मानव मिलेर बस्नु पर्नेमा वहाँले जोड दिंदै आउनु भएको छ ।

विश्व शान्तिको कामना गर्दै किरात हाङसाम मुजोत्लुङ माङहिममा २०५० सालयता अखण्ड महावत्ति प्रज्वलन गरिएको छ । विश्व शान्तिको कामना गर्दै २०७६ मा फक्ताङलुङमा सेवा लगाउनु भयो । माङसेबुङ र बाहिर आयोजना हुने कार्यक्रमहरूमा किरात धर्मगुरूले विश्व शान्ति र मानव एकताको सन्देश दिंदै आउनुभएको छ ।

> **वश्व शान्तिको कामना गर्दै किरात हाङसाम मुजोत्लुङ माङहिममा २०५० सालयता अखण्ड महावत्ति प्रज्वलन गरिएको छ । विश्व शान्तिको कामना गर्दै २०७६ मा फक्ताङलुङमा सेवा लगाउनु भयो ।**

## मुन्धुम प्रकाशन

महागुरू फाल्गुनन्दले लिखित मुन्धुमको प्रयोगको थालनी गर्नुभयो । वि.सं. १९८८ बैसाक २४–२८ गते पान्थर लब्रेमा निर्माण गरिएको 'सत्यधर्म मुचुल्का' ले मुन्धुमलाई लिपिबद्द गर्ने उल्लेख गरेको थियो । महागुरूले मुन्धुमलाई किरात लिपिमा लिपिवद्ध गर्नुभयो । वहाँ आफैमा 'मुन्धुमसाबा' हुनुहुन्थ्यो । महागुरूले मुन्धुम भन्नुहुन्थ्यो र वहाँका चेलाहरूले लिपिवद्ध गर्नुभयो ।

महागुरू फाल्गुनन्दले लिपिवद्ध गर्नुभएको मुन्धुमलाई सम्पादन र प्रकाशन गर्ने कार्य किरात धर्मगुरूले गर्दै आउनुभएको छ । वहाँकै पहलमा किरात लिपि छाप्ने प्रेसको स्थापना २० सालमा भयो । जो किरात लिपि छाप्ने पहिलो प्रेस हो । 'थेबा–युमा खमा मुन्धुम', 'चासोक मुन्धुम', 'सोमाङ केमाङ मुन्धुम', 'साक्मुरा वदेम्बा मुन्धुम', 'साप्पोक चोमेन मुन्धुम', 'मेखिम खमा मुन्धुम', 'कुसाङ सेमा मुन्धुम', 'साम्सामा मुन्धुम' नाम्धुङ लाधुङ सेमी सेवा मुन्धुम, मुन्धुम कम्प्युटराइज गरेर प्रकाशन भएका छन् । सो मुन्धुम नेपाल, भारत (सिक्किम, दार्जिलिङ, आसाम), हङकङ, सिंगापुर, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, जापान, कोरिया, अमेरिकाका किरात धर्मावलम्बीहरूले दैनिक जीवनमा प्रयोग गर्दै आएका छन् । माङसेबुङमा मुन्धुम पठनपाठन भइरहेको छ । अझ् धेरै मुन्धुमहरू लिपिवद्ध हुन बाँकी रहेको छ ।

उनले लिपिवद्ध गरेको मुन्धुमलाई सम्पादन र छपाईमा ल्याउने कार्य मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङले गर्दै आएका छन् । हाल, नेपाल, भारत (सिक्किम, दार्जिलिङ, आसाम), हङकङ, सिङगापुर, बेलायत, क्यानडा, अष्ट्रेलिया, मलेसिया, जापान, कोरिया, कतारलगायतका स्थानमा प्रयोग भइरहेको छ ।

## अन्त्यमा,

निरङकुश पञ्चायती व्यवस्था, जनयुद्धजस्ता असहज राजनीतिक अवस्था, अभाव र कठिनाईसँग पौठेजोडी गर्दै अप्ठ्यारा पन्छाउँदै अङसीमाङले किरात धर्मलाई नेतृत्व गर्दै आउनु भएको छ । किरात धर्मगुरू मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङको ७२ औं जन्मोत्सवको अवसरमा हार्दिक शुभकामना ।

# लुङ्मेन्दीङ नोनिङ्वा



*मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरुमा माङ्वा–हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङवा तोम्मा गर्दछौं।*

## किरात साम्यो हाङसाम मुजोत्लुङ माङहिम
## किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा

जि.प्र.का. इलाम द. नं. २४२/०५४/०५५
स.क.प. आवद्धता नं. २९८४६

**केन्द्रीय समितिको कार्यालय**
**माङसेबुङ-५, इलाम**

| | | | |
|---|---|---|---|
| दौलतमान माङयाक खेवा<br>सदस्य | विविलाल यङवागो<br>सदस्य | नरबहादुर इधिङगो<br>सदस्य | मानबहादुर खपाङगी<br>सदस्य |
| अभिषेक येक्तेन<br>सदस्य | धनराज सङबाङफे<br>सदस्य | जगतबहादुर लाओती<br>सदस्य | गजेन्द्र लाओती<br>सदस्य |
| इचछ्राबहादुर चेम्जोङ<br>सदस्य | धनबहादुर फागो<br>सदस्य | नन्दकुमार सेर्मा<br>सदस्य | लाखमान खजुम<br>सदस्य |
| तुलक तुम्सा<br>सदस्य | लालबहादुर खापुङ<br>सदस्य | मेघराज लाओती<br>सदस्य | खड्क खालिङ राई<br>सदस्य |
| टंकप्रसाद साँबा<br>सदस्य | कैलाशनाथ तुम्बाहाङफे<br>सदस्य | हर्कराज ओख्राबो<br>सदस्य | ज्ञानु फुरुम्बो<br>सदस्य |
| धर्मराज मेन्याङबो<br>सदस्य | खड्क कन्दङवा<br>सदस्य | हेमकुमारी सावदेन पराङदेन<br>सदस्य | भानुमाया राई<br>सदस्य |
| राजकुमार राई<br>सदस्य | चन्द्रबहादुर लाओती<br>सदस्य | युरेन्द्रराज थेबे<br>सदस्य | खड्कहाङ आङबुहाङ<br>सदस्य |
| डिकमान साँबा<br>सदस्य | डम्बर चोङबाङ<br>सदस्य | खड्कबहादुर यङवागो<br>सदस्य | फुलमाया देवान राई<br>सदस्य |
| राजेन्द्र तुम्बापो<br>सदस्य | तेजमान नेम्बाङ<br>सदस्य | मनकुमार कुलुङ राई<br>सदस्य | चतुरसिं वालिङहाङ राई<br>सदस्य |
| तेजबहादुर लोवा<br>सदस्य | मेनेन्द्र सेर्मा<br>सदस्य | ज्ञानु केदेम<br>सदस्य | राज सङमी<br>सदस्य |

# अङसीमाङको मार्गदर्शनलाई त्रिकोणात्मक एगंलबाट नियाल्दा

## सत्यहाङमा बन्दा हिन्दुवादी हुने र देखिने भन्ने तर्कको कुनै गुञ्जाइस नै छैन्



वनेम विक्रम फागो

पूजनीय किरात धर्मगुरू आत्मानद लिङ्देन सेईङज्यू यस पटक आफ्नो उमेरको ७२ औं वर्षमा प्रवेश गर्दै हुनुहुन्छ । उमेरको हिसाबले साढे छ दशक भन्दा लामो समय सामूहिक जञ्जालभित्रै बित्यो । पर्शनल लाईफ अर्थात आफ्नो निजी जीवनशैलीको उपभोग गर्न पाउनु भएनन्। आफ्नो भन्ने निजी स्वामित्व ग्रहण गर्ने र त्यसको उपभोग गर्ने अनुभूतको अवसरहरू कहिल्यै नि जुर्न सकेन। लोकले देख्दा पारिवारिक बन्धनभित्र देखिए पनि, वहाँको जीवनशैली र भूमिकाले त्यो निजित्वबोध गराउँदैन। मेरो र तेरो भन्ने निजी स्वार्थबाट सधैं दूर रहनु भयो। केवल भौतिक शरीर मात्र वहाँको निजित्व रहयो । मतलब गृह आश्रममा विहानदेखि साँझ बेलुकीसम्म दैनिक जीवनमा गरिने नित्य कर्महरूदेखि बाहेक निजित्व र आफ्नो भन्ने स्वामित्व रहेनन्।

परन्तुः विचार र चिन्तनको हकमा भने कहिले पनि वहाँले आफू निजी प्राणी हो भन्ने आत्माबोध गराउँनु भएन। अध्यात्मवादी साधकका रुपमा आफूलाई बालापंनदेखि नै लोकका अगाडि उभ्याउँनु भएको हो। जतिखेर वहाँ १३ वर्षमा टेक्दै हुनुहुन्थ्यो। जुन त्यो उमेरमा आत्मा-परमात्मा देख्ने जान्ने र त्रिकाल समयको भविष्यवेत्ता भएपछि नै, जसको प्रभावले वहाँलाई शनैःशनैः वालागुरूज्यूको उपमाले सम्बोधित हुन थाल्नु भएको हो । समयले निकै कोल्टे फेरेसी मात्र यो लोकले नि पहिचान गर्दै अनुभूत गरेसी वहाँ धर्मगुरूको रुपमा पूजनीय हुन पुग्नु भएको हो।

महागुरू फाल्गुनन्दले दिव्य उपदेशहरू दिनुभए जस्तै वहाँको कर्म भोगाई, गराई र चिन्तनको कारण वहाँलाई महागुरूको दोस्रो अवतारित लिलाको रुपमा सम्बोधन गरिएको हो। र, धर्मगुरूज्यूको रुपमा हार्दिकतापूर्वक माङलाङ ताक्मा (२०२७) गरियो । त्यसो त महागुरू फाल्गुनन्दज्यू समाधिस्थ ( १९४२-२००५) हुनु भएको दिन वर्षले झण्डै साढे पाँच वर्षपछि वहाँको जन्मावतरण भएको हो । महागुरूज्यूकै पदचाप र मार्गदर्शनलाई अक्षरस फलो गर्ने र पालना गर्न यो लोकमा पर्दापण भएको हो भन्ने वहाँको धर्मोपदेशले सत्यता उजागर गर्छ।

### त्रिकोणात्मक धार्मिक, सामाजिक र सांस्कृतिक एगंलबाट हेरिनुपर्दा

पूज्य गुरूज्यूलाई धार्मिक, सामाजिक र सांस्कृतिक तीनैवटा एंगलबाट हेरिनुपर्दा, मार्गदशक सिद्धान्तमा यी तीनवटै रूप रंगहरूमा वहाँको जीवनचार्य कर्म अपरिहार्य जस्तै देखिन गएको छ⁄हो। पहिले धार्मिक चेतनाहरूको बीउबिजनहरू छर्दै चेतनाको कठ्घरामा उभ्याउँने प्रयास गर्नु भएको छ। किनकी धार्मिक चेतनाले मात्र परिवार, समाज हुँदै देश सु-संस्कृत रूपमा व्यवस्थित र सभ्यतामूलक कायम हुन्छ भन्ने आत्माबोध गराउँन खोज्नु भएको छ⁄हो। जुन यो क्रिया हिजोदेखि नै धार्मिक प्रणेता एवं दार्शनिक व्यक्तित्वहरूले कर्मदान गर्दै आइरहेकै हो। यसबाट गुरूज्यू पनि अछुतो हुनुहुन्न। वहाँको पनि पहिलो प्राथमिकता भनेकै आफ्नो किरात समुदायलाई धार्मिक चेतना दिनु थियो।

त्यसपछि समग्र सिंगो लोक कल्याणकारी मानव जातिको हितार्थ सामाजिक उठान गर्नु नै हो। अपितुः त्यो भन्दा अघि चाहीं हामीहरूको समुदायलाई दिनु भएको पहिलो पाठशाला भनेकै धार्मिक गुरूकूल शिक्षा नै हो। वहीं महागुरूज्यूको मार्गदर्शनको निरन्तता हो । महागुरूले पहिले यहीं धार्मिकता भित्र पाउँन सकिने बाह्रय पत्रहरू र आन्तरिक भित्री गुदीहरूको रस्वादान थाहा पाउने चेतनाको नीति अख्तियार गर्नु भएको हो। तथापी, गुरूमन्त्रको यो कुटनीतिक शास्त्रको नीतिशतकलाई हामीहरूको समुदायलाई (अपवाद बाहेक) पाच्य भएको छैन्। जसको कारण न बाह्रय कुटनीतिक बुझे । न त आन्तरिक नै बुझ्न सके । आफू पनि नबुझ्ने र अरूलाई पनि बुझ्न नदिने जमातहरूको श्रृङखलाबद्ध भीडहरू उस्तै बढ्न थालेको छ।

यसले महागुरू फाल्गुनन्द र वर्तमान गुरू आत्मानन्दज्यूको मार्गदर्शनलाई बाँभो हाल्न र मिथ्या भ्रमहरूको अफवाह फैलाउँनमा उनीहरू ज्यादै उद्वत देखिएका छन् । द्वय गुरूज्यूहरूको

मार्गदर्शक सिद्धान्तलाई आलोचनात्मक चेतले नहेरी, नबुझि खाली एक्साईटेड नेगेटिभस् थिंकले मात्र हेरिरहने दृष्टिकोणले गर्दा यसको रूप र सार के हो ? भन्ने भ्याउ अझै नि थाहा पाउन सकेका छैनन्। बाह्य भावभंगी हेरेर मात्र कटु-आलोचना गर्नुलाई सकारात्मक प्रतिक्रियाको शिक्षाको रुपमा ग्रहण गर्न सकिन्न। रूप र सारमा देखिने अविलम्ब कार्यनीतिहरूलाई कति त प्रतिकात्मक विम्बको रुपमा पनि बुझ्नु पर्छ नै।

महागुरूज्यूको दिग्ददशकलाई पूर्ण रूपमा नबुझि, नघोल्तिकनै खाली त्रिशुल, कमण्डलु र खरानी धसेकेको मात्रै देखेर आलोचना गर्नु र टीकाटिप्पणी गर्नु भनेको त्यो सतही बक्र दृष्टी मात्र हो। यो हिजोको निरङकुश शासकहरूको अघि देखाइएको सुरको लय र ताल न हो। पक्कै यो सुरको ताल र लयमा हामीहरूको समुदायमा हुनु, नहुनु सक्छ नै। जसको ओजिर्नल बहस वा संवादमा यथार्थ के हो ? यसको चिरफार र समाधान गर्नुको कुनै विकल्पै छैन्। तर, दुर्भाग्य यी द्वयगुरूज्यूले खाली याक्थुङ⁄लिम्बु जातिलाई विभक्त गऱ्यो। दुई समूहमा जाति भाँड्यो। र धर्म-कर्मको नाममा हिन्दुकरणमा रूपान्तरण गऱ्यो भन्ने आरोप-प्रत्यारोपको सामनाहरू पनि उत्तिकै खेप्दै आउँनु भएको छ⁄हो।

मूलतः यो पनि साझा बहसको रुपमा एक ठाउँ बसेर यसको निकास निकाल्नुलाई उत्पादकमुलक नै हुने हो। किनकी एउटै समुदायबीच खाली अन्तर-विरोध र शत्रुगत वैमनस्यता रहिरहनु भनेको त्यो जातिको लागि ज्यादै दुर्भाग्यपूर्ण हो। र जसको अस्तित्व संकटमा पर्दै जानु पनि हो। भोलि देखिने संकटको आज देखिनै त्यसको सावधान मोचन गर्ने जागरूता भने देखाउँनै पर्छ। महागुरूले लथिक् खप्पेओ तकिन् चाः थुङसिक अर्थात एउटै भाँडामा भात खुवाउँछु भन्नुको मलतब सबैलाई एक रूपताभित्र बाँध्ने बनाउँछु भन्नु खोज्नु भएको हो। यसको आशयता भनेको आलोचकहरूले भने जस्तो हिन्दुकरण गर्ने भन्ने होइनन्। सत्यहाङमा बन्ने अनि खरानी मात्र धसी हिड्ने र कमण्डलु बोकेर फाल्गुनन्द जस्तो भेष मात्र बदल्ने भन्ने पनि रत्तिभर होइनन्। भलैः सत्यहाङमा बन्दा हिन्दुवादी हुने र देखिने भन्ने तर्कको कुनै गुञ्जाइस नै छैन्। कति धार्मिक अनुष्ठानहरूमा प्रयोग गरिने विधि विधानहरूको संस्कारले हिन्दु धर्मको नक्कल गरे जस्तो देखिएला नै।

**महागुरुज्यूको दिग्ददशकलाई पूर्ण रुपमा नबुझि, नघोल्तिकनै खाली त्रिशुल, कमण्डलु र खरानी धसेकेको मात्रै देखेर आलोचना गर्नु र टीकाटिप्पणी गर्नु भनेको त्यो सतही बक्र दृष्टी मात्र हो। यो हिजोको निरङकुश शासकहरुको अघि देखाइएको सुरको लय र ताल न हो।**

त्यसले आफ्नो मौलिकता माऱ्यो र दोस्रो बाहुन, क्षेत्री जातिहरूको धर्म संस्कारको अनुसरण गऱ्यो भन्ने कटु-आरोपहरू लाग्दै आइ नै रहेछन्। उसो त हामीहरूको मौलिक परम्परागत विधि संस्कारहरूमा पनि हिन्दुवादी शैलीका विधि र गन्धहरू नदेखिने र नभएका भने रत्ति छैनन्। जस्तो की, किरात धार्मिक अनुयायीहरूले आफ्नो अग्रज पापाः माम्माज्यूहरू परलोक हुनु हुँदा केश मुण्डन गर्ने र लगौटी धोतीहरू लगाएर कोरामा बस्ने चलन छैन्। अर्थात त्यस्तो टाउको खौरिने र धोती पहिरिने परम्परा नभएको मान्यता राख्छ। भने, खाँटी मौलिक परंम्परागत जीवन-शैलीलाई आफ्नो कर्म-संस्कार मान्नु हुने हामीहरूमध्येनै कोही कसैले कपाल खौरिने र सेतो लगौटी⁄धोती लगाएर कोरामा बस्नेहरू नि कति छौं। जो त्यो कर्म विधि, संस्कारहरू बाहुन, क्षेत्री जातिहरूको हिन्दु धर्म भित्र पनि पर्छन्।

संसारको कुनैपनि अस्तित्वमा उभिएको जातिहरूमा कोही कसैको दोस्रो जातिहरूसँग केही न केही त उनीहरूसँगको जीवनशैली र कर्म विधि, संस्कारहरू मिल्न जान्छन् नै। जसलाई हामीहरूले त्या नक्कल-झक्कलहरूको कपि पेष्ट हो भन्दै खण्डन गर्दै भ्रम छर्नु मुनासिफ होइनन्। त्यो आफै भित्र भएको बौद्धिकताको चीरहरण गर्नु र आलोचनात्मक चेत गुमाए जस्तै हो।

धर्म-कर्मले मान्छेहरूको हृदयलाई जोड्ने हो। भत्काउँने र तोड्ने होइन। दरिद्र मानसिकता बोक्नेहरूले धर्म ग्रहण गर्छन् र आस्था राख्छन्। हो तिनै दरिद्रहरूले अर्को मान्छेहरूको हृदय र आस्थाहरू भत्काउँने र तोड्नमा जहिले बल गर्छन्। धर्मको मूलसारनै हिंसारहीत समाजको रूपान्तरण गरौं। मान्छेहरूबीच एक अर्कामा हार्दिकता साटौं। सहिष्णु बनौं र मानवता बाडौं भन्ने न हो। धर्मभीरू पाखेहरूले मात्र धर्म बेच्छन्। र आफूहरूलाई पनि मानवताको बजारहरूमा लिलाम गर्न पछि पर्दैनन्।

जो धर्मको नाममा गेरूबस्त्र धारण गरी मान्छेहरूकै व्यापार गर्ने त्यस्ता नरभक्षी पिसाचहरू यो लोकमा कति छन् कति। अन्तः त्यस्ता कसाही र जल्लाद मन पालेका नरभक्षी शिकारी ब्याधाहरूसँग निष्कलंक धर्मलाई कलंक र घृणासँग जोडिनु कदाचित हुँदैन। आ-

आफ्नो बुझाई र त्यसलाई आत्मा साथ गर्ने हो। की कसरी मान्ने र प्रयोग गर्ने भन्ने न हो। उसो त किरात धार्मिक अनुयायीहरूमा (अपवाद बाहेक) यस्ता विसंगत लाग्ने विचलनहरू कति छन् कति। जो महागुरूज्यू र वर्तमान धर्मगुरूज्यूको मार्गदर्शक दर्शनभित्र यो मानवता विरोधी सिद्धान्त कवै पर्दैनन्। बरू भन्नुपर्दा, मुलभूत रूपमै किरात धर्म सम्बद्ध संघ/संस्थाहरूमा कामकाजी गर्ने कार्यकर्ताहरू (अपवाद एकाध-दोकाध बाहेक) नै काफी देखिन्दो छन्। जो धर्मको नाममा पथभ्रष्ट बनेका/भएका काफी छ्न्। तिनैचेन् गुरूज्यूको चेलाहरू भएको हुँकार पेश गर्दै दाबी प्रस्तुत गर्नेहरू पनि कति हो कति छन्।

अतः महागुरूज्यूले शिलशिलेवार जोड्दै ल्याउँनु भएको यो धार्मिक जनचेतनालाई अझ् जागरूक बनाउन र थप उर्जाशिल बनाउँन पूज्य धर्मगुरूज्यूको अथाह देन छ। यसैले हामीहरूको समुदायमा सामाजिक/सांस्कृतिक रूपान्तरणको कायपलटहरू देखिन्दो छन्। जो अनुभूत गर्नेहरूको त बाक्लै भिड थपिन्दो छन्। कति गुरूज्यूको कट्टर आलोचकहरू पनि शनैः शनैः अनुयायीहरू बन्ने काफी छन्। भने, प्रतिक्षारत बन्न आतुर हुनेहरूको पनि लाईनको लर्को उस्तै छ। फलतः घृणाबाटै प्रेमको बीज अंकुरण हुने हो। यथार्थमा भन्नुपर्दा, घृणा भित्रै आलो यादगारहरू बसिभूत हुन्छन्। कतिले घृणाले दुखाउँछ/बिझाउँछ पनि। भने, कतिले उर्जा र प्रेरणा पनि दिलाउँछ। जसले बाँच्न र प्रेम बाँड्न नि सिकाउँने गर्छ। आखिर अन्ततः त्यो नै अन्तर-आत्माभित्र हुने तर नदेखिने परात्मा साम्यो/धर्म नै त हो। धर्म-कर्म गर्नु, आस्था राख्नु र अनुयायी बन्नु पनि अरूमाथि प्रेम बाँड्न सक्ने दुत बन्नु जस्तै न हो। मात्र धर्मभीरू पाखण्डीको रूप धारण चाहीँ कदाचित गर्नु भएनन्।

पूज्य गुरूज्यूको आशीर्वचन र मार्गदर्शन पथ पनि यहीँ त हो। यसैलाई आत्मासाथ गर्ने हो भने हामीहरूको समुदायले हाँकेको, ताकेको र चिताएको गन्तव्यमा पुग्न उति गाह्रो छैन्। यहीँ किरात धर्म दर्शनको मियो भित्र हामीहरू सबै बाँधिने हो भने, नाटकीय ढंगले कायापलट हुन त कतिबेर नि लाग्ने छैन्। तसर्थ, हामीहरूको अभिचलित-विचलित समुदायलाई जसै जोड्नु र एकतामा समाहित गराउन सक्ने बलशाली सूत्रधार नै विशेषः धर्मगुरूज्यू हो। यसमा धर्मानुयायी प्रमुखहरूको पनि उस्तै संयोजनकारी भूमिका हुनु अपरिहार्यता छ। गुरू भनेको साँघु/पुल जस्तै हो। डुंगा खियाउँने माझी जस्तै नै हुन्। जो चेत-अचेत हुने र ज्ञात-अज्ञात भएका सबैलाई ज्ञान चेतनाहरूको शिक्षा-दिक्षाहरू दिएर सधैं सही गन्तव्यमा पुग्ने गरी तारी रहने र पुर्‍याइ दिइरहने हो। त्यो भारी अपेक्षित राखौं की, धर्मगुरूज्यूको गुरूमन्त्र विशेषः सूत्रले एकतामा बल प्रदान गर्नेछ भन्नेमा विश्वस्त हुन सकिनेछ।

## धार्मिकता: जनजागरण अभियान र सन्देश

पूजनीय धर्मगुरूज्यूको विशेषः पहिचान भनेकै धार्मिकता अध्यात्मवादी साधक तथा चिन्तक हुन्। जसको कारण पनि वहाँमा महागुरूज्यूको अपूरो-अधुरो कार्यहरूलाई सिद्ध गर्नुपर्ने अभिभारा दायित्व उसै नि छँदैछ। जुन त्यो दायित्व भारको सघन उपचार भनेकै जनचेतनामूलक किरात धार्मिक जनजागरण अभियानहरू चलाउनु थियो। गुरूज्यू एउटा कुशल संगठनकर्ता पनि हुन्। संगठनहरूको विस्तारले मात्र जनचेतनामूलक कार्यक्रम योजनाहरू उजागर गर्न सकिन्छ भन्ने सोंच र कार्य योजनाले गर्दा, गुरूज्यूले संगठन निर्माण संरचनालाई पहिलो प्राथमिकतामा राख्नु भयो। र लिम्बुवानको पान्थर, फेदेनमा किरात धर्म तथा साहित्य उत्थान संघ नामक धार्मिक संस्था आधिकारिक दर्ता ( २०३६) गरियो। जुन समय पञ्चायती निरङकुश राज्य शासन थियो। त्यस्तो एउटै भाषा, एउटै धर्म, एउटै लिपि र बाहुनवादी जातिको एकलौटी अधिपत्य शासन व्यवस्था भएको कालरात्रीमा पनि किरात धर्मको नाममा संस्था दर्ता गर्ने र त्यो मार्फत संगठन विस्तार गर्ने आँट गर्नु भनेको, उसबेला चानचुने विषयको कुरो नै थिएन। त्यो साहस र आँट गर्ने दम चाहीँ उसताका गुरूज्यूले गर्नु भएकै हो। जसरी महागुरूज्यूले जहाँनिया राणाकालीन शासकीय राजमा पनि आफ्नो मौलिक भाषा, लिपि र धर्मको



जोगेर्ना गर्दै प्रचार-प्रसार गर्नु भयो । र, जीवन्तता प्रदान गर्नु भो । त्यस्तो निरङ्कुश दमनकारी शासकहरू भएको मुलुकमा आफ्नो जातीय समुदायको अस्तित्वको लागि विशेषः हक, अधिकार र भाषा, लिपि, धर्म-कर्महरूको प्रचार-प्रसार गर्नु भनेको उसबेला आफ्नो गर्धनलाई तरबार माथि राख्नु सो सरह थियो ।

हो, यस्तो विषम परिस्थितिमा पनि महागुरूज्यूले जस्तै बोक्नु भएको कठोर बोझ्को भारीहरू, वर्तमान गुरूज्यूले पनि उस्तैगरी बोक्दै ल्याउनु भयो । अहिले किरात धर्म दर्शनको अस्तित्व यहाँसम्म विस्तार र समृद्धशाली बन्न पुगेको छ । जसको श्रेयको हकदार गुरूज्यूलाई नै जान्छ । किरात धर्मको यति धेरै व्यापकता छाउँनु र लोकमा चर्चा-परिचर्चाहरू हुनु भनेको संगठनहरूको विस्तार हुने क्रमले नै हो । धर्म दर्शनलाई संगठन विस्तार मार्फत एकता निर्माणको जग बसाउने अभियान चलाउनु हुने संगठनकर्ता नै पहिलो गुरूज्यू हो । संसारमा धर्म दर्शनको नाममा कहीं कतै पनि संगठनहरू निर्माण र विस्तारहरू भएका छैनन् । धर्म धारण गर्ने र आस्था राख्ने अस्तित्वबोधक भएकोले, वास्तवमा यसको संगठन विस्तार गर्नु आफैमा आवश्यक छैन् ।

तर, त्यो बेलाको कठोर समय र परिस्थितिले संगठन निर्माण र विस्तार गर्नमा बाध्यात्मक बल प्रदान गऱ्यो । र, किरात धर्मको नाममा ऐतिहासिक संगठन संरचनाको निर्माण भयो । अहिले त हामीहरू देशमा धर्मको नाममा संगठन निर्माण गर्नेहरूको बाहुल्यता बढ्दो छ । जो यो किरात धर्मकै सिको हो अर्थात पदचाप हो भन्दा फरक नै पर्दैन । जस्तो की अहिले हिन्दुवादीहरूले अनेकन नाममा संगठनहरू खोलेका छन् । जसको एउटा विस्तारित रूप हो शिवसेना भन्ने छ । जोचाहीं अति हिन्दुवादीहरूको शसस्त्रधारी युवाहरूको दस्ता हो । जसले चाहीं धर्मको नाममा अतिक्रमण गर्नेहरूलाई सफाया दिने उद्घोष गर्छ । त्यसो त यो हिन्दु सापेक्षवादी भएकोले संघीय गणतन्त्र र धर्म निरपेक्षताको घोर विरोधीहरू हुन् । भने उनीहरूको मिशन भनेकै पुनः राजालाई स्थापित गर्ने र हिन्दु अधिराज्य घोषणा गर्ने नै अभियान हो ।

यो भन्दा फरक कृश्चियन धर्मानुयायीहरूको पनि संगठनहरू छन् । तर, उनीहरूको चाहीं चर्च निर्माणसँगै

**संसारको कुनैपनि अस्तित्वमा उभिएको जातिहरुमा कोही कसैको दोस्रो जातिहरुसँग केही न केही त उनीहरुसँगको जीवनशैली र कर्म विधि, संस्कारहरु मिल्न जान्छन् नै । जसलाई हामीहरुले त्यो नक्कल-झक्कलहरुको कपि पेष्ट हो भन्दै खण्डन गर्दै भ्रम छर्नु मुनासिफ होइनन् ।**

मण्डलीहरूको विस्तार गर्ने गर्छन् । बौद्ध र मुस्लिमहरूको पनि प्राय यस्तै-यस्तै नै हुने गर्छन् । त्यो भन्दा बृहत फरक चाहीं किरात धर्मकै हो । जो चाहीं महागुरूज्यूको पालादेखि नै स-विस्तार अभियान चलाउने सूत्रपात भयो । जसलाई निरन्तरता दिन भने गुरूज्यूले राज्यबाट आधिकारिकता लिने-दिने कार्य गर्नु भयो । अहिले पूर्ण रूपमा अस्तित्वमा देखिएको यहीं नै हो । उसबेलादेखि आजतकसम्म संगठन विस्तारहरू नहुँदों हो त, किरात धर्मको अस्तित्व र हामीहरूको समुदायको चेतनास्तर यहाँसम्म श्रीवृद्वी रत्तिभर हुन्नथ्यो । किरात धर्मको यति व्यापकता हुनु र समृद्धशाली बन्नुमा गुरूज्यू कुशल संगठनकर्ताको परिकल्पनाकार भएकै कारणले यो पूर्ण सम्भव हुन गएको हो । यसमा कुनै दुईमत नै छैन् ।

फलतः गुरूज्यूको नेतृत्वले किरात धार्मिक जागरणले हामीहरूको सिंगो समुदायमा त्यसको लोभलाग्दो प्रभाव परेकोछ । हामीहरूको धार्मिक विधि संस्कारहरूमा पहिले जस्तो फजुल खर्च-बर्च गर्ने, छोरीचेलीहरूको सोतरीत ग्रहण गर्ने, बिवाह भोजहरूमा पशुहरूको बलिदान गर्ने जस्ता विकृत रूपहरू उति देखि छाडेका छन् । माङगेना गर्दा होस् वा नयाँ दम्पति जोडिको लगन गर्दा होस्, एकजोडी भालेपोथी कुखुराहरूले ज्यान गुमाउँनु पर्थ्यो । यहाँ विचरण गर्नुपर्ने विषय चाहीं के रहयो भने, एउटाको माङगेना/शीर उठाउँनी गर्दै गर्दा, अर्को निहत्था प्राणी भाले पोथी कुखुराको शीरछेद्न गरेर, उसको माङगेना/शीर कसरी उठ्न सक्छ ? अनि एकजोडी नयाँ दम्पतिको लगन गर्दै गर्दा पनि उहीं एकजोडी भालेपोथी कुखुराले नै ज्यान आहुत्ती दिनु पर्छ । भने, एउटा जोडी प्राणीको हत्या गरेर, अर्को जोडीको दाम्पत्य जीवन सफल होस् भन्ने कामना चाहीं कसरी दिन सकिने हो ?

अन्तः हामीहरूले यो मानवताको कठ्घरामा उभिएर सोंच्नु पर्दैन र ? के यो कर्म-विधि धार्मिक/सामाजिक रूपले कति सहिष्णु छ ? यसको खुलेआम दिलसे आत्मा-समिक्षा औं मूल्यांकन गरी हेरौं न ? के यो सही लाग्छ त ? पक्कै पनि मानवीय समवेदना घोप्ट्याउँने हो भने, सबैलाई उस्तै नै बेश्कनै दुख्छ नै । तसर्थ, अहिले यो विधिको प्रथालाई विस्तारै छोड्ने क्रममा हामीहरूको

समुदाय अघि बढिरहेको देख्न सकिन्छ। यो नै उज्यालो आशा रूपीको रूपान्तरण हुँदै जानेक्रमको छलाङ् पनि हो। यतिको सुधारोन्मुखतिर हामीहरूको समुदाय रूपान्तरण हुनु भनेको गुरूज्यूको अतुलनीय देन रहिआएको छ। समाज यसरी नै शनैःशनैः धार्मिक रूपले रूपान्तरणमा बदलिँदै जाने हो र हुनेछन् । गुरूज्यूको अन्तिम अभिष्ट सदिच्छा पनि यहीं नै त हो।

विशेषः स्मरण गर्नैपर्दा, उसताक गुरूज्यूले यी यस्ता संगठन विस्तार र धार्मिक जागरण अभियान कार्यक्रमहरू गाउँघर, हाटबजार, थुमहरूमा नचलाउनु भएको भए हामीहरूको समुदाय यतिको जागरूक हुने नै थिएनन्। गुरूज्यूले उद्घाट्न तथा नेतृत्व गर्नु भएको किरात धर्म सम्बद्ध धार्मिक संगठनहरूको विस्तारले गाउँ, टोल, नगर, थुम/जिल्ला हुँदै अन्तर्राष्ट्रिय देश-विदेश सबै स्थानहरूमा यसको अस्तित्व उभिसकेको छ। भन्नै पर्ने हुन्छ की, नेपालको इतिहासमै सबैभन्दा बढी सांगठनिक संरचनाहरू निर्माण भएका संस्था नै किरात धर्मको हो। आ-आफ्नै विषयगत अस्तित्व उठानको नाममा किरात धार्मिक संस्थाहरूको बग्रेल्ती स्थापना भएका छन्।

अहिलेको हकमा भने यसको उपदेयता के कति छ ? त्यो समयले नै बताउँदै लैजाला नै । तर, निवर्तमान अहिलेको समय सन्दर्भमा भने धेरै विरालो मुसो नमारी भन्ने आख्याँन मुताविक जस्तै हुन गएको देखिन्छन् । गुरूज्यूको आज्ञाले संगठन संरचनाहरूको अलवा विभिन्न ठाउँहरूमा माङहिमहरूको निर्माणहरू पनि काफी बन्दै गएका छन्/भएका छन् । त्यस्तै मुन्धुमसाबाहरूको साम्जिक मुन्धुम अध्ययन गर्ने निसामहिमहरूको पनि निर्माण हुनेक्रमहरू उस्तै जारी नै छ भने अध्यापंन गराइने कार्यहरू पनि निरन्तर जारी नै छ। जसले आफ्नै मौलिक भाषाको लिपि अक्षरमा मुन्धुमी कथानक सौन्दर्यताको मिथकताहरूको बारे, गज्जबले अध्ययन गर्न पाइरहेका छन्।

हिजो येबा, साम्बा, फेदाङमाहरूले मुखाग्रह फलाकेका मुन्धुमी मिथकहरूलाई अहिले लिपिबद्ध सहिताकृत गरी पुस्तकारमा पढ्नुपर्ने पद्धतिको विकास हुँदै गएको छ। जसलाई साम्जिक मुन्धुमका रुपमा ग्रहण गर्ने

> **जति धेरै माङ्हिमहरुको पदस्थापन हुन्छन् । उति नै धेरै भाषा लिपिको समृद्धि तथा अध्ययन गर्ने, अध्यापन गराउनेहरुको उल्लेख्य रुपमा विकास पनि हुँदै जाने रैछ । सोध-खोज, अन्वेषणले त्यो बोध गराएको छ । यसले के आत्माबोध गराएको छ भने, धार्मिक जनजागरणले समाजलाई खाली माङको अस्तित्वलाई मात्र स्विकार गर ।**

गरिन्छ । जति धेरै माङ्हिमहरूको पदस्थापन हुन्छन् । उति नै धेरै भाषा लिपिको समृद्धि तथा अध्ययन गर्ने, अध्यापन गराउनेहरूको उल्लेख्य रूपमा विकास पनि हुँदै जाने रैछ। सोध-खोज, अन्वेषणले त्यो बोध गराएको छ। यसले के आत्माबोध गराएको छ भने, धार्मिक जनजागरणले समाजलाई खाली माङको अस्तित्वलाई मात्र स्विकार गर । माङसिवाखाहुनहरू गाओ । धार्मिक उपदेशहरू मात्र सुन। माङसेवाहरू मात्रै गर्दै बस भनेर सामाजिक दायित्वबाट अलग्गै पर सार्न भने खोजेको छैन्/होइनन्।

यसले अझ् सामाजिक, सांस्कृतिक रूपान्तरण गर्नमा झन् सघाउ पुऱ्याएको छ । जसको देनले परस्पर मान्छेहरूबीच हार्दिकता बाँड्न र साट्न सिकाएको छ । द्वन्द्व र हिंसारहित समाजको निर्माण गर्न चेतना विस्तार गराएको छ। मान्छेको चेतनाको विकास गर्नलाई शिक्षा-दिक्षा अनिवार्य रैछ । र, पढ्नु पर्ने रैछ भन्ने चेतनाको बिर्को पनि उघ्रेको देखियो । चेतनाको श्रीवृद्धी भएपछि नै हामीहरूको विशेष समुदायले आफ्नो मौलिक संस्कृति, मुन्धुमी साहित्य सिर्जना र हाङसाम साम्यो/किरात धर्म दर्शनबारे धेरै बुझ्नमा राहत प्रदान नै गऱ्यो । यी सबै चेतनालाई गतिशीलता प्रदान गर्न र आफ्नो मौलिक संस्कृतिहरूको संरक्षण- सम्बर्द्धनलाई प्राण-त्राणहरू भर्न भनेकै यहीं किरात धार्मिक जागरण अभियानहरूले गर्दा भएको हो । जो सम्भव देखिएको/हुन गएको हो भन्नेमा लोजिकलीसँगै सबुद-प्रमाणहरू पनि पेश गर्न सकिन्छ।

उसताका महागुरू नजन्मनु भएको भए ? हामीहरूको यो समुदायको हविगत के हुथ्यो के ? अनि पुनः वर्तमान गुरूज्यूले डोऱ्याएर यहाँसम्म नल्याई दिनु भएको भए ? अहिले/आज निर्माण भएको/देखिएको/उभिएको यो समुदायको उठान् र अस्तित्वको स्वरूप कस्तो हुन्थ्यो होला ? उसबेलाको हामीहरूको समुदायको चेतनास्तरलाई हेर्ने र मुल्यांकन गर्ने हो भने, कल्पना गर्नसम्म पनि सकिन्न । यस्तो अति अप्ठ्यारो सुरूङ मार्ग भित्रबाट उज्यालो मार्गदर्शनमा पुनः जन्म गराईदिनु हुने मार्ग-निर्देशक महागुरू फाल्गुनन्दज्यूलाई नेपाली शब्दकोशहरूमा नभएकै तुच्छ गाली गलौजका शब्द बाणहरूले झीर हान्ने गर्छौं । र, आफूहरूलाई कट्टर

अर्गानिक समाज रूपान्तरणको अभियेन्ता ठेकेदार सम्झन्दैं, अनि टपरटुईयाँ बौद्धिकताको बुझ्रुक ज्ञाता भएको ठानी टोपल्छौं। अन्तः फेरि उस्तै उछित्तो काड्छौं, आत्मान्द लिङ्देन गुरूज्यूको पनि।

कवि तथा लेखक स्नेही सेसेफुङ भाईले साँधु चोर..! फाल्गुनन्द आलेखमा (कात्तिक-२५, सिलौटी अनलाईन डट् कम) आफ्नो तर्क राख्नु हुन्छ, लिम्बू समुदायको डिएनए.जीन नै त्यस्तो हो। की समाजमा कोही महान व्यक्तित्वहरूको जन्म किन नहोस् र राम्रा कामहरू किन नगरून्। र, तिनले राम्रो-राम्रो गर्न किन नलाओस्। त्यस्ता व्यक्तिहरूलाई कहिल्यै राम्रो मान्दैनन् र देखि सहदैनन्। उनीहरूलाई गाली-गलौज नगरी खाएकोसम्म पचाउँन सक्दैनन्। झन् आत्मानन्द लिङ्देन गुरूलाई त दिनभरी नसरापी त भातै नखानेहरू पनि छन् भनेर लेखक सेसेफुङले हामीहरूको लिम्बू समुदायको अहिलेका बुझ्रुकधारी अध्येता भनौंदा युवापुस्ताहरूलाई बढी औंल्याउँनु भएकोछ। यसबाट अन्य दिग्गज बुढाहरू पनि अछुतो छैनन्। जो महागुरू र वर्तमान गुरूज्यूको कटु-आलोचना र खण्डनहरू गर्दै उछित्तो काड्नमा मज्जा र आनन्द मान्ने गर्छन्। तिनीहरूलाई पनि हो यो, लेखक सेसेफुङ भाईको कलमी बारूदी क्षेप्यास्त्र। उनको तर्क छ, लिम्बू समुदायको डिएनए. एक्सचेञ्ज नगरूञ्जेल र नभईञ्जेलसम्म, लिम्बुहरूले (अपवाद बाहेक) राम्रो र असल भन्ने कहिल्यै चिन्न र छुट्याउँन पनि सक्दैनन्। र, त्यसको हार्दिक सम्मान नि गर्न कहिल्यै जान्दैनन्। यो लिम्बुहरूको परम्परागत डिएनए.मै आएको मनोगत रोग नै हो। लेखक भाईले ठोकुवाका साथ आफ्नो अभिमत राखेका छन्।

हिजोको विराट लारूम्बाको छायाँ तस्वीरहरू, आज कहिंकतै देखिन्दैन⁄भेटिन्दैन। केवल अब त्यो उसबेलाका आन्तरिक पर्यटक र रैथाने गाउँलेहरूको मानसपटलमा मात्र कुदिएको होला सायद। त्यो समयकाल भन्नुपर्दा बाँदरहरू पनि हिड्न नजान्ने⁄नसक्ने भीर पखेरोहरूको आधारभूमि थियो। जो आज इलाम र दमक जतिकै सुगमताले आफ्नो सुःनामको परिचय बाँडेर यात्रारत छ। जुन भूगोलको यत्रो संरचनाहरू नाटकीय रूपमा यसको सिंगो स्वरूप नै बदल्नु सक्नु भनेको कल्पना भन्दा पनि बाहिरको कुरा थियो। जसलाई धर्मगुरूज्यूले सम्भावना देख्नु भो। र, सम्भवमा बदल दिनुपनि भयो।

गुरूज्यूले आज त्यो लारूम्बालाई आफ्नो गुरू आश्रमको रुपमा गृह थलो नबनाउँनु भएको भए के हुन्थ्यो होला र? उहीं विराट दुर्गम गाउँको नामभित्र ओझेलमा बाँचिरहन विवश हुनुपर्थ्यो। गुरूज्यूको देवागमनले यो क्षेत्र अहिले पुण्यभूमिको रुपमा विराजमान भएर बशीभूत भएको छ। जहाँ बुद्ध जन्म्यो त्यहीं लुम्बिनी अहिले स्वर्गको एक टुक्रा जस्तै पुण्य भएकोछ। माङसेबुङ पनि त्यस्तै स्वर्गानुभूतिको परिवेशमा आभाष आउने तरखरमा उभिन खोज्दैछ। जो चाहीं विश्व किरातीहरूको आस्थाको धरोहर र किरात धार्मिक तीर्थस्थलको रुपमा यसको स्वरूप विस्तार हुनेक्रममा छ। यसको पछिल्लो बदलिन्दो सौन्दर्य दृष्टिकोणको गुरू योजनाकार तथा परिकल्पनाकार पनि स्वयम् गुरूज्यूकै हो। गुरूज्यूको सौन्दर्यात्मक दृष्टिकोणको लेन्सबाट स्क्याच गरिएको सुन्दर भूगोलको नाम हो, माङसेबुङ।




लुङमेन्दिङ नोनिङ्वा

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरुमा माङ्वा-हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङवा तोम्मा गर्दछौं।

किरात साम्यो माङसेवासाबा मुजोत्लुङ पान्जुम्भो माङसेबुङ, इलाम

प्रकाश सावादेन
कोषाध्यक्ष

सञ्चहाङ सङबाङफे
सचिव

बलराम खजुम
अध्यक्ष

# लुङ्मेन्दीङ नोनिङ्वा



*मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरुमा माङ्वा–हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरुहरुमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङवा तोम्मा गर्दछौं।*

## किरात साम्यो हाङसाम मुजोत्लुङ माङहिम
## किरात चोत्लुङ मुहिङगुम अङसीमाङगेन्ना सेवा

जि.प्र.का. इलाम द. नं. २४२/०५४/०५५
स.क.प. आवद्धता नं. २९८४६

**केन्द्रीय समितिको कार्यालय**
**माङसेबुङ-५, इलाम**

| | | | |
|---|---|---|---|
| जीतबहादुर योङहाङ<br>सदस्य | इन्द्रबहादुर थेबे<br>सदस्य | आइत मावोहाङ<br>सदस्य | लक्ष्मीप्रसाद मावो<br>सदस्य |
| कृष्ण ताङजुम<br>सदस्य | नरप्रसाद अन्छङबो<br>सदस्य | हर्कजित लिवाङ<br>सदस्य | धनवीर थलङ<br>सदस्य |
| कालेन्द्र लाओती<br>सदस्य | डँबरबहादुर थेगुवा<br>सदस्य | गिर्वाणहाङ तुम्बापो<br>सदस्य | दुर्गा थेबे<br>सदस्य |
| कुसुम लिङ्देन<br>सदस्य | बिष्णुमाया केरुङ बेघा<br>सदस्य | शुसिला लाओती सेर्मा<br>सदस्य | आनन्द साँवा<br>सदस्य |
| अमरदल मिभक<br>सदस्य | महेश रुङमाङ राई<br>सदस्य | मनबहादुर थाम्सुहाङ<br>सदस्य | मनभक्त देवान<br>सदस्य |
| लेखबहादुर पालुङवा<br>सदस्य | मदन इङनाम<br>सदस्य | महेन्द्र साँबा<br>सदस्य | जितमान तिगेला<br>सदस्य |
| देउबहादुर नेम्बाङ<br>सदस्य | दिल्लीबहादुर लाओती<br>सदस्य | बमप्रसाद लाओती<br>सदस्य | कुलबहादुर नेम्बाङ<br>सदस्य |
| सुजता सङमी थेबे<br>सदस्य | सुमन लाओती<br>सदस्य | पुर्णबहादुर आङबुहाङ<br>सदस्य | विवीहाङ साउदेन<br>सदस्य |
| पञ्च योङहाङ<br>सदस्य | तेजबहादुर लिम्बू<br>सदस्य | हाङसाहाङ वनेम<br>सदस्य | गजहाङ लाओती<br>कार्यालय सहयोगी |



# लुङमेन्दिङ नोनिङ्वा

मुहिङगुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङज्यूको ७२ औं शुभ जन्मोत्सव तथा मुहिङगुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन नुमाङगेन्ना सेवाको पावन अवसरमा वहाँहरूमा माङ्वा-हाङ्वा प्राप्ति, सु स्वास्थ्य एंव दीर्घायूको लागि तागेरा निङ्वाभूमाङ्सँग प्रार्थना गर्दै, सम्पूर्ण महानुभावहरूहरूमा सुख, शान्ति र समृद्धिको लुङमेन्दीङ नोनिङवा तोम्मा गर्दछौं ।

## किरात इङ्भो पान्जुम्भो

**केन्द्रीय समिति, माङसेबुङ इलाम**


केहेरसिं योङहाङ
अध्यक्ष


कमला तुम्बापो
उपाध्यक्ष


सरुहाङमा इधिङगो
उपाध्यक्ष


ज्ञानु केदेम
सचिव


प्रकाश सावादेन
कोषाध्यक्ष


पूर्ण कार्कीढोली
सदस्य


सुरेश फुरुम्बो
सदस्य


गोपाल फियाक
सदस्य


राजेन्द्र खिम्दिङ
सदस्य


नाम फूरुम्बो
सदस्य


चन्द्रा सेन्दाङ
सदस्य


सीमा मुकारुङ
सदस्य


मजदुर साँबा
सदस्य


लोकबहादुर लिङदेन
सदस्य


विष्णुकला लाओती
सदस्य


खडगवीर आङदेम्बे
सदस्य


राजेन्द्र केरुङ
सदस्य


राजेन्द्रविक्रम खजुम
सदस्य


हर्क साम्पाङ
सदस्य


सुखबहादुर दिम्माली
सदस्य


एम.बि. सावादेन
सदस्य

किरात इङभो पान्जुम्भो सम्पर्क समिति केराबारी मोरङ संयोजक : जयकुमार जवेगु, सदस्य सचिव : ज्ञानेन्द्र कुमार राई, अर्थ संयोजक : विष्णु चेम्जोङ, सदस्य : अन्जिता नेम्बाङ